


# युवा रोजगारी

## सिर्जनाका प्रयासहरु

UMN
kerk in actie
Cordaid
प्रगतिशील युवा समाज, सिमखेत, बझाङ २०६० — Simkhet, Bajhang 2060 — PROGRESSIVE YOUTH SOCIETY
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# थलारा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
खोली, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

Website: www.thalaramun.gov.np
E-mail: thalaramun@gmail.com
Contact No: ९८५८४९०२५४,
९८६५६५४६६५


प.सं. २०८०/०८१
च. नं

मिति: २०८०/०१/०५

## शुभकामना

विप्रेषण र आयतबाट धानिएको यस थलारा गाउँपालिकाको स्थानीय अर्थतन्त्रलाई आर्थिक आत्मनिर्भरताको अवसरहरु सिर्जना गर्ने कार्यमा सिर्जना परियोजनाको प्रयासलाई कोशे ढुङ्गाको रुपमा लिएको छ। बेरोजगार युवाहरुलाई उद्यमी बन्न प्राविधिक ज्ञान, उत्प्रेरणा, व्यावसाय सुरुवात सहयोग एवं सहजीकरणबाट युवाहरु गाउँघरमा नै रोजगार बन्न थालेका छन्। स्थानीय रोजगारी सिर्जनामा परियोजनाको कोशिस सकारात्मक र अनुकरणीय मान्न सकिन्छ।

युवाहरु प्रवासिने दरमा कमी ल्याउन, सामाजिक विकृति र पारिवारिक विखण्डन रोक्न युवा उद्यमशिलता र घर घरमा रोजगारी जरुरी छ। दिगो युवा रोजगारी सिर्जनाका लागि गाउँपालिकाले रणनीतिक योजना निमार्ण एवं कार्यान्वयन र कृषिलाई उद्यमशिलतासँग जोड्ने कार्यमा थप जोड दिनु पर्ने देखिएको छ। कृषक उद्यमी क्षमता अभिवृद्धि, प्राविधिक सहजीकरण, बजार व्यावस्थापन, कषि उद्यम सहुलियत कर्जा, समपुरक अनुदान सहुलियत, नमुना कृषक उद्यमी उत्प्रेरणा कार्यक्रम, युवा रोजगारी तथ्यांक व्यावस्थापनले युवाहरुलाई स्थानीय रोजगारीमा लाग्न उत्प्रेरित गर्दछ। यस कार्यका लागि गाउँपालिका मातहतका सम्बन्धित शाखाहरुको प्रभावकारी परिचालन र सम्बन्धित निकायहरुको भूमिका महत्वपूर्ण छ। त्यसैगरी सहयोगी संघसंस्था, नीजि क्षेत्र, वित्तिय संघसंस्था एवं नागरीक समाजसँग निरन्तर सहयोग, सहकार्य जरुरी छ।

उत्पादन, रोजगारी सिर्जना र स्थानीय विकासका लागि मानवीय संसाधन भनेकै युवाहरु हुन्। त्यसैले हरेक युवाले आफ्ना लागि, आफ्ना परिवार र समुदायका लागि समेत रोजगारी सिर्जना गर्न सक्नु, निरन्तरता दिन सक्नु भनेकै स्थानीय अर्थतन्त्रको जग बलियो हुनु हो। अन्त्यमा, यस पुस्तक युवा रोजगारी सिर्जनाका प्रयासहरुमा समेटिएका र समेटिन बाँकी सबै सबै युवा उद्यमीहरुलाई उद्यमशिलता र रोजगारीमा निरन्तरताको शुभकामना दिन चाहन्छु। साथै, सुखी नेपाली, सम्बृद्ध नेपालको नारालाई यथार्थ परिणत गर्न गाउँपालिकासँग हातेमालो गर्न सबै पक्षको हार्दिक अपिल गर्दछु।

१/५/

प्रकाश बहादुर रोकाया
गाउँपालिका अध्यक्ष

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
चैनपुर, बझाङ्ग
२०७७

प.सं. २०८०/८१
च.नं.

# शुभकामना मन्तव्य

**थलारा गाउँपालिकामा कोभिड १९ को महामारीले रोजगारी गुमाई विदेशबाट फर्किएका युवायुवती, वेरोजगार युवाहरु र तिनका परिवारका सदस्यहरुलाई रोजगारमुलक सिप तालिम प्रदान गरी स्थानीय रोजगारी सिर्जना गर्न सिर्जना परियोजनाले महत्वपूर्ण भुमिका निर्वाह गरेको देखिन्छ । परियोजनाले स्थानीय विपन्न समुदायका लक्षित युवाहरुलाई उद्यमशिलता मार्फत् जिविकोपार्जन र आर्थिक आत्मनिर्भर बनाउन सहयोग र सहजीकरण गरिरहेको काम उदाहरणीय रुपमा लिन सकिन्छ ।**

**परियोजनाले उद्यमशिलता तालिम, सीपमूलक तालिम, व्यावसायिक सीप तालिम, व्यावसायिक योजना निमार्णका साथै उद्यम व्यावसाय सुरुवाती सहयोग गरेर बेरोजगार युवाहरुलाई उद्यमी बनाउन गरेको प्रयास प्रसंसनीय छ । यसै क्रममा युवाहरुको प्रयास र सफलताको संगालो युवा रोजगारी सिर्जनाका प्रयासहरु नामको पुस्तक प्रकाशन गर्न लागेको सुन्दा अत्यन्त खुसी लागेको छ ।**

**घरेलु तथा साना उद्योग कार्यालय बझाङ्गको मुख्य उद्देश्य सीप विकास तालिम प्रदान गर्नु, प्राविधिक सहयोग र आवश्याक मेशिन प्रविधि सहयोग मार्फत् लघु, घरेलु तथा साना उद्योगको स्थापना र प्रर्वधनमा सहयोग गर्नु रहेको छ । सिर्जना परियोजनाले कार्यालयसँग सहकार्य र समन्वय गरी उद्यमशिलता विकास, रोजगारी सिर्जना र गरीवि निवारणमा योगदान गर्दै आएको छ । यसरी हेर्दा परियोजनाले उद्देश्य कार्यालयको नीति तथा योजनामा टेवा पुर्याईरहेको देख्न सकिन्छ । यसर्थ कार्यालय र परियोजनाबीच आगामी दिनमा अझै प्रभावकारी समन्वय, सहकार्य, साझेदारी, र सहयोगका आधारमा उद्यमशिलता प्रर्वधन र विकासमा थुप्रै काम गर्न सकिने महशुस गरिएको छ ।**

**अन्त्यमा, यो पुस्तकमा समावेश सफल युवा उद्यमीका कथाहरु थलारा गाउँपालिका एवं सम्पुर्ण बझाङ्गवासीका लागि प्रेरणाको स्रोत बन्ने निश्चित छ र उद्यम व्यवसायमा लाग्नेहरुको लागि यसले प्रोत्साहन गर्ने छ भन्ने कुरामा दुईमत छैन । अतः जिल्लाका अन्य स्थानीय तहहरुले समेत अनुशरण गर्न लायक उद्यमशिलताका नमुना कामहरु यस थलारा गाउँपालिकाले परियोजना मार्फत् प्रस्तुत गर्न सकोस् हार्दिक शुभकामना प्रकट गर्दछु । सम्पूर्ण उद्यमीहरुको जय होस् ।**

खडक बहादुर बोहरा
उद्योग अधिकृत

खडक बहादुर बोहरा
कार्यालय प्रमुख

प्रदेश सरकार
सुदुरपश्चिम प्रदेश
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
चैनपुर, बझाङ्ग

☎ ०९२-४२१०४५, ०९२-४२१३८०
akcbajhang@gmail.com

पत्र संख्या :- २०८०।८१
चलानी नं. :-

**मिति: २०८०/०५/२६**

# शुभकामना

बझाङ्ग जिल्लामा विभिन्न गैर सरकारी संघ संस्थाहरु विकास साझेदारका रुपमा क्रियाशिल छन् । जसमध्ये कृषिमा आधारित उद्यमशिलता, जलवायु अनुकुलन, जिविकोपार्जन आदि परियोजना कार्यक्रमहरुसंग आबद्ध भएको संस्था यूनाइटेड मिसन टु नेपालको स्थानीय साझेदार संस्था प्रगतिशिल यूवा समाज पनि हो । यस संस्थाले जिल्लाको थलारा गाउँपालिकामा सिर्जना परियोजना मार्फत् जिविकोपार्जन तथा खाद्य सुरक्षाको क्षेत्रमा गरेका कार्यको उच्च प्रशंसा गर्दछु ।

खासगरी कोभिड १९ पछि नेपाली ग्रामिण क्षेत्रको अर्थतन्त्र सिथिल अवस्थामा रहेको सर्वबिदितै छ । पछिल्ला दिनमा यस प्रगतिशिल यूवा समाज बझाङ्गले जिल्लामा रहेका सरकारी निकायसंग समन्वय र सहकार्य गर्दै ग्रामिण जनताको अर्थतन्त्र उकास्न कृषि तथा पशुतर्फका कृयाकलापका माध्यमबाट सक्दो प्रयास गर्दै आएको सर्वत्र महसुस भएको छ । आगामी दिनमा यस संस्थासंग अर्थपूर्ण सहकार्य मार्फत् जिल्लाको जिविकोपार्जन खाद्य सुरक्षा तथा आर्थिक समृद्धिमा थप उदाहरणीय प्रयास गरिनेमा म विश्वस्त छु । अन्तमा यस संस्थाले प्रकाशन गर्न लागेको युवा रोजगारी सिर्जनाका प्रयासहरु नामक सफलताको कथा संगालोमा समेटिएका युवा कृषक उद्यमीहरुलाई कृषि उद्यमशिलतामा निरन्तर लाग्न उत्प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

टेक बहादुर बिष्ट
प्रमुख
कृषि ज्ञान केन्द्र, बझाङ्ग

# बझाङ्ग उद्योग वाणिज्य संघ
## चैनपुर, बझाङ्ग

फोन नम्वर : ०९२-४२११७४
email :- nimthapa.bdr@gmail.com
bccibajhang@gmail.com


पत्र संख्या :-२०८०/०८१
चलानी नं. :-

# शुभकामना

बझाङ्ग जिल्ला थलारा गाउँपालिकामा यु.एम.एन. र प्रगतिशील यूवा समाजद्वारा संचालित सिर्जना परियोजनाले सफल उद्यमीहरुका कथा दस्तावेजीकरण पुस्तक प्रकाशन गर्न लागेकोमा म अत्यन्तै खुसी भएको छु। प्रबासबाट फर्किएका युवाहरुको पहिचान गरि स्थानीय रोजगारी तथा जिविकोपार्जनको अवसर सृजना गर्ने कार्य आजको मुख्य आवश्याक्ता नै हो। यो परियोजनाले युवा उद्यम व्यावसाय श्रृजनामा गरेको योगदानप्रति बझाङ्ग उद्योग वाणिज्य संघको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु।

स्थानीय उत्पादनहरुको प्रचारप्रसार, विक्री व्यावस्थापनमा सहयोगदेखि विभिन्न व्यावसायीक सिप तालिम उपलब्ध गराई रोजगारी सिर्जनामा परियोजनाको प्रयास सह्राहनीय देखिन्छ। स्थानीयलाई जिविकोपार्जनको अवसर चिनाउन र युवा वेरोजगारी न्यूनिकरण गर्न परियोजनाले थलारा गाउँपालिकामा देखाएको बाटो अन्य पालिकाहरुले समेत अनुशरण गर्न आवश्यक छ। सफल उद्यमी व्यावसायी बन्न सहयोग र सहजीकरण गरी रोजगारी सिर्जना, उत्पादन वृद्धि, आर्थिक आत्मनिर्भरतातर्फ जोडदिन सम्वन्धित सम्पुर्ण निकायहरुलाई विनम्र अनुरोध समेत गर्दछु।

दान बहादुर सुर्मेली
अध्यक्ष

नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)

च.न.

बझाङ शाखा

प.स. २०६४

मिती :२०८०/०५/६

# शुभकामना

समाजको भौतिक बिकास मात्र नभई समाजमा सामाजिक रुपान्तरण सहितको दिगो बिकासका लागी गैरसरकारी संस्थाहरुले खेलेको भुमिका महत्वपुर्ण छ । सहश्राब्दी बिकास लक्ष्य र दिगो बिकास लक्ष्यका सुचकहरुलाई समेत परिपुर्ती गरि समुन्नत समाज निर्माण गर्नका लागि गैरसरकारी क्षेत्रको प्रयास समेत नमुना योग्य हुँदै आएको छ । हाम्रो जस्तो बिकोसन्मुख राष्ट्र मात्र नभई मानव सुचकको हिसावले समेत पछाडी रहेका दुर्गम जिल्लाहरुमा समेत सामाजिक रुपान्तरणका लागि गैरसरकारी संस्थाहरुको भुमिका प्रसंशनीय छ ।

लामो समयदेखि बझाङ जिल्लामा क्रियाशिल रहेको प्रगतीशिल युवा समाजले युएमएन, वर्ल्ड भिजन लगायतका बिकास साझेदारहरुसंगको सहकार्यमा बझाङ जिल्लामा बिभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । साथै, समाजमा सकारात्मक परिर्वतन र रुपान्तरणका लागि समुदायमा सञ्चालित शिक्षा, स्वास्थ्य, विपद व्यावस्थापन, जिविकोपार्जन, रोजगारी सिर्जना आदि कार्यक्रमहरुको दिगोपनमा समेत ध्यान दिनु उत्तिकै जरुरी देखेको छु ।

संस्थाले कार्यान्वियन गरेको सिर्जना परियोजना मार्फत् प्राप्त उपलब्धीहरु सहितको सफलताका कथाहरुको संगालो युवा रोजागारी सिर्जनाका प्रयासहरुमा युवा उद्यमीका सफलताका कथाहरु समाबेस गरि प्रकाशन गर्ने जमर्को गरेकोमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु । साथै, यस संगालोले जिल्लाका अन्य युवा उद्यमीहरुलाई समेत प्रेरणा मिल्ने छ र गरे के हुदैन ? भन्ने भावनाको बिकास भई युवाहरुलाई थप स्वरोजगार उन्मुख हुने प्रेरणा मिल्नेछ भन्ने विश्वासकासाथ शुभकामना ज्ञापन गर्दछु ।

अध्यक्ष

शैलेन्द्र रोकाया

**UNITED MISSION to NEPAL**
BAJHANG CLUSTER

Jaya Prithivi Municipality–10, Chainpur
PO Box 126, Kathmandu, Nepal
+977 92 421003
bajhang@umn.org.np
www.umn.org.np
fb/UMNnepal

# शुभकामना

सिर्जना परियोजना कोभिडको भयावह महामारीमा प्रवासमा रोजगारी गुमाएर घर फर्किएका युवाहरु र तिनका परिवार सदस्यहरुलाई स्थानीय रोजगारी श्रृजनामा सहयोग पुर्‍याउने उद्धेश्यले सञ्चालनमा आएको हो। वि.सं.२०७७ आश्विनदेखि २०८० आश्विन तीन वर्षको अवधीमा परियोजनाको सहयोगमा ३६६ जना युवा उद्यमीहरुले कृषि, गैर कृषि, पर्यटन प्रर्वधन, प्रशोधन, बजारीकरण, सेवामुलक उद्यमहरु सुरु, सञ्चालन र स्तर उन्नति गरेका छन्। यस अवधीमा जम्मा ३८०० जना लक्षित युवाहरु परियोजनाका विभिन्न क्रियाकलापहरुबाट लाभान्वित भएका छन्।

उच्च बजार माग र खपतको आधारमा कुखुरापालन, बाख्रापालन, मौरीपालन, तरकारीखेती आदिले व्यावसायिक रुप लिएको छ। चाउमिन उद्योग, फ्रेसहाउस, सिलाई व्यावसाय, व्यावसायिक आलुखेती आदिले राम्रो रोजगारी श्रृजना गरिरहेको अवस्था छ। स्थानीय सरकार, घरेलु तथा साना उद्योग कार्यालयसँगको बजेट सहकार्यमा थलारामा तेल प्रशोधन मिल, बेसार तथा सिस्नु पाउडर मेशिन, कृषिउपज बिक्री कक्ष, सामुदायिक होमस्टे व्यावसाय, अल्लो रेशा प्रशोधन र कपडा बुनाईको सुरुवात भएको छ। दिगोरुपमा सञ्चालनमा आएको खण्डमा यी उद्यमहरुले ठूलो संख्यामा स्थानीय रोजगारी श्रृजना गर्ने र आर्थिक समृद्धिमा टेवा पुर्‍याउने निश्चित छ।

परियोजनाले जम्मा ९१ जना युवाहरुलाई ३ देखि ६ महिने व्यावसायिक सीप विकास तालिम मार्फत् सीपयुक्त दक्ष र रोजगारमुलक जनशक्ति तयार गर्न मदत पुर्‍याएको छ। स्थानीय कोटभैरव कृषि सहकारी संस्थाले परियोजना र गाउँपालिकाको आर्थिक अनुदानमा युवा उद्यमी 'घुम्तिकोष' सञ्चालनमा ल्याएको छ। कोषबाट व्यावसायिक कर्जा प्राप्त गरी १२ जना युवा उद्यमीहरुले व्यावसाय र रोजगारी विस्तार गरेका छन्।

यिनै उपलब्धीहरुलाई समेटेर परियोजनाले युवा रोजगारी श्रृजनाका प्रयासहरु नामक युवा उद्यमी सफलताको कथा संगालो निकाल्ने जमर्को गरेको छ। यी प्रतिनिधीमुलक कथाहरुले अरु थुप्रै युवाहरुलाई स्थानीय स्तरमा नै रोजगारी श्रृजना गर्ने प्रेरणा मिल्नेछ भन्ने विश्वास गरिएको छ। अतः यो पुस्तकको प्रकाशनको सफलता साथै पुस्तकमा समेटिएका प्रतिनिधीमुलक युवा उद्यमशिलता दिगोपनको सफलताका लागि शुभकामना व्यक्त गर्दछु।

मोहन चन्द्र भण्डारी
क्लष्टर टीम लीडर

*Fullness of life for all, in a transformed Nepali society*

Cordaid BUILDING FLOURISHING COMMUNITIES

स्टिक्टीङ्ग कोर्डेड,
देशीय कार्यालय,
चाकुपाट ललितपुर, नेपाल

# शुभकामना

कोरोना भाइरस रोग (कोभिड-१९) महामारीको समयमा आफ्नो आय स्रोत गुमाएका र आर्थिक सङ्कटको सामना गरिरहेका आप्रवासी युवाहरूलाई लक्षित गरी स्थानीय सरकारको समन्वयमा नेपालमै जीविकोपार्जन र रोजगारीका अवसरहरू सृजना गरी प्रवासबाट फर्किएका युवाहरूको सामाजिक–आर्थिक कल्याणका लागि अवसरहरू सृजना गर्ने उद्देश्यले सृजना परियोजना, किया (KiA) को आर्थिक सहयोगमा कोर्डेड नेपाल र यु एम एनको साझेदारीमा प्रगतिशीलयूवा समाज मार्फत बझाङ जिल्लाको थलरा, कोर्डेड नेपाल र आई एन एफ नेपालको साझेदारीमा जुम्ला जिल्लाको कनकासुन्दरी गाउँपालिकामा सञ्चालित गरिएको छ ।

मिति वि.सं. २०७७ आश्विन देखि सञ्चालित यस तीन वर्षे परियोजनाको सहयोगमा उद्धमीहरूले स्थानीयको बजार माग अनुसार विभिन्न प्रकारको उद्यमशीलता र रोजगारी मूलक तालिम तथा प्रविधिहरूको ज्ञान सिप र अनुभवहरू लिएर परिवार र समाजको सामाजिक तथा आर्थिक विकासमा टेवा पुग्ने किसिमले अगाडि बढिरहेका युवाहरू र व्यवसायहरूलाई हौसला प्रदान गर्दै, सफलता र सिकाइहरूलाई दस्ताबेज गरिरहेको यो कार्यले पक्कै पनि स्थानीय समुदाय, व्यवसाय गर्न खोज्ने युवाहरू, स्थानीय सरकार, सरोकारवाला निकायहरूका लागि पनि प्रेरणा र सन्दर्भ सामाग्रीको रूपमा काम गर्ने छ भन्ने विश्वास लिएका छौँ ।

यस दस्तावेजलाई प्रभावकारी बनाउन सृजना परियोजनाको सहयोग बाट प्राप्त उपलब्धिहरूलाई समेटेर परियोजनाले युवा रोजगारी सृजनाका प्रयासहरू नामक वृत्तचित्र पुस्तकको विमोचन गर्दैछ। यो पुस्तक पक्कै पनि स्थानीय स्तरमा प्रेरणाको रूपमा स्थापित हुन्छ भन्ने विश्वास गरेका छौँ। यी प्रतिनिधिमूलक कथाहरूले अरू थुप्रै युवाहरूलाई स्थानीय स्तरमा नै रोजगारी सृजना गर्ने प्रेरणा मिल्नेछ भन्ने विश्वास लिँदै यो वृत्तचित्र पुस्तकको प्रकाशनको सफलताका साथै पुस्तकमा समेटिएका प्रतिनिधिमूलक युवा उद्यमीहरूको व्यावसायिक सफलताको लागि शुभकामना व्यक्त गर्दछौँ ।

Cordaid

**विद्यानाथ भुर्तेल**
स्टिक्टीङ्ग कोर्डेड
देशिय प्रतिनिधि, नेपाल

# सम्पादकीय

प्रगतिशील युवा समाज, बझाङले वि.सं.२०७१ सालदेखि निरन्तर रुपमा यू.एम.एन. सँगको साझेदारीमा जिल्लाका विभिन्न स्थानीय तहहरुमा विभिन्न परियोजनाहरु कार्यान्वयन गर्दै आइरहेको छ । जसमध्ये सामुदायिक स्वास्थ्य (थलारा, गाउँपालिका), अपाङ्गता भएका बालबालिकाहरुको एकिकृत व्यवस्थापन (खप्तडछान्ना र छब्बिसपाथिभेरा), मातृशिशु स्वास्थ्य (शुर्मा र मष्टा), मानसिक स्वास्थ्य (थलारा, खप्तडछान्ना र छब्बिसपाथिभेरा), किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य (थलारा, छब्बिसपाथिभेरा, केदारस्यू र मष्टा), समुदायमा आधारित पुर्नस्थापना (बझाङ जिल्लाभरी), क्रियाकलापमा आधारित सिकाइ (थलारा), सिर्जना परियोजना (थलारा) र विपद् व्यावस्थापन परियोजना (थलारा) मुख्य परियोजनाहरु र कार्यान्वयन भएका स्थानीय तहहरु हुन् ।

कोभिड १९ को महामारीमा बझाङ जिल्लाको थलारा गाउँपालिकाका यूवाहरु ठूलो संख्यामा खासगरी भारतबाट रोजगारी गुमाएर गाउँ फर्किए । युवाहरुका लागि रोजगारीको उपाय खोज्नु स्थानीय सरकारको दायित्व रहेको बोध सिर्जना भयो भने स्थानीय सरकारलाई सहयोग र सहजीकरण गर्नु नागरीक समाजको दायित्व बन्यो । यसै सन्दर्भमा यू.एम.एन. सँगको साझेदारीमा सिर्जना परियोजना कार्यान्वयन गरियो ।

परियोजना कार्यान्वयनको तेश्रो वर्षमा आइपुग्दा प्रवासबाट फर्किएका युवा तथा तिनका परिवार सदस्यहरु जम्मा १६५६ जनाभन्दा बढीले परियोजनाबाट उद्यमशीलता र जीविकोपार्जन सम्बन्धी सहयोग र सहजीकरण सेवा प्राप्त गरेका छन् । जसमध्ये ३६६ जना युवा तथा तिनका परिवार सदस्यहरुले लघु स्तरका उद्यम, व्यावसाय सिर्जना तथा स्तर उन्नति गर्न सफल भएका छन् । यसै सन्दर्भमा स्थानीय रोजगारी सिर्जनामा युवाहरुको प्रयासलाई समेटेर युवा रोजगारी सिर्जनाका प्रयासहरु नामक सफलताको कथा पुस्तक प्रकाशन गर्ने प्रयास गरिएको छ । आशा छ यस पुस्तकमा समेटिएका कथाहरुले अन्य थुप्रै युवाहरुलाई स्वदेशमा नै बसेर आफु र अरुका निम्ति समेत रोजगारी सिर्जनामा लाग्न प्रेरणा मिल्ने छ ।

यस पुस्तकमा परियोजनाको सहयोग र सहजीकरणमा प्रवासबाट फर्किएका युवाहरुले रोजगारी सिर्जनामा गरेका सुरुवाती स-साना प्रयासहरुलाई पनि अभिलेखिकरण गर्ने प्रयास गरिएको छ । पुस्तक प्रकाशन सफलताको शुभकामना सन्देशका लागि परियोजनाका दातृ निकायहरु KiA, कोर्डेड र यू.एम.एन.प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी युवा रोजगारी सिर्जनामा बजेट सहकार्य, अनुगमन मुल्याङ्कन सहयोग एवं पुस्तक प्रकाशन सफलताको शुभकामना सन्देशका लागि स्थानीय सरकार थलारा गाउँपालिकाप्रति आभार व्यक्त गर्दछु । युवा तथा महिला उद्यमी, व्यावसायी सिर्जना र प्रवर्द्धनमा परियोजनासँग सहकार्य गर्ने तथा प्रत्यक्ष सरोकार राख्ने संस्थाहरु-घरेलु तथा साना उद्योग कार्यालय, कृषि ज्ञान केन्द्र, उद्योग तथा वाणिज्य संघ र पत्रकार महासंघ बझाङ प्रति आभारी छु ।

पुस्तक प्रकाशनका लागि मार्ग दर्शन र सहजीकरण गर्नु हुने यू.एम.एन. बझाङ क्लष्टरका परियोजना व्यवस्थापक इन्दिरा राईको महत्वपूर्ण योगदानका लागि आभार प्रकट गर्दछु । पुस्तकमा समेटिएका सफल उद्यमीहरु तयार गर्न अहोरात्र खटिनु भएका एवं कथा, विषय वस्तु सङ्कलन र लेखनमा जुट्नु भएका सिर्जना परियोजना फिल्ड टीमको अमूल्य योगदानको कदर गर्दछु । यस पुस्तकलाई मस्यौदा डिजाइनमा सहयोग गर्ने भाइ पुण्य प्रसाद उपाध्याय र अन्तिम डिजाइनका लागि योगदान गर्नु हुने यू.एम.एन. सञ्चार विभाग, थापाथलीलाई हार्दिक धन्यवाद व्यक्त गदर्छु । भाषा तथा व्याकरण शुद्धाशुद्धी हेरिदिनु हुने राजधानी दैनिकका पत्रकार दिपक ओली र शिक्षक रायभान ओली प्रति आभारी छु । साथै पुस्तक प्रकाशनको क्रममा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्णप्रति आभार प्रकट गर्दछु ।

यो पुस्तकमा समेटिएका कथाका सफल उद्यमी युवाहरुको निरन्तर प्रगतिको कामना गर्दछु। पुस्तकका कथाहरु अद्योपान्त अध्ययन गरी प्रतिक्रिया दिनु हुनेछ भन्ने पाठक वर्गमा अनुरोध गर्दछु। तपाईंहरुको प्रतिक्रिया र सुझाव सल्लाहले प्रगतिशील युवा समाजलाई भविष्यमा युवा रोजगारी सिर्जना र समाज र देशको समृद्धिमा निरन्तर योगदान गर्न अझ थप हौसला मिल्ने छ भन्ने समेत विश्वास गर्दछु।

रमेश के.सी.
अध्यक्ष
प्रगतिशील युवा समाज,
चैनपुर, बझाङ

# विषय सूचि


अरुका लागि पनि रोजगारी सिर्जनाको आधार बन्दै अमर गिरी ..... १
खेतबारीमा रुपैयाँ फलाउँदै ..... ३
पाखोमा आलू, हातमा पैसा ..... ४
स्वरोजगारीका अवसर सिर्जना गर्दै ..... ५
मेहनत र लगनशीलताको फल ..... ६
पालिकाबाट नमूना उद्यमीको प्रमाणपत्र पाउँदाको खुसी ..... ७
मौसमी तरकारी खेती विस्तार गर्दै ..... ८
विदेशको चौकीदारीभन्दा आफैं उद्यमी बन्नु निको ..... ९
घोर गरीबीपछि व्यावसायिक पशुपालनमा ..... १०
सफल बाख्रापालक किसान ..... ११
व्यावसायिक तरकारी खेतीमा व्यस्त ..... १२
आत्मनिर्भर बन्ने चाहनाले तरकारी खेतीमा ..... १३
बाख्रापालनबाट मनग्य आम्दानी ..... १४
गाउँमै मेहनत गरे स्वरोजगार बन्न सकिन्छ ..... १५
सामूहिक कामबाट व्यावसायिकता बृद्धि हुन्छ ..... १६
उद्यमी बनेपछि दुःखपीडा पनि कम हुँदो रहेछ ..... १७
तरकारी खेती बन्यो, गुजाराको सहारा ..... १८
अरुको घर झलमल्ल हुँदाको खुसी ..... १९
परम्परागत पेसालाई आधुनिक बनाउँदै ..... २०
रोजेको काममा रमाउँदै ..... २१
आफू रोजगार बनेर अरुका लागि पनि रोजगारी सिर्जना ..... २२
विदेशको श्रमकैदी जीन्दगीबाट छुटकारा पाएर गाउँमै उद्यमी बन्दै ..... २३
व्यावसायिक तरकारीखेतीले मनका पीडा भुल्दै ..... २४
कृषिलाई उद्यमशीलतासँग जोड्दै, बजारीकरणमा पाइला चाल्दै ..... २५
बाँकी जीवन गाउँमै उद्यमी बन्दै ..... २७
स्वतन्त्र पेशा नै आर्थिकको आधार हो ..... २८
भारतको मजदुरी त्यागेर व्यावसायिक बाख्रापालनबाट राम्रो कमाइ ..... २९
बाँदर नलाग्ने नगदेवाली अदुवा बेसार खेती ..... ३०
चौपाया खरीद बिक्री र मासु व्यापारमा स्थापित ..... ३१
गाउँठाउँ अनुसारको व्यावसाय रोज्दै, मौरीपालनमा खुशी हुँदै ..... ३२
गाउँको आवश्यक्ता पूरा गर्दै, रोजगार बन्दै ..... ३३
प्रवासको दशवर्ष भन्दा आफ्नै उद्यमको एक वर्षे अनुभव मीठो ..... ३४
उद्यमलाई अझै राम्रो गर्न सक्छु भन्ने आँट पलाएको छ ..... ३५
अल्लो उद्यमले परिवारको सहायक पेशाको रुप लिदै ..... ३६
मैले पैसा कमाएँ, र विश्वास पनि कमाएँ ..... ३७
कपडा बुन्ने काममा निरन्तर लागिरहने सपना ..... ३८

मेहनत र संघर्ष नै सफलताको मूल ढोका........................................................................................३९
सिलाइ व्यावसाय सुरु गरेपछि आत्मनिर्भर बन्दै ........................................................................४२
गाउँमै रोजगार बन्न सक्नु नै परिवार सुख.....................................................................................४३
अनुभव भारतमा बाख्रापालन गाउँमा ............................................................................................४४
मैले मौरीलाई बास दिएँ, मौरीले मेरा लागि गाँस दिएको छ.....................................................................४५
गाउँमै निन्तर रोजगारी...........................................................................................................४६
बुवाको पेशामा स्थापित हुँदै ......................................................................................................४७
हिजोका ज्यालादारी आजका उद्योग मालिक.................................................................................४८
एउटा व्यावसाय टिकाउन अर्को व्यावसाय ....................................................................................४९
पारदर्शिता, जवाफदेहिता र सहकार्य सिकाइ अनुभव.........................................................................५०
दिगो युवा रोजगारी सिर्जना र आगामी मार्गचित्र..............................................................................५२
प्रगतिशील युवा समाज..............................................................................................................५४
परम्परागत पेशा जोगाउने आधार बन्दै निगालो खेती.........................................................................६२
युवा बेरोजगारी र विछोडको आँशु .................................................................................................६४

# अरुका लागि पनि रोजगारी सिर्जनाको आधार बन्दै अमर गिरी

वर्ष २५ का अमर गिरी थलारा गाउँपालिका वडा नं.१ रेगमका युवा उद्यमी हुन् । विश्व महामारी कोरोनाका कारण उनी भारतको कर्नाटकमा लिफ्ट अपरेटरको रोजगारी गुमाएर नेपाल फर्किएका हुन् । नेपाल फर्किएपछि अमरले प्रहरी सेवामा जागिरका लागि प्रयास गरे तर असफल भए । घरपरिवारसँग भएको १२ नाली (करीव ३ रोपनी) जमीनको उब्जाउले पाँचजनाको जहानलाई करीव चार महिना खान पुग्थ्यो । घर बनाएको ऋणको भारी र किस्ता व्याजको तनावले उनी छटपटाई रहेका थिए । उनको घरपरिवारले कुखुरा पाल्ने गरेका थिए । त्यसैलाई व्यावसायिक रुप दिन पाए हुन्थ्यो भन्ने पनि लाग्थ्यो तर लगानी गर्ने पैसा थिएन ।

यसै क्रममा प्रवासबाट फर्किएका युवाहरुलाई स्थानीय स्तरमा उद्यम व्यावसाय गरी रोजगार बन्न सहयोग गर्ने उद्धेश्यले सिर्जना परियोजनाको कार्यक्रम सुरु भयो । उनी पनि परियोजनाले गठन गरेको समूहमा आवद्ध भए । समूह मार्फत् तीन दिने व्यावसायिक कुखुरापालन तालिम प्राप्त गरे । तालिमपछि उनले व्यावसाय सुरुवातका लागि गिरीराज र न्यूहिमसायर जातका जम्मा ४७ वटा १२ हप्ताका गिरीराज र न्युहिमसायर जातका कुखुरा चल्ला सहयोग प्राप्त गरे । त्यसबाट उनले ३५ हजार रुपैंया कमाइ गरे र ३२० वटा चल्ला किनेर कुखुरापालन व्यावसाय बढाए । परियोजनाले उनलाई व्यावसायिक योजना निर्माणमा सहजीकरण गर्‍यो र व्यावसायिक कर्जा सुविधा एवं प्रक्रियाबारे वित्तीय साक्षरता कक्षामा सहभागी गरायो । उनले लघुवित्त संस्थाबाट व्यावसायिक कर्जा लिए र कुखुरापालनको खोर विस्तार गरे । उनी अहिले वर्षको औसत ५ पटक गरी सालाखाला १२ सय कुखुरा विक्री गर्छन् जसबाट उनले औसत दुई लाख कमाइ गर्छन् ।

कुखुराको बजार व्यावस्थापन र रोजगारी वृद्धिका लागि परियोजनाले स्थानीय विभिन्न छ वटा साना बजार चोकमा मासु काटेर विक्री गर्ने फ्रेसहाउस पसल सुरु गर्न सहयोग पुर्‍यायो । जस अन्तरगत अमरले पनि फ्रिज, ढक तराजु, ग्याँस सिलिण्डर, हिटिङ टर्च र सीसा-सोकेस आदि आवश्यक सामाग्री प्राप्त गरे । फ्रेस हाउसबाट अमरले दैनिक औसत दुई हजार रुपैंया अर्थात् मासिक औषत ६० हजार रुपैंयाको मासु बिक्री गर्छन् । चाडपर्वका अवसरमा भने कहिले एकै दिनमा एक खसी, एक बंगुर र करीव सय के.जी. कुखुराको मासु विक्री गर्छन् । कुखुरापालन र फ्रेस हाउसको वार्षिक कारोवार सालाखाला १० लाख रुपैंया नाघ्ने गरेको छ । उनी भन्छन् 'म आफ्नो व्यावसायबाट खुसी छु । घर बनाएको ऋण तिरिसकेँ । बालबच्चाको पढाइ खर्च र घरपरिवार राम्रो चलेको छ ।'



पछिल्लो समय परियोजनाको परामर्श र सहयोगबाट उनले चल्ला तथा दाना बिक्री वितरण गर्ने कृषि तथा पशुपंक्षी फर्म सुरु गरेका छन् । परियोजनाको थोरै मात्र सहयोगमा उनले करीव पाँच हजार चल्ला भण्डारण

क्षमताको खोर निर्माण गरेका छन् । परियोजनाले कुखुरापालन गर्ने कृषक उद्यमीहरुलाई प्रति चल्ला २५ रुपैँया अनुदान दिएर उनको फर्मसँग समन्वय गराइ दिएको छ । अमरले फर्म सुरु गरेको एक महिनामा १२ जना कृषकलाई २४ सय चल्ला विक्री गरेका छन् । अर्को एक महिनाभित्रमा २३ जना कृषकहरुबाट करीव तीन हजार चल्ला र दानाको माग भएको छ

उनी फोनबाट चल्लाको माग संकलन गर्छन् र धनगढी, महेन्द्रनगर स्थित ह्याचरीबाट चल्ला ढुवानी गराउँछन् । समुदायमा 'परियोजनाबाट चल्ला र दाना पाए कुखुरा पाल्ने थिएँ' भन्ने परनिर्भरता हटेको छ । कुखुरापालनमा लागेका युवा कृषक उद्यमीहरुमा पनि उत्साह जागेको छ । एकैजना युवा कृषकबाट छ सय चल्ला र दानाको माग समेत प्राप्त गरेका छन् । हिजोका दिनमा जागिर खोज्दै हिड्ने अमर आज व्यावसायिक कुखुरापालन, फ्रेस हाउस पसल सञ्चालन र चल्ला तथा दाना विक्रेता फर्मको मालिक भएका छन् । आफू रोजगार बनेर अरुका लागि पनि रोजगारी सिर्जनाको आधार बनेका छन् । मेहनत गर्न सके युवाहरु आफ्नै घरगाउँमा रोजगार बन्न सक्छन् भन्ने उदाहरण बनेका अमर भन्छन् 'सिर्जना परियोजनाको सहयोग, परामर्श र सहजीकरणका लागि हृदयदेखि धन्यवाद दिन चाहन्छु ।'

*(उद्यमी अमर गिरीसंग परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*

# खेतबारीमा रुपैयाँ फलाउँदै

अमिता देवी बिष्ट (वर्ष ३२) बझाङ, थलारा गाउँपालिका-४ मोयल गाउँकी कृषक उद्यमी हुन् । उनी तीन वर्षदेखि व्यवसायिक रुपमा तरकारी खेतीमा संलग्न रहेकी छिन् । तरकारी खेती नै अहिले उनी र उनको परिवारको लालनपालनको भरपर्दो आधार बनेको छ ।


२०७६ साल अघिसम्म उनका श्रीमान् भारतमा रोजगारी गर्दथे । रोजगारीबाट कमाएर पठाएको थोरै रकमबाट उनले परिवारको गुजारा चलाउँथिन् । २०७६ सालको अन्त्यतिर भारतसहित विश्वभरी कोरोना महामारी फैलियो । अमिता देवीका श्रीमान्को काम खोसियो । उनी नेपाल फर्किए ।

उनको जीवन गरीबीमा गुज्रियो । सम्पत्तिको नाममा सानो घर छ । करीव चार नाली (लगभग एक रोपनी) खेतबारी छ । त्यही खेतबारीको उब्जनीले दुईछाक टार्न कहिल्यै सम्भव भएन । मुस्किलले तीन महिनाका लागि मात्रै धान्छ । त्यसै माथि अमिता देवीका श्रीमान्को टाउकोमा चोट लाग्यो । श्रीमान् अशक्त भएपछि ज्याला मजदुरी गर्न पनि समस्या थपियो । स्वास्थ्यमा सुधार भएपछि उनका श्रीमान् मजदुरीका लागि धनगढीतर्फ हान्निए ।

सधैं दुई छाकको जोहोका लागि चिन्ताले पिरोलिँदै आएकी अमिता देवीका लागि सिर्जना परियोजना बरदानका रुपमा आइपुग्यो । परियोजनाले गाउँमा विपन्न वर्गका किसानलाई समेटेर समूह गठन गऱ्यो । उनी पनि सो समूहमा आवद्ध भइन् । अब उनको व्यवसायिक तरकारी खेतीको यात्रा प्रारम्भ भयो ।

सिर्जना परियोजनाले किसान समूहका सदस्यहरूका लागि तरकारी खेतीसम्बन्धी तालिम सुरु गऱ्यो । उनी तालिममा सहभागी भइन् । तालिमसँगै उनले पनि परियोजनाबाट काउली, बन्दागोभी, प्याज, मुला, धनिया लगायतका तरकारीको बीऊ सहयोग पाइन् । कृषि तालिम, परामर्शसँगै निःशुल्क तरकारीको बीऊ पाएपछि अमिता उत्साहित भइन् ।

व्यवसायिक रुपमा तरकारी खेतीमा लागेपछि उनले गत सिजनमा २० हजार रुपैयाँ बढी आम्दानी गरेको बताइन् । तरकारी बिक्रीबाट भएको आम्दानीले नै उनले छोराछोरीको पढाइ तथा घरखर्च चलाइरहेकी छिन् ।



उनी दैनिक जसो तरकारी बिक्रीका लागि नजिकको बजार पुग्छिन् । अमिताले कृषक समूह, सहकारी संस्था र लघुवीत्त संस्थामा गरी मासिक एक हजार पाँच सय रुपैयाँ बचत गर्ने गरेकी छिन् ।

उनी तरकारी खेतीलाई विस्तार गर्ने सोंचमा छिन् । भन्छिन् - 'अहिले मलाई कसैले काम दिन्छ कि भनेर चिन्ता गर्नु परेको छैन । आफै रोजगार भएकी छु । सन्तुष्ट छु । आफ्नै खेतबारीमा रुपैयाँ फलाइरहेकी छु । मलाई यो काममा सहयोग र हौसला दिने सिर्जना परियोजनालाई धन्यवाद ।'

*(युवा कृषक अमिता देवी बिष्टसंग परियोजना कर्मचारी तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*

# पाखोमा आलू, हातमा पैसा

बझाङ जिल्लाको थलारा गाउँपालिका-३ जामबाझ गाउँकी २१ वर्षीया बसन्ती कुमारी सार्की १२ कक्षा उत्तीर्ण छिन् । गाउँमा रोजगारीको अवसर नदेखेपछि उनी केही वर्षअघि आमाबुवासँगै भारतको बैंगलोर पुगिन् । उनका बुवा चौकीदारी काम गर्दथे । बसन्ती पनि एउटा होटलमा काम गर्न थालिन् । दैनिक १२ घण्टा काम गर्थिन् । बसन्तीले मासिक १० हजार भारु (१६ हजार रुपैयाँ) कमाउँथिन् । बसन्तीले लगभग चार वर्षसम्म बैंगलोरको एउटा होटलमा काम गरिन् ।

उनको परिवारसँग करीब ८ नाली अर्थात् करीब दुई रोपनी मात्रै पाखोबारी छ । सो खेतबारीको उत्पादनले तीनचार महिना पनि खान पुग्दैन । उनका चार जना भाइ र बहिनी छन् । सात जनाको परिवारको लालनपालन र पढाइ खर्चको जोहो गर्न बैंगलोरको रोजगारी उनका लागि बाध्यकारी थियो ।

चार वर्षदेखि बसन्ती होटलको काममा व्यस्त थिइन् । घरपरिवारको लालनपालनमा बसन्तीको कमाइले पनि सघाउ पुगिरहेको थियो । तर, भारतसहित विश्वभरी कोरोना महामारी तीव्र गतिमा फैलियो । बसन्ती र उनका बुवाको रोजगारी गुम्यो । बुवाछोरी घर फर्किए । एकातिर रोजगारी गुम्यो, अर्कोतिर गाउँमा रोजगारी छैन । गरिखानका लागि पर्याप्त उब्जाउ जमिन छैन । उनको परिवार चिन्ताले पिरोलिन थाल्यो ।

बसन्तीका बुवाआमा बृद्धावस्थामा प्रवेश गरिसकेका छन् । घरपरिवारको लालनपालन कसरी गर्ने ? बसन्ती चिन्तामा थिइन् । भनिन्छ - 'कोशिस गर्नेहरूका लागि सहयोगी हातहरू अगाडि आउँछन् । उनको गाउँ जामबाझमा सिर्जना परियोजना आइपुग्यो । परियोजनाले विदेशबाट रोजगारी गुमाएर फर्किएका युवाहरूलाई समेटेर कृषक समूह गठन गऱ्यो । बसन्ती पनि समूहमा आवद्ध भइन् । अनि सुरु भयो, उनको किसानी यात्रा ।



सुरुमा उनले परियोजनाबाट ५० केजी आलुको बीउ सहयोग पाइन् । आलु खेतीको त्यत्ति धेरै अनुभव नभए पनि उनले दुई पटकको आलु खेतीबाट एक हजार १४२ केजी आलु उत्पादन गर्न सफल भइन् । उनी भन्छिन् - 'आलु बिक्रीबाट ४० हजार रुपैयाँ बढी आम्दानी भयो । घरखर्च, भाइबहिनीको पढाइ लेखाइमा धेरै सहयोग पुगेको छ ।'

बसन्ती कृषि पेसाबाट सन्तुष्ट छिन्, उत्साहित पनि । भन्छिन् - 'मेहनत गरेपछि फल त प्राप्त हुन्छ नै । सहयोगीहरू पनि भेटिने रहेछन् । म आलु खेतीबाट निकै सन्तुष्ट छु । बारीमा मेहनत गऱ्यो भने खेतबारीमा आलु र हातमा पैसा छ ।'

*(युवा कृषक बसन्ती कुमारी सार्कीसंग परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*

# स्वरोजगारीका अवसर सिर्जना गर्दै

भवराज जोशी (२४ वर्ष) बझाङको थलारा गाउँपालिका वडा नम्बर १ पिपलकोटका बाख्रापालक उद्यमी हुन् । उनी १२ कक्षा उत्तीर्ण छन् । सामान्य परिवारका उनी कलिलो उमेर मै रोजगारीका लागि भारत गएर काम गरिरहेका थिए । तर, २०७६ सालको अन्त्यतिर भारतमा पनि कोरोना महामारी फैलियो । उनको रोजगारी गुम्यो र घर फर्किए ।

भवराजको पाँच जनाको परिवार छ । करीब पाँच रोपनी जग्गा छ । सो जग्गाको उब्जनीले जेनतेन वर्षभरीको दुईछाक टर्छ । तर, पढाइ लेखाइ, लत्ताकपडा, औषधिउपचार र अरु आवश्यकताका लागि रोजगारीको विकल्प नदेखेपछि भवराज पनि भारततर्फ गएका थिए ।

कोरोना महामारीसँगै रोजगारी गुमेपछि गाउँ फर्किएका भवराजले कुनै संघसंस्थामा जागिर पाइन्छ कि भनेर केही समय दौडधुप गरे, तर कुनै लाभ भएन । उनी निराश भएर घर मै थन्किएका थिए, त्यही वेला उनको गाउँमा सिर्जना परियोजना आइपुगेपछि भवराजमा केही आशा पलायो ।

सिर्जना परियोजनाले भारतसहित विदेशबाट फर्किएका कामदार युवाहरूलाई समेटेर समूह गठन गर्ने रहेछ । भवराजलाई पनि उत्सुकता जाग्यो । उनी छलफलमा गए र समूहमा आवद्ध भए । परियोजनाले समूहमा आवद्ध युवाहरूलाई मसला बालीसम्बन्धी तालिम सञ्चालन गऱ्यो । भवराजले तालिममा मसला बालीबारे धेरै ज्ञान प्राप्त गरे ।

परियोजनामार्फत समूहका सदस्यहरूलाई मसलाको बीउ वितरण गऱ्यो । भवराजले अदुवा र बेसारको गरी ३० केजी बीउ सहयोग प्राप्त गरे । उनले उत्पादन गरेको अदुवा र बेसारबाट करीब २० हजार रुपैयाँ आम्दानी गरे । मसला बालीपछि परियोजनाबाट उनले ५० केजी आलुको बीउ सहयोग स्वरुप पाएका छन् । उनी भन्छन् - 'परियोजनाबाट व्यावसायिक योजना तयार गर्न सहयोग पाएको छु । वित्तीय साक्षरता कक्षा र व्यावसायिक उत्प्रेरणा कक्षामा सहभागी बन्ने अवसर पाए । धेरै हौसला थपिएको छ ।'

भवराज यो एक सिजनमा ७० हजार रुपैयाँको आलु बिक्री गरेका छन् । अब उनी मौरीपालन व्यवसायमा जुटेका छन् । उनले भने - 'अहिले १२ घारमा मौरीपालन गरिरहेको छु ।'

भवराजले समूहमा मासिक पाँच सय रुपैयाँ बचत गरिरहेका छन् । जीवन बीमा गरेका छन् । वार्षिक रुपमा ४० हजार चार सय रुपैयाँ बीमा प्रिमियम जम्मा गरिरहेका छन् ।



उनको कृषि व्यवसाय फैलिँदै छ । उनले अहिले बाख्रापालन साथै दुई वटा फलामे प्लाष्टिक टनेलमा तरकारी खेती गरिरहेका छन् । भन्छन् - 'तरकारी खेतीलाई अझ विस्तार गर्ने सोंच बनाएको छु । आधुनिक घारमा मौरीपालन र बाख्रापालन व्यवसायलाई पनि थप गर्ने योजना छ ।'

रोजगारी गुमाएर भारतबाट घर फर्केका भवराजलाई अब गाउँमै स्वयं केही गर्न सकिन्छ भन्ने विश्वास पलाएको छ । उनले भने - 'गाउँमा स्वयम् रोजगार बन्ने र अरुका लागि पनि रोजगारी सिर्जना गर्न सकिन्छ भन्ने विश्वास बढेको छ । सिर्जना परियोजना जस्ता सहयोगी संस्थाको सहयोगले काम गर्ने हौसला बढेको छ ।

*(युवा कृषक भवराज जोशीसंग परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*

# मेहनत र लगनशीलताको फल

बझाङको थलारा गाउँपालिका वडा नम्बर ४, गढीगाउँका २९ वर्षीय गणेशबहादुर बोहराको परिवारको आर्थिक अवस्था कमजोर छ । १९ जनाको संयुक्त परिवार छ । खेतबारीका नाममा तीन रोपनी जग्गा मात्र । त्यो जग्गाको उत्पादनले मुस्किलले चार महिना धान्छ । गरीबीकै कारण उनले एसईई भन्दा माथि पढाइ गर्न सकेनन् ।

घरको कमजोर आर्थिक अवस्थाबाट चिन्तित गणेश केही वर्षअघि कामको खोजीमा भारत पुगे । त्यहाँ रोजगारी गरेर कमाएको रकम उनी घर पठाउँथे । उनले पठाएको रकमले परिवारको घरथेग्न केही सघाउ पुगेको थियो । तर, कोरोना महामारी फैलिए पछि । उनको रोजगारी छुट्यो । कोरोना महामारीका कारण तत्काल घर फर्किनु परेपछि उनले एक वर्षको ज्यालाको माया पनि मार्नुपऱ्यो । उनी खाली हात घर फर्किए ।

कोरोना महामारीबिच भारतबाट घर फर्किने क्रममा बाटोमा निकै सास्ती भोगेका थिए । १४ दिनसम्म क्वारेन्टाइन सेन्टरमा बिताउनु परेको थियो । बल्लतल्ल घर आइपुगे, तर न त उनीसँग एक पैसा बाँकी थियो, न गरिखान गाउँमा रोजगारी ।

तर, अहिले गणेश गढीगाउँका सफल युवा उद्यमी बनेका छन् । कोरोना महामारीबिच नै उनको परिवारले आफ्नो करीब तीन रोपनी जग्गामा तरकारी खेती सुरु गरे । उनको गाउँ विकट स्थानमा छ । गणेशले गाउँबाट डोकोमा तरकारी बोकेर बजारमा पुऱ्याउँछन् ।

निकै मेहनती र लगनशील गणेश र उनको परिवारले तरकारी खेतीलाई निरन्तरता दिइरहे । उनको देखेर मेहनत उनको गाउँमा लागू भएको सिर्जना परियोजनाले उनलाई पनि समूहमा आवद्ध गऱ्यो । गणेशले तरकारीमा लाग्ने रोगकीरा व्यवस्थापन सम्बन्धी तालिम लिए ।

बझाङमा कृषि ज्ञान केन्द्रले आलु जोन (उत्पादन क्षेत्र) घोषणा गरेको छ । कृषि ज्ञान केन्द्रको नीति अनुरुप सिर्जना परियोजनाले गणेश लगायतका किसानहरूलाई आलु खेतीका लागि बीउ सहयोग गरेको छ । त्यस्तै, परियोजनाले समूहका सदस्य किसानहरूलाई काउली, बन्दागोभी, मुला, प्याज, धनिया आदि तरकारीको बीउ पनि सहयोग दिएको छ ।

पछिल्ला केही समय यता गणेशको आर्थिक अवस्थामा सुधार आउन थालेको छ । आलु र तरकारी बिक्रीबाट उनले वार्षिक ९० हजार रुपैयाँसम्म आम्दानी गर्ने गरेका छन् । उनी भन्छन् - 'भारतमै झाडुपोछा लगाएर चौकीदारी गरेर बसिरहेको भए मेरो मजदुरकै अवस्था हुन्थ्यो ? कसरी गढीगाउँको आलु धनगढीसम्म पुऱ्याउन सकिन्थ्यो र ?'

गणेशले तरकारीसँगै बाख्रापालन र फलफूल खेती पनि अघि बढाएका छन् । अहिले उनले ओखर र स्याउ उत्पादन गरिरहेका छन् । गत सिजनमा उनले ४० हजार रुपैयाँको स्याउ बिक्री गरे । त्यस्तै, समूह र सहकारी संस्थामा गरि उनले २० हजार रुपैयाँ बचत गरिसकेका छन् भने जीवन बीमाको वार्षिक ७ हजार रुपैयाँ बीमा शुल्क पनि बुझाइरहेका छन् ।



गणेशले तरकारी, फलफूल तथा पशुपालन व्यवसायलाई संगसंगै अघि बढाउने योजना बनाएका छन् । भन्छन् - 'राम्रैसँग काम गर्ने सोंच त बनाएको छु । अहिले बजारसम्म सामान पुऱ्याउन सडक छैन । खोलामा पुल छैन । तर, पनि यो पेसालाई विस्तार दिन्छु । कुनै वेला त बाटोघाटो बन्छ होला ?'

*(युवा उद्यमी गणेश बोहरासंग परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*

# पालिकाबाट नमुना उद्यमीको प्रमाणपत्र पाउँदाको खुसी

गणेश गिरी (२७ वर्ष) ले बझाङको थलारा गाउँपालिकाबाट नमुना उद्यमीको प्रमाणपत्र प्राप्त गरेको दिनलाई जीवनको अविस्मरणीय क्षणका रुपमा लिएका छन् । गाउँपालिकाले उनी सहित ६१ जना उद्यमीलाई गाउँमा रोजगारी सिर्जना गरेवापत नमुना युवा उद्यमी प्रमाणपत्र प्रदान गरिसकेको छ । प्रमाणपत्र पाउँदाको क्षण स्मरण गर्दै गणेशले भने - 'त्यो दिन निकै खुसी लाग्यो ।'

गणेश थलारा गाउँपालिका-६, सेरालाफाँटका युवा उद्यमी हुन् । उनी चाउमिन उत्पादक हुन् । उनको पाँच जनाको परिवार छ । करीब एक रोपनी मात्रै जग्गा छ । गरीबीबिच गणेशले १२ कक्षा उत्तीर्ण गरे । केही समय गाउँमै रोजगारीका लागि भौतारिएपछि उनी कामको खोजीमा भारतको बैंगलोर पुगे । त्यहाँ उनले चार वर्षसम्म काम गरे । तर, एकाएक कोरोना महामारी फैलियो । उनको रोजगारी गुम्यो र उनी घर फर्किए ।

कोरोना महामारीबिच उनले गाउँमा रोजगारीको खोजी गरे । सुरुमा उनले गाउँमा रहेको एउटा चाउमिन उद्योगमा बिक्रेताको काम पाए । बिक्रेताका रुपमा काम गर्दै जाँदा उनलाई चाउमिन उद्योगको अनुभव भयो । केही महिना पछि चाउमिन उद्योगका सञ्चालकले गणेशलाई उद्योग किन्न अफर दिए । उनले ऋणसापट गरेर त्यो उद्योग खरीद गरे । तर, सोंचे जस्तो नहुने रहेछ । उद्योग सञ्चालन गर्नु सजिलो रहेन छ ।

गाउँमा सिर्जना परियोजना लागू भएको थियो । परियोजनाको समूहमा आवद्ध भएपछि गणेशले उद्योगका लागि मोटर सहयोग पाए । समूहमार्फत नै उनले वडा समितिको सीफारिसमा परियोजनाबाट ग्यास सिलिण्डर, चाउमिन उमाल्ने भाँडो, डिप फ्रिज, डिजिटल तराजु आदि सहयोग प्राप्त गरे । उनको उद्योगले गति लियो ।

उद्योग चल्न थालेपछि उनले सहकारी संस्थाद्वारा सञ्चालित घुम्ती कोषबाट एक लाख रुपैयाँ ऋण लिएर मोटरसाइकल खरीद गरे । सो घुम्तीकोष परियोजनाको सहयोगमा सहकारी संस्थाद्वारा स्थापना गरिएको हो ।

अहिले गणेशको चाउमिन उद्योग निकै फस्टाएको छ । दैनिक सरदर एक सय २० केजी चाउमिन बिक्री भइरहेको उनले बताए । उनले भने - 'मासिक करीब तीन लाख रुपैयाँ बराबरको चाउमिन बिक्री हुन्छ । सबै खर्च कटाएर मासिक ३६ हजार रुपैयाँ जति आर्जन हुन्छ ।'

गणेशले चाउमिन उद्योगसँगै एउटा खुद्रा पसल र कुखुरापालन व्यवसाय पनि सञ्चालन गरेका छन् । उनी आफ्नो काममा निकै रमाइ रहेका छन् । भन्छन् - 'गाउँपालिकाबाट मैले रोजगारी सिर्जना गरेवापत नमुना युवा उद्यमी प्रमाणपत्र पाएपछि निकै हौसला थपिएको छ । अब अरु युवाहरूलाई पनि रोजगारी दिने सोंचका साथ काम गरिरहेको छु । मलाई सफल उद्यमी बनाउन सहयोग गर्ने सिर्जना परियोजना, थलारा गाउँपालिका र घरेलु तथा साना उद्योग कार्यालयलाई धन्यवाद दिन चाहन्छु ।'

*(युवा उद्यमी गणेश गिरीसंग परियोजना कर्मचारी तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*



# मौसमी तरकारी खेती विस्तार गर्दै

बझाङको थलारा गाउँपालिका वडा ६ पिखेतका ३० वर्षीया गुनकेशरी बिष्ट केही समयदेखि गाउँमा बेमौसमी तरकारी खेतीमा संलग्न छिन् । उनी १० कक्षा उत्तीर्ण छिन् । यस वर्ष मात्रै उनले बेमौसमी तरकारी बेचेर ४० हजार रुपैयाँ आम्दानी गरिन् । राम्रो कमाइ भएपछि उनी निकै हौसिएकी छिन् । भन्छिन् - 'बेमौसमी तरकारी खेतीबाट राम्रो आम्दानी भइरहेको छ । अब यसलाई अझै विस्तार गर्ने सोंचमा छु ।'

तर, गुनकेश्वरीले बेमौसमी तरकारी खेतीसम्म लामो यात्रा गरेकी छिन् । उनका दुई छोराछोरीसहित ६ जनाको परिवार छ । खेतबारीका नाममा करीब डेढ रोपनी मात्रै जग्गा छ । घरको कमजोर आर्थिक अवस्थाका कारण उनका श्रीमान् रोजगारीका लागि भारतको बैंगलोर गएका थिए । गुनकेश्वरीको श्रीमानले १२ घण्टा काम गर्दथे र मासिक १५ हजार रुपैयाँ पारिश्रमिक पाउँथे । अरुहरूले झैं उनका श्रीमानले पनि कोरोना महामारीका कारण रोजगारी गुमाउनु पऱ्यो । गुनकेश्वरी श्रीमान्सँगै बैंगलोरबाट घर फर्किइन् ।

घर त फर्किइन्, तर गरिखानका लागि कुनै रोजगारी थिएन । गाउँमा बेरोजगारहरूको संख्या थपिँदै गएको थियो । रोजगारी नभएपछि कसरी परिवारको लालनपालन गर्ने ? उनी पनि चिन्तित थिइन् । उनले तरकारी खेती सुरु गरिन् ।

पिखेत गाउँमा सिर्जना परियोजना लागू भएको रहेछ । उनले गाउँमा परियोजनाले कृषि समूह गठन गर्दैछ भन्ने जानकारी पाइन् । उनी पनि समूहको सदस्य बनिन् ।

परियोजनाले कृषि समूहका सदस्यहरूका लागि तीन दिने बेमौसमी तरकारी खेती तालिम सञ्चालन गऱ्यो । गुनकेश्वरी पनि तालिममा सहभागी बनिन् । तालिमपछि उनले फलामे टनेल सेट, वीउबिजन, गोडमेल गर्ने उपकरण, हजारी आदि सहयोग प्राप्त गरिन् । उनलाई तालिम र सामग्री सहयोगले व्यावसायिक तरकारी खेतीमा लाग्न हौसला थप्यो ।

बेमौसमी तरकारी खेतीमा जुटेकी गुनकेशरी गाउँका अरु महिलाका लागि पनि उदाहरण बनेकी छिन् । उनी भन्छिन् - 'म दिदीबहिनीहरूलाई बेमौसमी तरकारी खेतीमा लाग्न सल्लहा दिन्छु । यसमा राम्रो कमाइ छ ।'

*(कृषक गुनकेशरी बिष्टसँगका परियोजना फिल्ड सहजकर्ता नरदेव भण्डारीले गरेको कुराकानीमा आधारित)*



# विदेशको चौकीदारीभन्दा आफैं उद्यमी बन्नु निको

उनी हरेक दिन कहिले खेतबारीमा, कहिले तरकारी बेच्न त कहिले काठ चिरान गर्ने काममा व्यस्त हुन्छन् । उनलाई हरेक दिन भ्याइ नभ्याइ हुन्छ । भर्खर २७ वर्ष टेकेका हरिश खाती अहिले बझाङ, थलारा गाउँपालिका वडा २ कफलकाँडाका युवा उद्यमीका रुपमा चिनिएका छन् ।

हरिश एसईई उत्तीर्ण छन् । घरको आर्थिक अवस्था कमजोर थियो । कलिलो उमेरमै उनी रोजगारीको खोजीमा भारततिर लागे । उनले त्यहाँ चार वर्ष होटेलमा काम गरे । तर, कोरोना महामारीको मार उनले पनि खेपे । रोजगारी गुम्यो । निकै कष्ट सहँदै उनी बल्लतल्ल घर आइपुगे ।

घरमा त आइ पुगे, तर गरिखानका लागि कुनै उपाय थिएन । परिवारको गुजारा चलाउन समस्या थियो । रोजगारीका लागि उपाय खोज्दै गर्दा उनी सिर्जना परियोजनाको सम्पर्कमा आए ।

हरिश परियोजनाले गठन गरेको समूहमा आवद्ध भए । समूहमा आवद्ध भएपछि उनले ५० केजी आलुको वीउ सहयोग पाए । परियोजनाले आयोजना गरेको व्यावसायिक उत्प्रेरणा कार्यक्रममा सहभागी भए । उनी भन्छन् - 'त्यो कार्यक्रमबाट म निकै उत्साहित बने ।'

हरिशले पहिलो पटक १० क्वीन्टल आलु उत्पादन गरे । तर, बिक्रीका लागि कसरी बजारसम्म आलु पुऱ्याउने ? चिन्ता बढ्यो । किनकि गाउँसम्म सडक पुगेको छैन । गाउँभन्दा केही परसम्म सडक पुगेको थियो, त्यो पनि वर्षाले भत्काएको थियो । परियोजनाको सहजीकरणमा गाउँपालिकाले डोजर प्रयोग गरेर बाटो खुला गऱ्यो र, कोटभैरव कृषि सहकारीले ट्र्याक्टरबाट बजारसम्म आलु ढुवानी गर्न सहयोग गऱ्यो ।

हरिशले यस पटक ३० हजार रुपैयाँको आलु बिक्री गरेका छन् । आलु खेतीबाट हौसिएका उनले करीव एक रोपनी जग्गामा काउली, बन्दागोभी, मूला आदि तरकारी लगाएका छन् ।



हरिश काठ चिर्ने काम पनि गर्छन् । उनले यस पटक काठ चिरेर एक लाख ५० हजार रुपैयाँ कमाइ गरेका छन् । तरकारी खेतीसँगै काठ चिरानको काम पनि गर्दै आएका हरिश आफ्नो पेसाबाट निकै सन्तुष्ट छन् । उनी विदेशमा चौकीदारी, मजदुरी जस्ता काम गर्नुभन्दा सानै भए पनि आफ्नै गाउँमा उद्यम गर्नु निकै उत्तम ठान्छन् । भन्छन्  - 'रोजगारीका लागि विदेशमा भौतारिनु भन्दा गाउँ मै स्वरोजगार बन्नु उत्तम रहेछ ।'

*(युवा उद्यमी हरिस खातीसँगको परियोजना फिल्ड सहजकर्ता ताराप्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*

# घोर गरीबीपछि व्यावसायिक पशुपालनमा

गरीबीका कारण स्कूलको मुख समेत देख्न नपाएका बझाङको थलाराका ३० वर्षीय हर्क बहादुर किमाडीले १५ वर्षको कलिलो उमेरदेखि नै भारतमा मजदुरी गर्न सुरु गरे । उनले झण्डै १५ वर्ष भारतमा मजदुरी गरेर बिताए । उनको चार जनाको परिवार छ । जग्गाको नाममा एक रोपनी जमिन । दुई छाक टार्न सधैं धौ धौ । भारतको मजदुरीबाट जसोतसो परिवारको गुजारा गरिरहेका थिए, कोरोना महामारीले त्यही रोजगारी पनि खोस्यो ।

घर फर्किएपछि उनले बाखापालन गर्ने निधो गरे । गाउँको माथि जंगल र चरन क्षेत्र भएकोले बाखा पालन गर्न सकिन्छ भन्ने उनको सोंच थियो । उनले आफूसँग भएको सबै रकम खर्च गरेर बाखाको ठूलै खोर बनाए । तर, बाखा किन्न र चारा आदिको व्यवस्था गर्न पैसा भएन । उनले गाउँमा दैनिक ज्याला मजदुरी गरेर केही समय परिवारको छाक टारे ।

बाखापालन कसरी अघि बढाउने भन्ने चिन्तामा पिरोलिएको वेला उनको गाउँमा सिर्जना परियोजना लागू भयो । उनी पनि परियोजनाले गठन गरेको समूहको सदस्य बने ।

परियोजनाले सञ्चालन गरेको व्यवसाय उत्प्रेरणा र परामर्श कार्यक्रम, वित्तीय साक्षरता कक्षा र बाखापालन उद्यम व्यावसायिक योजना निर्माण कक्षामा उनी सहभागी बने । उनले परियोजनामार्फत गोठ सुधारका लागि १४ हजार रुपैयाँ सहयोग प्राप्त गरे । परियोजनाको सहजीकरणमा उनले गाउँपालिका र वडा कार्यालयबाट दुई लाख ५० हजार रुपैयाँ अनुदान प्राप्त गरे । त्यस्तै, सरकारको ८० प्रतिशत अनुदानमा ३० वटा बाखाको बीमा समेत गरेका छन् । उनले भने - 'दुई वटा बाखा मरेपछि बीमा कम्पनीबाट चार हजार पाँच सय रुपैयाँका दरले नौ हजार रुपैयाँ क्षतिपूर्ति समेत पाँए ।'

उनले अहिलेसम्म दुई लाख ५५ हजार रुपैयाँको खसीबोका बिक्री गरिसकेका छन् । बाखापालनबाट उनको परिवारको राम्रैसँग गुजारा भइरहेको छ । उनी समूहमा मासिक पाँच सय रुपैयाँ बचत गर्छन् । त्यस्तै, जीवन बीमाको वार्षिक १५ हजार रुपैयाँ प्रिमियम बुझाउँछन् ।

निरक्षर हर्कबहादुर व्यावसायिक बाखापालनमा लागेपछि समाजले पनि उनलाई सम्मान दिन थालेको छ । उनी भन्छन् - 'सुरु सुरुमा त कुनै मिटिङ, भेला, सभामा आफ्नो परिचय दिन समेत अप्ठ्यारो मान्थें । यसअघि कहिल्यै पनि कुनै तालिम, भेला, छलफलमा सहभागी भएको थिइनं । न त वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा नै पाइलो टेकेको थिएं ।



उनले छोराहरूबाट आफ्नो नाम लेख्नसम्म सिकेका छन् । भन्छन् - 'अब म पनि केही गर्नसक्छु भन्ने विश्वास जागेको छ । यही व्यवसायलाई बढाउँदै जाने सोंचमा छु ।'

*(व्यावसायिक बाखापालक किसान हर्क बहादुर किमाडीसँगको ताराप्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*

# सफल बाख्रापालक किसान

बझाङ, थलारा गाउँपालिका वडा १ वस्तीगाउँका हर्कराज जोशी (४५) जिल्लाकै व्यावसायिक बाख्रापालक किसानमध्ये एक बन्ने क्रममा छन् । उनी नमुना उद्यमी हुन् । उनको फार्ममा अहिले २६ वटा बाख्रा छन् । उनले आफ्नै दुई लाख ५० हजार रुपैयाँ लगानीमा करीब एक सय बाख्रा क्षमताको खोर निर्माण गरेका छन् ।

उनको बाख्रापालन व्यवसाय यात्रा गाउँमा सिर्जना परियोजनाको 'कामका लागि नगद' कार्यक्रमबाट सुरु भएको हो । परियोजनाको कार्यक्रममा उनले बाख्राको खोर निर्माण गरेवापत १४ हजार रुपैयाँ ज्याला प्राप्त गरे । उनमा बाख्रापालन गर्ने सोंच पलायो र उनी बाख्राको खोर निर्माण गर्न जुटे ।

उनलाई परियोजनाले व्यावसायिक बाख्रापालन तालिम, वित्तीय साक्षरता, र व्यावसायिक योजना निर्माणमा सहयोग गऱ्यो । परियोजनाको सहजीकरणमा उनले २६ मध्ये १२ वटा बाख्राको पशु बीमा गराए ।

उनले यस वर्ष ९० हजार रुपयाँको खसी, बोका बिक्री गरेका छन् । बाख्रा फार्मबाट राम्रै आम्दानी हुने गरेको छ । उनका दुई छोराहरू काठमाडौंमा पढाइ गरिरहेका छन् । छोरी स्थानीय विद्यालयमा पढ्छिन् । हर्कराज समूहमा मासिक पाँच सय रुपैयाँ बचत गर्दैआएका छन् । त्यस्तै, जीवन बीमाको वार्षिक ६ हजार रुपैयाँ किस्ता तिर्ने गरेका छन् ।

हर्कराजले रोजगारीका लागि ६ वर्ष मलेसियामा बिताएका थिए । रोजगारीका क्रममा विश्वभरी कोरोना महामारी फैलियो । उनको रोजगारी खोसियो । उनी घर फर्किए । हुन त उनको परिवारसँग करीब २१ रोपनी जग्गा छ । तर, सिंचाइ सुविधा नभएकोले अधिकांश जमिन बाँझो छ । जग्गाको उब्जनीले ६/७ महिना मात्रै धान्छ ।

व्यावसायिक रुपमा बाख्रापालनमा संलग्न भएपछि हर्कराजको परिवारको आर्थिक अवस्थामा सुधार आएको छ । उनले गाउँपालिकाबाट नमुना बाख्रापालन कृषकको प्रशंसापत्र समेत प्राप्त गरेका छन् । उनी भन्छन् - 'यो व्यवसायबाट सन्तुष्ट छु । यही व्यवसायलाई अझैं विस्तार गर्ने सोंचमा छु ।'

*(पशुपालक हर्कराज जोशीसँगको परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*



# व्यावसायिक तरकारी खेतीमा व्यस्त

गरीब परिवारका मदन भण्डारी (२९) एक वर्षदेखि व्यावसायिक रुपमा तरकारी खेतीमा जुटेका छन् । बझाङको थलारा गाउँपालिका वडा ९ अफलातोलेनी गाउँका मदनले गरीबीको घोर दुश्चक्र भोगेका, देखेका छन् । आठ जनाको परिवार । जग्गाको नाममा पाखो र खेत गरी तीन रोपनी जमिन । उब्जनीले मुस्किलले तीन महिना मात्रै धान्छ । उनी केही वर्ष रोजगारीका लागि भारतको बैंगलोरमा बसे । तर, कोरोना महामारीको मारमा परेपछि उनी पनि रोजगारी गुमाएर घर फर्किए ।

गाउँमा रोजगारीको कुनै उपाय नभेटाएपछि उनले तरकारी खेती सुरु गरे । मदनले गाउँमा सिर्जना परियोजनाले भारतबाट फर्किएका युवा र तिनका परिवारका सदस्यहरूलाई समेटेर समूह गठन गर्दैछ भन्ने जानकारी पाएपछि उनी पनि आवद्ध भए । उनी आवद्ध कृषि समूहले परियोजनाको सहयोगमा तीन दिने तरकारी खेती तालिम सञ्चालन गर्‍यो । उनी पनि तालिममा सहभागी बने ।



तालिमपछि मदनले पनि परियोजनाबाट प्लाष्टिक टनेल, झोलमल बनाउने ड्रम, हजारी, सिंचाइ पाइप, सिकेचर, स्प्रे र तरकारी बीउबिजन प्राप्त गरे । उनी तरकारी खेतीमा जुटे ।

उनले आफ्नो लगानीमा थप एउटा प्लाष्टिक टनेल निर्माण गरे । उनले भने - 'टनेलमा तरकारी खेती गर्दा राम्रै आम्दानी भयो । एकै सिजनमा ४० हजार रुपैयाँको तरकारी बिक्री गरें । अहिले मेरो परिवारको राम्रैसँग गुजारा भइरहेको छ ।' मदनले समूह र सहकारी संस्थामा गरी मासिक एक हजार रुपैयाँ बचत गर्दै आएका छन् ।

कोरोना महामारीपछि भारतबाट गाउँ फर्किंदा सुरुसुरुमा गाउँलेहरूले नजिक आउन पनि नमानेको क्षण सम्झिँदै उनी भन्छन् - 'त्यतिवेलाको समय सम्झिँदा त अहिले पनि नमिठो लागेर आउँछ । जे होस् अब व्यावसायिक रुपमा तरकारी खेती गरिरहेको छु । हामीलाई सहयोग गर्ने सिर्जना परियोजनालाई धन्यवाद ।'

*(युवा किसान मदन भण्डारीसँग परियोजना फिल्ड सहजकर्ता प्रेम बहादुर ओलीले गरेको कुराकानीमा आधारित)*

# आत्मनिर्भर बन्ने चाहनाले तरकारी खेतीमा

बझाङको थलारा गाउँपालिका वडा नं. ८ का महेश्वरा देवी पाध्याय (३३) अहिले आर्थिक रुपमा आत्मनिर्भर बन्ने अठोटसहित तरकारी खेतीमा जुटेकी छिन् । उनी अन्नबालीसँगै तरकारी खेती पनि गरिरहेकी छिन् ।

उनको ६ जनाको परिवार छ । पाखो र खेत गरी सात रोपनी जग्गा छ । सिंचाइ सुविधा छैन । त्यसैमा काम गर्ने उमेरका परिवारका सदस्यहरू भारततिर गएपछि जग्गा पनि बाँझो रहन थाल्यो । उनी श्रीमान्सँगै १० वर्षसम्म भारतको मनसुरीमा बसिन् । कोरोना महामारी फैलिएपछि उनी पनि श्रीमान्सँगै घर फर्किइन् ।

गाउँ फर्किएपछि महेश्वराले तरकारी खेती सुरु गरिन् । उनका परिवारका अन्य सदस्यहरू पनि कृषि पेसामा छन् । गाउँमा सिर्जना परियोजना लागू भएको छ । महेश्वरा पनि सो परियोजनाले गठन गरेको समूहमा सदस्य छिन् ।

उनले समूहमार्फत् तरकारी खेतीका लागि प्लाष्टिक टनेल, झोलमल बनाउने ड्रम, हजारी, थोपा सिंचाइका लागि सामग्री, स्प्रे र तरकारीको वीउविजन सहयोग पाइन् ।

यस वर्ष उनले काक्रोबाट मात्रै १५ हजार रुपैयाँ कमाएकी छिन् । उनी भन्छिन् - 'अब रोजगारीका लागि पुनः भारत जाने सोंच छैन । आफ्नै गाउँमा व्यावसायिक तरकारी खेतीलाई निरन्तरता दिने विचार छ ।'

*(कृषक महेश्वरा देवी पाध्यायसँगको फिल्ड सहजकर्ता नरदेव भण्डारीले गरेको कुराकानीमा आधारित)*



# बाख्रापालनबाट मनग्य आम्दानी

कुनै बेला भारतको फरिदावादमा चौकीदारी र गाडी धुने काम गरेर गुजारा गर्ने बझाङ थलारा गाउँपालिका-१, थापागाउँका मंगल थापा (३४) अहिले गाउँमा व्यावसायिक बाख्रापालनमा अब्बल किसान बनेका छन् । उनले एक वर्षमा चार लाख ५० हजार रुपैयाँको खसीबोका बिक्री गरेका छन्

मंगलले आठ वर्षसम्म भारतको फरिदावादमा चौकीदारी र गाडी धुने काम गरेका थिए । दुःखकष्ट गरेर पनि त्यो कामबाट घरपरिवारको गुजारा चलिरहेकै थियो । कोरोना महामारी फैलियो । उनको रोजगारी छुट्यो र घर फर्किए ।

मंगलको आठ जनाको परिवार छ । उनीसँग करीब पाँच रोपनी पाखोबारी छ । सिंचाइको सुविधा नभएकोले पाखोबारीको उब्जनीले छ महिना मात्रै धान्छ । कोरोना महामारीको मारमा परेर घर फर्किएपछि उनी गाउँमै रोजगारीको खोजीमा थिए । उनले भने - 'हाम्रो गाउँमा सिर्जना परियोजना आएको भन्ने थाहा पाएं । म पनि परियोजनाले सञ्चालन गरेको "कामका लागि नगद" कार्यक्रममा सहभागी भए । मैले बाख्रापालनका लागि खोर निर्माण गरेवापत परियोजनाबाट १४ हजार रुपैयाँ ज्याला पाए । मेरो सीप देखेर कृषि समूहका अन्य सदस्यहरूले पनि खोर बनाउन आग्रह गरे । मैले धेरै जनाको खोर बनाएर राम्रै कमाइ गरे ।'

मंगल परियोजनाले गठन गरेको समूहका सदस्य बनेका छन् । उनले समूहमार्फत सञ्चालन गरिएको व्यावसायिक बाख्रापालन तालिम, व्यावसायिक योजना निर्माण, वित्तीय साक्षता र व्यावसायिक परामर्श कक्षामा भाग लिए ।

उनले व्यावसायिक रुपमा बाख्रापालन गरिरहेका छन् । उनले परियोजनाको सहजीकरणमा ८० प्रतिशत सरकारी अनुदानमा ३७ वटा बाख्राको पशु बीमा गराएका छन् । उनले एक वर्षको अवधिमा चार लाख ५० हजार रुपैयाँको खसीबोका बिक्री गरेका छन् । हाल उनको बाख्रा फार्ममा ३२ वटा बाख्रा छन् ।

उनी बाख्रापालनसँगै गोठ तथा खोर निर्माण गर्ने र काठ चिरानको काम पनि गर्छन् । उनलाई गाउँपालिकाले काठ चिरानका लागि चाहिने औजार सहयोग गरेको छ । उनले भाइ र काकालाई पनि रोजगारी दिएका छन् । उनी भन्छन् - 'मेरो बाख्रापालन व्यवसाय राम्रैसँग चलेको छ । बिक्री गर्न बजारको समस्या छैन । काठ चिरानको काम पनि राम्रो छ ।'

*(युवा पशुपालक किसान मंगल थापासँग परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरिएको कुराकानीमा आधारित)*



# गाउँमै मेहनत गरे स्वरोजगार बन्न सकिन्छ !

बझाङको थलारा गाउँपालिका वडा २, कफलडाँडाका ३२ वर्षीय नारायण बहादुर खाती व्यावसायिक तरकारी खेती किसान बन्ने क्रममा छन् । उनले १२ कक्षा उत्तीर्ण गरेका छन् ।

उनले यस पटक १५ क्विन्टल आलु बिक्री गरेर ५० हजार रुपैयाँ आम्दानी गरेका छन् । त्यस्तै, उनले ३० हजार रुपैयाँको टमाटर बिक्री गरेका छन् । उनी व्यवसायिक तरकारी खेतीका साथै काठ चिर्ने र फर्निचर बनाउने काम पनि गर्दै आएका छन् । उनले एक वर्षको अवधिमा काठ चिरान र फर्निचर बनाउने कामबाट तीन लाख ५० हजार रुपैयाँ कमाइ गरेका छन् ।

नारायणले व्यवसायिक तरकारी खेतीसहित सिकर्मीसम्मको यात्राका लागि लामो समय गुजारेका छन् । उनी कुनै वेला भारतको फरिदावादको एक होटेलमा काम गर्दथे । तर, कोरोना महामारी फैलिएपछि उनी घर फर्किन बाध्य भए ।

गाउँ फर्किएपछि उनले केही समय एउटा निजी विद्यालयमा काम गरे । लगत्तै उनी काठ चिरानको काममा लागे । उनको घरको आर्थिक अवस्था कमजोर छ । उनीसँग गरिखाने एक रोपनी मात्रै जग्गा छ । सो जग्गाको उब्जनीबाट आठ जनाको परिवारलाई मुस्किलले पाँच महिनाको छाक टर्छ ।

उनी वैकल्पिक रोजगारीको खोजीमा थिए । यस क्रममा उनले गाउँमा सिर्जना परियोजना लागू भएको जानकारी पाए । उनी परियोजनाले गठन गरेको समूहमा सदस्य बने । समूहमार्फत उनले पनि ५० केजी आलुको बीउ प्राप्त गरे ।

उनको गाउँ कफलकाँडासम्म सडक यातायात पुगेको छैन । गाउँ नजिक सडक पुगेको ठाउँसम्म पनि पहिरो गएर यातायात अवरुद्ध भएको थियो । गाउँपालिकाले डोजर प्रयोग गरेर ट्याक्टर चलाउन मिल्ने बनायो । नारायण तथा समूहका अन्य सदस्यले ३५ क्विन्टल आलु संकलन गरेर मूल सडकसम्म पुऱ्याए ।

आलु, टमाटरसहित तरकारी र सिकर्मीको समेत कामबाट नारायणले राम्रो कमाइ गरिरहेका छन् । भन्छन् - 'राम्रैसँग घरपरिवारको गुजारा चलिरहेको छ । अब मलाई परिवारको लालनपालनका लागि मजदुरी गर्न भारततिर जानु पर्दैन ।'

*(उद्यमी नारायण बहादुर खातीसँगको परियोजना फिल्ड सहाजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*



# “सामूहिक कामबाट व्यावसायिकता बृद्धि हुन्छ”

उनको २२ जनाको संयुक्त परिवार छ । पाखो र खेत गरी ६ रोपनी जग्गा छ । सिंचाइको सुविधा छैन । राम्रो उब्जनी हुँदैन । उब्जनीबाट करीब ६ महिना खान पुग्छ । परिवारको कमजोर आर्थिक अवस्थाका लागि उनी अहिले व्यवसायिक रुपमा तरकारी खेतीमा जुटेका छन् । युवा कृषक नरेन्द्र रोकाया (३२) बझाङ, थलारा गाउँपालिका वडा ३ मडासायन गाउँमा अरु कृषकहरूलाई पनि व्यावसायिक खेतीका लागि प्रेरित गरिरहेका छन् ।

नरेन्द्र १२ कक्षा उत्तीर्ण छन् । घरको कमजोर आर्थिक अवस्थाका कारण उनी रोजगारीको खोजीमा भारतको उत्तर प्रदेश पुगे । उनी त्यहाँ चौकीदारी गर्दथे । तर, त्यही चौकीदारी पनि कोरोना महामारीले खोस्यो र गाउँ फर्किए ।

गाउँमा रोजगारी थिएन । रोजगारीको अभावमा घरखर्च चलाउन पनि धौ धौ हुन थाल्यो । उनले तरकारी र फलफूल खेतीको योजना बनाए । उनको योजनामा गाउँमा लागू भएको सिर्जना परियोजना बरदानका रुपमा आइपुग्यो । सिर्जना परियोजनाले भारतबाट रोजगारी गुमाएर फर्किएका युवाहरू र तिनका परिवारका सदस्यहरूलाई समेटेर कृषक समूह गठन गऱ्यो । नरेन्द्र पनि समूहको सदस्य बने ।

परियोजनाले सञ्चालन गरेको कृषि सम्बन्धी तालिममा उनी पनि सहभागी बने । तालिमपछि उनले प्लाष्टिक टनेल, स्प्रे, हजारी, सिंचाइ पाइप, थोपा सिंचाइका लागि सामग्री, झोलमल बनाउन ड्रम लगायतका सामग्री सहयोग प्राप्त गरे ।

नरेन्द्रको तरकारी खेती फस्टाएको छ । उनले एउटै मौसममा ४० हजार रुपैयाँको तरकारी बिक्री गरे । तरकारीबाट राम्रो आम्दानी भएपछि उनले कुखुरापालन सुरु गरेका छन् । उनको परिवारको राम्रैसँग गुजारा भइरहेको छ ।

नरेन्द्रले आफ्नो समूहका सदस्यहरूलाई व्यावसायिक रुपमा फलफूल खेतीमा लाग्न प्रेरित गरिरहेका छन् । उनको समूहले परियोजनाले सञ्चालन गरेको व्यावसायिक केरा खेती तालिम लिएको छ । समूहका सदस्यहरूले एक हजार एक सय वटा ‘जी-नाइन’ जातको केराको बोट रोपेका छन् । नरेन्द्रले भने - ‘केराको फल लाग्न थालेको छ । धेरै जनाले सामूहिक रुपमा प्रयास गरेमा तरकारी र फलफूल खेती व्यावसायिक रुपमा अघि बढाउन सकिन्छ भन्ने मेरो विश्वास छ ।’

*(युवा कृषक नरेन्द्र रोकायासँग फिल्ड सहजकर्ता प्रेमबहादुर ओलीले गरेको कुराकानीमा आधारित)*



# "उद्यमी बनेपछि दुःख पीडा पनि कम हुँदो रहेछ"

भारतमा चौकीदारी गर्ने क्रममा केही वर्षअघि श्रीमान्को मृत्यु भएपछि अवोध दुई छोरालाई बोकेर घर फर्किदाको क्षण उनलाई सधैं विझाउने गर्छ । घरको कमजोर आर्थिक अवस्थाका कारण रोजगारीका लागि उनका श्रीमान् भारत जान थालेपछि उनी पनि सँगै गएकी थिइन् । दुई वर्ष श्रीमान्सँगै भारतमा रहंदा उनले पनि साहुको घरमा खाना पकाउने, कपडा धुने र सरसफाइ गर्ने काम गरिन् । एक दिन उनको जीवनमा बज्रपात आइलाग्यो । उनका श्रीमान्को निधन भयो । उनी अवोध दुई छोरासहित घर फर्किइन् । यो बझाङको थलारा गाउँपालिका वडा ८ देवस्थली गाउँकी २६ वर्षीया पदमा कुमारी जोशीको कथा हो ।

उनी १२ कक्षा उत्तीर्ण छिन् । युवावस्थामा नै श्रीमान् गुमाएकी पद्मा कुमारीका अगाडि दुई छोराहरूलाई कसरी हुर्काउने ? भन्ने सबैभन्दा ठूलो प्रश्न थियो । नेपाली समाजमा एकल महिलालाई आत्मनिर्भर बन्न अझ बढी चुनौति र अवरोध सामना गर्नुपर्छ । गाउँमा कुनै रोजगारी छैन । दुई छोरासहित पाँच जनाको परिवार छ । जग्गाको नाममा साढे दुई रोपनी पाखो जमिन छ ।

पद्माले आफैं स्वरोजगार बन्ने निधो गरिन् । उनले सिलाइ कटाइ काम सुरु गरिन् । बाटोको छेउमा एउटा सानो टहरोभित्र एउटा सिलाइ मेसिन राखेर उनले सिलाइको पसल सुरु गरिन् । उनको काम जसोतसो चल्दै थियो, गाउँमा सिर्जना परियोजना आइपुग्यो ।

उनलाई परियोजनाबारे थाहा भयो । परियोजनाले गठन गरेको एउटा उद्यम समूहमा उनी पनि सदस्य बनिन् । उनलाई समूहमार्फत् परियोजनाबाट सिलाइ मेसिन, इन्टरलक मेसिन, इस्त्री, कैंची लगायतका सामान प्राप्त भयो ।

ती सामान पाएपछि उनमा हौसला थपियो । उनी उद्यमशीलता विकास तालिम र व्यावसायिक योजना तयारी कक्षामा सहभागी भइन् । त्यस्तै, वित्तीय साक्षरता, उद्यम परामर्श लगायतका कार्यक्रममा सहभागी बनेपछि पद्मामा आत्मविश्वास बढेको छ ।

पद्माले सिलाइ पसलसँगै एउटा खुद्रा पसल पनि सञ्चालन गरेकी छिन् । उनी भन्छिन् - 'कपडा सिलाएर र पसलबाट मासिक १५ हजार रुपैयाँसम्म आम्दानी हुने गरेको छ । अहिले मलाई छोराहरूलाई विद्यालयमा पढाउन र घरको गुजारा चलाउन सजिलो भएको छ ।'

उनले समूह र सहकारी संस्थामा गरी मासिक तीन सय रुपैयाँ बचत जम्मा गर्ने गरेकी छन् । दिनभरि सिलाइ कटाइ तथा पसलमा व्यस्त रहँदा उनलाई आफ्नो दुःख पीडा बिर्सिन पनि सहज भएको छ । उनी भन्छिन् - 'काममा व्यस्त भएपछि एकल महिला हुनुको पीडा भुल्न पनि सहज भएको छ । मलाई हौसला र सहयोग दिने सिर्जनालाई धन्यवाद ।'

*(युवा उद्यमी पदमा कुमारी जोशीसँगको परियोजना फिल्ड सहजकर्ता प्रेम बहादुर ओलीले गरेको कुराकानीमा आधारित)*



# तरकारी खेती बन्यो, गुजाराको सहारा

करीब २० वर्षसम्म श्रीमान्सँगै भारतमा रोजगारी गरेकी शारदा देवी ओली (४३) अहिले एक्लै छोराको लालनपालन गरिरहेकी छिन् । बझाङ, थलारा गाउँपालिका-३, बायल गाउँकी शारदा देवीका श्रीमान्को निधन भइसकेको छ । भारतमा रोजगारीका क्रममा नै उनका श्रीमान्को निधन भएको थियो ।

भारतमा उनका श्रीमान् चौकीदारी गर्दथे । शारदा पनि साहुको घरमा खाना पकाउने, कपडा धुने र सरसफाई गर्ने काम गर्दथिन् । एकाएक उनको जीवन अन्धकार बन्यो । बिरामीका कारण उनका श्रीमान्को स्वर्गबास भएपछि उनी चार वर्षको अवोध छोरालाई बोकेर घर फर्किइन् ।

श्रीमान्को निधनको बज्रपात सहँदै गाउँ त फर्किइन्, तर के गरेर पेट पाल्ने ? शारदा देवीले कुनै उपाय भेटाउन सकिनन् । जग्गाको नाममा डेढ रोपनी पाखोबारी छ । उब्जनी भने नाम मात्रको छ । उनले तरकारी खेती सुरु गरिन् ।

तरकारी खेती गरेर गुजारा चलाइरहेको बेला उनको गाउँमा सिर्जना परियोजना लागू भयो । उनले कार्यक्रमबारे अलिअलि जानकारी पाइन् । समूह गठन हुँदा उनी पनि सदस्य बनिन् । तरकारी खेतीसम्बन्धी तालिममा सहभागी भएपछि उनले पनि सिंचाइ पाइप, हजारी, झोलमल बनाउने ड्रम लगायतका सामान सहयोग पाइन् । त्यस्तै, काउली, बन्दाकोभी, गाजर, मुला आदिको बीउ पाइन् । यी सहयोगले उनमा व्यावसायिक रुपमा तरकारी खेतीका लागि हौसला बढ्यो ।

आकाशे पानीको भरमा अन्नबालीबाट छाक टार्न पनि मुस्किल भइरहेको वेला तरकारी खेतीबाट शारदाले राम्रै आम्दानी गर्न थालेकी छिन् । उनी भन्छिन् - 'तरकारी खेतीबाट राम्रै कमाइ भइरहेको छ । यसैलाई निरन्तरता दिने सोंच बनाएकी छु ।'

शारदाको गाउँबाट सेती नदी पारि धनगढी-बझाङ मार्गमा झोता बजार छ । उनले दैनिक त्यहीं बजारमा तरकारी विक्री गर्ने गरेकी छिन् । उनले भनिन् - 'यो सिजनमा तरकारीबाट २० हजार रुपैयाँ कमाइ गरें । राम्रैसँग गुजारा चलेको छ ।'

*(कृषक शारदा देवी ओलीसँग परियोजना सहजकर्ता प्रेम बहादुर ओलीले गरिएको भेटवार्तामा आधारित)*



# अरुको घर झलमल्ल हुँदाको खुसी !

रातीको बेला गाउँका घरहरूमा झलमल्ल बिजुलीबत्ती बलेपछि निकै खुसी लाग्छ । खासगरी आफूले बिजुली वाइरिङ गरेका घरहरूमा बत्ती बलेपछि उनलाई निकै सन्तुष्टि हुन्छ । उनी, अर्थात् बझाङ थलारा गाउँपालिका-३, बायल गाउँका २४ वर्षीय सन्तोष ओलीलाई अहिले गाउँमा विजुली जडानको काममा भ्याइनभ्याइ हुने गरेको छ ।

सन्तोष गरीब परिवारका हुन् । बुवा नभएका कारण उनले नै आमा र भाइको लालनपालन, पढाइ, औषधीमूलो, लुगाफाटो सबैको व्यवस्था गर्नुपर्छ । उनीसँग तीन रोपनी पाखोबारी छ । उब्जनी नाम मात्रको हुने गरेको छ ।

घरको कमजोर आर्थिक अवस्थाका कारण उनले १२ कक्षाभन्दा बढी पढ्न पाएनन् । गाउँमा कुनै रोजगारी नपाएपछि उनी कमाउनका लागि कलिलो उमेर मै केही वर्षअघि भारततिर गए । उनी त्यहाँ चौकीदारी गर्दथे । चौकीदारी गरि कमाएको रकमबाट उनको परिवारको गुजारा चलेको थियो । तर, उनको त्यही काम पनि विश्वव्यापी कोरोना महामारीले गुम्यो ।

घर फर्किएपछि उनले केही समय गाउँमै काम खोजे, तर भेटाएनन् । उनी के गर्ने ? भन्ने चिन्तामा रहेको वेला गाउँमा सिर्जना परियोजना लागू भयो । सिर्जनाले भारतबाट रोजगारी गुमाएर फर्किएका युवाहरूका लागि रोजगारीमुलक तथा सीपमुलक कार्यक्रम सञ्चालन गर्ने कुरा थाहा पाएर उनी पनि समूहमा आवद्ध भए ।

परियोजनाले एक महिने हाउस वाइरिङ व्यावसायिक सीप विकास तालिम सञ्चालन गऱ्यो । तालिमपछि उनले परियोजनाबाट हाउस वाइरिङका लागि आवश्यक औजार उपकरणहरू पनि सहयोग पाए । उनी काममा लागे ।

थलारा गाउँपालिकाले गाउँमा विद्युतिकरणको काम सुरु गऱ्यो । बिजुलीका लाइनहरू तान्ने काम अघि बढ्यो । सन्तोषले घरघरमा बत्ती जोड्ने, मिटर बक्स राख्ने, वाइरिङ गर्ने काम सुरु गरे ।

उनी भन्छन् - 'मैले अहिलेसम्म मेरो गाउँमा एक सय भन्दा बढी घरमा बिजुली जोड्ने र मिटर बक्स राखिसकेको छु । छिमेकी गाउँहरूबाट पनि कामका लागि बोलाइरहेका छन् । भ्याइनभ्याइ छ ।'

उनी साथीहरूसँग मिलेर हाउस वाइरिङको काम पनि गरिरहेका छन् । बिजुली वाइरिङको पारिश्रमिक तथा बिजुलीका सामान बिक्रीबाट आउने नाफाबाट उनी सन्तुष्ट छन् । भन्छन् - 'मैले तालिम लिएपछि बिजुली वाइरिङ र बिजुलीका सामान बिक्रीबाट एक लाख ५० हजार रुपैयाँ कमाइसकेको छु । भाइको पढाइसहित परिवारको लालनपालन राम्रैसँग भइरहेको छ ।' उनले समूह, सहकारी संस्था र एउटा लघुवित्त संस्थामा मासिक रुपमा बचत जम्मा गरिरहेका छन् ।



बिजुली वाइरिङको कामबाट निकै सन्तुष्ट सन्तोषलाई आफूले काम गरेको घरमा बिजुली बलेपछि निकै खुसी लाग्छ । उनी भन्छन् - 'आफूले बिजुली जोडेको घरमा झलमल्ल बत्ती बलेपछि मन नै उज्यालो भएर आउँछ ।'

*(इलेक्ट्रिसियन सन्तोष ओलीसँग परियोजना फिल्ड सहजकर्ता प्रेम बहादुर ओलीले गरेको कुराकानीमा आधारित)*

# परम्परागत पेसालाई आधुनिक बनाउँदै

बझाङ थलारा गाउँपालिका-७, आग्रीटोलका सिङ्गे आग्री (४१) ले बाबुबाजेको परम्परागत पेसा आफर (आरन) लाई व्यावसायिक रुपमा अघि बढाइरहेका छन् । उसो त उनले धेरै वर्षसम्म आरन पेसालाई त्यागेर भारतमा मजदुरी गरेका थिए, तर अहिले यसैलाई आम्दानीको मुख्य स्रोत बनाइरहेका छन् ।

उनको सात जनाको परिवार छ । करीब दुई रोपनी पाखोबारी छ । सुदरपश्चिम प्रदेशको पहाडी जिल्लामा वर्षौंदेखिको खलो प्रथाको अवशेष अझै पनि बाँकी छ । गाउँघरमा आरन पेसा गर्नेहरूले कुटोकोदालो, हसिँया, बञ्चरो लगायतका कृषि उपकरण बनाए वा मर्मत गरे वापत थोरबहुत अन्न पाउने गर्दथे । सिंगेलाई त्यो पेसाबाट गरीबी कम हुँदैन भन्ने लागेको थियो । अनि उनी रोजगारीका लागि भारतको नयाँदिल्ली पुगे । त्यहाँ उनले १० वर्ष बढी चौकीदारी गरे ।

दैनिक १२ घन्टा चौकीदारी गर्नु पर्दथ्यो । त्यो वापत पाउने पारिश्रमिकबाट जेनतेन परिवारको गुजारा चलिरहेको थियो । तर, त्यो रोजगारी पनि कोरोना महामारीका कारण गुम्यो । उनी घर फर्किन बाध्य भए ।

गाउँ फर्किएपछि उनीसँग कुनै रोजगारी थिएन । उनले आफ्नो पुर्ख्यौली पेसा आफर (आरन) पुनः सुरु गरे । यससँगै उनले कुखुरा र हाँस पालन पनि सुरु गरे । उनले एक वर्षमा ४५ हजार रुपैयाँको कुखुरा र हाँस बिक्री गरे ।

सिंगेले आफर र कुखुरापालन जारी राखेकै वेला उनी गाउँमा लागू भएको सिर्जना परियोजनाको समूहमा सदस्य बने । समूहमार्फत् परियोजनाले सञ्चालन गरेको उद्यमशीलता तालिम र आफर उद्यम व्यावसायिक योजना तयारी कक्षामा उनी सहभागी भए ।

परियोजनाले उनलाई इलेक्ट्रिक ग्राइन्डिङ मेसिन, कटर मेसिन, वेल्डिङ मेसिन र हाते औजार सहयोग प्रदान गर्‍यो । उनले आरनमा सोलार पावर र विद्युत लाइन जडान गरेका छन् । आरनलाई व्यावसायिक बनाउने क्रममा छन् ।

उनले सेवा तथा वस्तुको दर रेट बनाएर भित्तामा टांसेका छन् । भित्तामा टांसेको दर रेट देखाउँदै उनले भने - 'यो जमानामा खलो (बालीघरे) प्रथा धानेर परिवार पाल्न सकिँदैन । मैले आफ्नो कामको दर रेट टाँसेको छु । ग्राहकलाई यहीँ देखाउँछु । नगदमा मात्रै काम गर्ने गरेको छु ।'

उनले आरनमा कृषि औजार तथा भाँडाकुँडा बनाउने र मर्मत कार्य गरिरहेका छन् । आरनबाट उनले मासिक करीब ३० हजार रुपैयाँ कमाइरहेका छन् । "म अहिले निकै सन्तुष्ट छु । काम राम्रै चलेको छ" । मलाई हौसला र सहयोग गरेकोमा सिर्जना परियोजनालाई धन्यवाद सिंगेले भने ।

*(उद्यमी सिङ्गे आग्रीसँगको परियोजना फिल्ड सहजकर्ता नरदेव भण्डारीले गरेको कुराकानीमा आधारित)*



# रोजेको काममा रमाउँदै

बुवाको असामायिक निधनपछि भर्खर युवावस्थामा प्रवेश गरेका बझाङ, थलारा गाउँपालिका-३ बायल गाउँका सुनिल ओली (२०) माथि परिवारको जिम्मेवारी आइलाग्यो । उनका बुवाको रोजगारीका क्रममा केही वर्षअघि मृत्यु भएको थियो । आर्थिक अवस्था निकै कमजोर रहेको नौ जनाको परिवारलाई सघाउन उनी २०७५ सालतिर भारत तर्फ लागे । त्यहाँ उनले चौकीदारी गर्दथे । तर, अर्को वर्ष (२०७६ साल) को अन्त्यतिर कोरोना महामारी फैलियो । भारतका विभिन्न राज्य तथा शहरमा रहेका अधिकांश नेपालीहरूको रोजगारी सकियो । सबै धमाधम घर फर्किन थाले । सुनील पनि फर्किए ।

नौ जनाको संयुक्त परिवार र गरिखानका लागि पुग नपुग तीन रोपनी खेतबारी छ । जग्गाको उब्जनीले मुस्किलले तीन महिना धान्छ । १० कक्षासम्म पढेका सुनिलले गाउँ फर्किएपछि दैनिक ज्यालादारी मजदुरको काम खोजे । तर भेटाएनन् ।

उनले गाउँ नजिकै झोताबजारमा खाजा पसल खोले । कोरोना महामारीका कारण खाजा पसल चलेन । टहराको भाडा तिर्न पनि समस्या भयो । उनी फेरि भारततिर जाने तरखरमा लागे ।

त्यही समय बायल गाउँमा सिर्जना परियोजना सञ्चालन भयो । उनी पनि परियोजनाले गठन गरेको समूहको सदस्य बने । समूहको निर्णय, माग र वडा कार्यालयको सीफारिसमा परियोजनाबाट सुनिललाई फ्रेस हाउस (माछामासु बिक्री गर्ने पसल) सञ्चालनका लागि सहयोग प्राप्त भयो । उनले परियोजनाबाट फ्रिज, ग्यास सिलिण्डर, हिटर, डिजिटल तराजु लगायतका सामान सहयोग पाए ।

उनी कस्सिएर फ्रेस हाउस सञ्चालनमा लागे । उनको कारोबारले गति लियो । भन्छन् - 'मेरो कारोबार राम्रो चलेको छ । मासिक ५४ हजार रुपैयाँ जतिको मासु बिक्री हुन्छ । खाजा पसल पनि राम्रै चलेको छ ।'

उनले कोरोबारका लागि लघुवित्त संस्थाबाट उद्यम कर्जा लिएका छन् । नियमित रुपमा लघुवित्त संस्थाको किस्ता बुझाउँछन् । उद्यम समूह र सहकारी संस्थामा मासिक एक हजार पाँच सय रुपैयाँ बचत गर्छन् । सिर्जना परियोजनालाई धन्यवाद दिँदै उनी भन्छन् - 'मैले रोजेको कामका लागि सहयोग र हौसला पाएको छु र खुसी छु ।'

*(उद्यमी सुनील ओलीसँग परियोजना फिल्ड सहजकर्ता प्रेम बहादुर ओलीले गरेको कुराकानीमा आधारित)*



## आफू रोजगार बनेर अरुका लागि पनि रोजगारी सिर्जना

बझाङ, थलारा गाउँपालिका वडा नं.२, बगाडाका दिनेश खड्का बर्ष २० का हुन । उनी हाउस वाइरिङका दक्ष युवा जनशक्ति हुन् । माध्यमिक कक्षाको पढाइ पछि उनी मजदुरी गर्न भारत गए र एक वर्ष ज्यालादारी गरे । कोभिड १९ को महामारीमा काम बन्द भयो र उनी नेपाल फर्किए । उनको घरपरिवारमा छ जना सदस्य छन् । चार नाली (करीव दुई रोपनी) खेतबारीमा उब्जेको अन्नले ६ महिना जति मात्र परिवार धानिन्छ ।

नेपाल फर्किएपछि दिनेशले स्थानीय बजारमा सानो मोवाइल मर्मत पसल खोले । उनले मोवाइल मर्मत गर्ने सीप भने आफ्नै लगानीमा चैनपुर स्थित मामाभान्जा मोबाइल ग्यालरी चैनपुरबाट सिके । मोवाइल पसलमा मात्रै उनको दिनभरीको समय खपत भएन । उनले रोजगारीका अन्य विकल्पहरु पनि खोजिरहेका थिए । त्यसैबेला गाउँमा सिर्जना परियोजना लागु भयो । दिनेश पनि परियोजनाद्धारा गठन गरिएको समूहमा आवद्ध भए ।

परियोजना लागु हुदैं गर्दा गाउँपालिका विद्युतिकरण योजनाको क्रममा थियो । गाउँपालिकासँग समन्वय सहकार्य गरेर परियोजनाले नौवटा वडाका नौजना प्रवासबाट फर्किएका युवाहरुलाई एक महिने हाउस वाइरिङ व्यावसायिक सीप विकास तालिम प्रदान गऱ्यो । दिनेश पनि सो तालिममा सहभागी भए । तालिम पश्चात् उनले हाउस वाइरिङ काम सुरुवात गर्न औजार उपकरणहरु पनि प्राप्त गरे ।

तालिमपछि दिनेशले आफ्नो वडा र छिमेकी वडामा समेत गरी आजसम्म दुईसय ५० घरधुरीमा राष्ट्रिय प्रसारण लाइनबाट बत्ति जोड्ने र मिटरबक्स जोड्ने काम गरिसकेका छन् । छिमेकी पालिकाहरुमा पनि हाउस वाइरिङको सेवा दिन्छन् । हाउस वाइरिङको सामाग्रीबाट केही फाइदा बस्छ, र ज्याला वापत छुट्टै कमाइ हुन्छ । उनले हालसम्म हाउस वाइरिङको कामबाट दुई लाख ५० हजार रुपैँया भन्दा बढी कमाएका छन् । उनले आफ्नो कमाइबाट व्यावसायिक कर्जाको किस्ता तिर्दै आएका छन् भने, मोवाइल मर्मत पसलमा सामाग्री थप गरेका छन् र वाइरिङको तार र सामाग्रीहरुमा लगानी गरेका छन् । घरपरिवारमा पनि खर्च सहयोग गर्दै आएका छन् । त्यसैगरी कमाइबाट मासिक १२ हजार रुपैँया बचत पनि गर्छन् ।

मोवाइल मर्मत पसलमा एक जना स्थानीय युवालाई मासिक तलव दिएर काममा राखेका छन् । उनी भन्छन् 'स्वदेशमा नै बसेर आफू पनि रोजगार बन्ने र अरुलाई पनि अझै धेरै काम दिन सक्ने बन्न पाए हुन्थ्यो भन्ने लाग्छ । सहयोग र उत्प्रेरणाको लागि सिर्जना परियोजनालाई धन्यवाद भन्न चाहन्छु ।'

*(उद्यमी दिनेश खड्कासंग परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*



## विदेशको श्रमकैदी जीन्दगीबाट छुटकारा पाएर गाउँमै उद्यमी बन्दै

वर्ष ३४ का इन्द्र बहादुर विष्ट बझाङ, थलारा गाउँपालिका वडा नं.४ मोयलका नमुना कृषक उद्यमी हुन् । उनको घरमा ११ जनाको जहान छ र पुग नपुग ५ रोपनी खेतबारी छ । स्नातकसम्मको अध्ययन गरेका इन्द्र राम्रो रोजगारीको खोजीमा खाडी मुलुक दुवइ पुगे, जहाँ उनले कुनै दिन २४ घण्टासम्म पनि श्रम गरे । दुवइमा उनले करीव चारवर्ष श्रमकैदी बन्दी जस्तै जिन्दगी विताए । काम गर्दा हुने सानोतिनो त्रुटी वापत शारीरिक मानसिक यातना पनि भोगे ।

इन्द्र बहादुर भन्छन् 'भिसा सकेर नेपाल आउँदा मैले पुनर्जन्म पाए जस्तै लाग्यो ।' उनी घर आइपुग्दा कोभिड १९ महामारीका कारण प्रवासबाट गाउँ फर्किएका युवाहरुको संख्या बाक्लै थियो । केही युवाहरु गाउँमा रोजगार बन्ने उपाय नदेखेर फेरि प्रवासतिरै फर्किने क्रममा पनि थिए । इन्द्र बहादुर चाहिँ आफ्नै खेतवारी स्याहार्ने, कुटो कोदालो गर्ने तर विदेश नजाने सोंच बनाएर व्यावसायिक तरकारी खेतीमा लागे ।

यसै क्रममा सिर्जना परियोजनासँग उनी सम्पर्कमा आए । आफ्नै अगुवाइमा कृषक समूह गठन गरे । परियोजनाबाट सिंचाई पोखरी निर्माण, व्यावसायिक योजना निर्माण, वित्तीय साक्षरता, तरकारीमा लाग्ने रोग कीराको उपचार, गोठ सुधार सहयोग आदि प्राप्त भयो । समूह मार्फत् उनका सदस्यहरुले कृषि सामाग्रीहरु र उन्नत जातको वीउ विजन पनि प्राप्त गरे । यसको अलावा समूहले कृषि प्रविधिका रुपमा गहुँ चुट्ने थ्रेसर समेत परियोजनाबाट प्राप्त गऱ्यो ।

तालिम र सहयोगपछि उनी लगायत समूह सदस्यहरुले व्यावसायिक तरकारी खेतीमा प्रगति गरेका छन् । उनले यसै वर्ष एकलाख ५० हजार रुपैंया भन्दा बढीको तरकारी विक्री गरे । यो कमाइले बालबच्चाको पढाइ खर्च, घरपरिवारको खर्चमा भरथेग भएको छ । उनी समूह र सहकारीमा गरी मासिक एक हजार पाँचसय रुपैंया बचत गर्छन् र जीवन विमा बापत १० हजार रुपैंया वार्षिक विमा शुल्क जम्मा गर्छन् ।

मेहनत र परीश्रमका धनी इन्द्र बहादुर स्वदेशमा नै बसेर नुनदेखि सुनसम्म फलाउन सकिन्छ भन्ने उदाहरण बन्न चाहन्छन् । उनी भन्छन् 'पैसाकै लागि अरुको देशमा दास बन्नु भन्दा आफ्नै गाउँठाउँमा उद्यम व्यावसाय गरेर मालिक बन्नु निको छ ।' परिवारसँगै बसेर कृषि उद्यममा रमाएका उनी भन्छन् 'गर्नु त अझै धेरै छ, तर यतिसम्म गर्ने हौसला र सहयोगका लागि सिर्जना परियाजनालाई धेरै धन्यवाद दिन चाहन्छु ।'

*(उद्यमी इन्द्र बहादुर विष्टसंग परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*



# व्यावसायिक तरकारी खेतीले मनका पीडा भुल्दै

थलारा गाउँपालिका वडा नं.३ बायलकी सितादेवी ओली वर्ष ३७ की एकल महिला उद्यमी हुन् । उनले आफ्ना श्रीमान्सँग भारतमा तीनवर्ष फूल टिप्ने र गोडमेल गर्ने मजदुरी काम गरिन् । तर दुर्भाग्यवस उनका श्रीमान्को भारतमा नै मृत्यु भयो । श्रीमान्को मृत्यूपछि उनी पाँच वर्षको कान्छो छोरो लिएर नेपाल फर्किन् । उनको घरपरिवारमा नौजनाको जहान छ र जम्मा १२ नाली (करीव तीन रोपनी) खेतवारी छ । खेतवारीको उत्पादनले उनको परिवारलाई वर्षको तीन महिना मात्र खान पुग्छ । श्रीमान्को मृत्युपछि घरको दैनिकी चलाउन साह्रै गाह्रो भएपछि आर्थिक, मानसिक सबैखाले दुःख पीडा उनले एकै पटक भोगिन् ।

सीताले अलिअलि गर्दै बारीमा तरकारी लगाउन सुरु गरिन् । उनी गाउँमा सिर्जना परियोजनाले गठन गरेको कृषक समूहमा आवद्ध भइन् र तीनदिने तरकारी खेती तालिम लिइन् । तालिमपछि परियोजनाबाट तरकारीको विउ विजन, सिंचाई पाइप, हजारी, स्प्रे, झोलमल बनाउने ड्रम आदि सामग्री सहयोग पनि प्राप्त गरिन् । मनमा जति दुःख पीडा भए पनि उनी तरकारी खेतीमा लागिरहिन् ।

सीताले एकै सिजनमा टमाटार बिक्रीबाट ३० हजार रुपैँया कमाइ गरिन् । उनीसँग हाल एकवटा प्लाष्टिक टनेल छ, पाँचवटासम्म प्लाष्टिक टनेलमा तरकारी खेती विस्तार गर्ने उनको आगामी योजना छ । व्यावसायिक तरकारी खेतीमा व्यस्त रहन थालेपछि उनलाई आफ्नो मनको पीडा पनि भुल्न सजिलो भएको छ । सितादेवी भन्छिन् 'तालिमले आँखा खुल्यो, पीडा भुल्ने बाटो पनि भयो, सिर्जना परियोजनालाई धेरै धन्यवाद छ ।'

*(कृषक सिता देवी ओलीसंग परियोजना फिल्ड सहजकर्ता प्रेम बहादुर ओलीले गरेको कुराकानीमा आधारित)*



# कृषिलाई उद्यमशीलतासँग जोड्दै, बजारीकरणमा पाइला चाल्दै कोटभैरव कृषि सहकारी

तिर्कुलो, भाङ्गो, टिमुर, भटमास, मास, सेतो मास, गहत, गुराँस र मास (मस्याङ) यस क्षेत्रको रैथाने उत्पादनहरु हुन् । तिरकुलो र भाङ्गोको अचार सुदुरपश्चिमकै मौलिक स्वाद हो । भटमास यस क्षेत्रको नगदेबालीको रुपमा चिनिदै गएको छ । धनगढीबाट ठूला व्यापारीले घरगाउँबाटै संकलन गरेर भटमासको भारी पुऱ्याएर लैजाने गरेका छन् । कागुनो, मार्स्या, मौरीको मह आदिको राम्रो माग छ तर उत्पादन प्रशस्त छैन । रातो मार्सी, हंसराज बासमती र थापा चिनी धान, कोदो, तिते फापर, कागुनो आदि प्रायः लोप भएर जाने क्रममा छन् ।

वि.सं.२०७७/२०७८ मा कोभिड महामारीसँगै यस गाउँपालिकाका हजारौं संख्यामा युवाहरु प्रवासबाट रोजगारी गुमाएर घर फर्किए । ति मध्ये ९० प्रतिशतभन्दा बढी भारतमा मजदुरी काम छाडेर गाउँ फर्किएका धेरैजसोको घरपरिवारमा विहान बेलुका हातमुख जोर्ने उपायसम्म भएन । यसै क्रममा कीआ, कोर्डेड र यू.एम.एन.को सहकार्य र प्रगतिशील युवा समाजको साझेदारीमा यस गाउँपालिकामा सिर्जना परियोजना सञ्चालनमा आयो । थलारा गाउँपालिकासँग समन्वयमा सञ्चालित यस परियोजनाको मुख्य उद्धेश्य स्थानीय स्तरमा नै युवा रोजगारी सिर्जना गर्नु हो ।

युवा रोजगारी सिर्जना गर्ने उद्धेश्य अन्तर्गत छिटो प्रतिफल र उच्च मूल्यदिने कृषिमा आधारित उद्यमशीलता सिर्जना र विकासमा सहयोग गर्नु परियोजनाको एउटा मुख्य उद्धेश्य रहेको छ । कृषकका हातमा पैसा परेपछि उत्पादनमा वृद्धि हुन्छ भन्ने हेतुले परियोजनाले स्थानीय कोटभैरव कृषि सहकारी मार्फत् बिक्री कक्ष स्थापना र सञ्चालनमा सहयोग पुऱ्याएको छ । सहकारीले बिक्रीकक्ष मार्फत् टिमुर, अलैंची, तिर्कुलो, भाङ्गो, मह, सेतो/कालो मास, गुराँस मास (मस्याङ), गहत, भटमास, सिस्नु पाउडर, घीउ आदि संकलन र बिक्री वितरण गर्दैआएको छ । दारिमको चुक, कागतीको चुक, रातो मार्सी चामल, हंसराज बासमती चामल थोरै मात्रामा संकलन र बिक्री कारोवार हुँदै आएको छ । यस सुरुवाती दुई वर्षमा सहकारीले बिक्रीकक्ष मार्फत् एक लाख ३४ हजार ५० रुपैँया बराबरको उच्च मूल्य दिने कृषि उपज संकलन तथा बिक्री गरेको छ । जसबाट सहकारीले ११ हजार नौसय ८५ रुपैँया मुनाफा आर्जन गरेको छ ।

सहकारीले कृषि उपज संकलन र बिक्रीबाट औसत ९ प्रतिशतका दरले मुनाफा गरेको देखिन्छ । कृषकहरुमा पनि उत्पादन गर्ने र बिक्री गर्न ल्याउने हौसला बढेको देखिन्छ । अनलाइन बजारीकरणको माध्यमबाट पनि बजार माग सिर्जना गर्ने र बिक्री कारोबार वढाउने उद्धेश्यले परियोजनाको सहयोगमा सहकारीले थलारा कृषि उपज फेसबुक पेज र कोटभैरव सहकारी वेभसाइट पेज सञ्चालनमा ल्याएको छ । प्रशस्त प्रचार प्रसारका लागि स्थानीय रेडियो एफ.एम.बाट विज्ञापन प्रसारण गर्ने काम पनि सहकारीले गरेको छ । यसरी विभिन्न सञ्चारका माध्यमबाट उच्च मूल्य दिने कृषि उपजको बजारीकरणसँगै थलारालाई चिनाउने प्रयास स्वरुप सहकारीले बिक्री कक्ष सञ्चालन गर्दैआएको छ ।

परियोजनाको सहयोगमा सहकारीले बेसार उत्पादक कृषक समूहबाट पाँचसय ६५ के.जी.काँचो बेसार खरीद गरी प्रशोधन गरेर शुद्ध अर्गानिक बेसार बिक्री गरेको छ । पहिलो वर्षको उत्पादन सहकारीले एकमुष्ठ खरीद गरिदिएपछि हौसिएका कृषक समूहले यो वर्ष पनि व्यावसायिक बेसार, अदुवा खेती गरेका छन् । यसबाट सहकारीले मूल्यश्रृंखलाको अभ्यास सुरु गरेको मान्न सकिन्छ । सहकारीले उक्त काँचो बेसारलाई प्रशोधनको प्रक्रिया गरी शुद्ध बेसार पाउडर उत्पादन गरी बिक्री गर्दैआएको छ । सोही मेसिनमा सिस्नुको पाउडर प्रशोधन गरेर समेत बिक्री सुरु गरेको छ । सहकारीलाई बेसार तथा सिस्नु पाउडर प्रशोधन गर्ने सो मेसिन परियोजनाबाट सहयोग प्राप्त भएको हो । सहकारी व्यावस्थापक रेखा रोकाया भन्छिन् 'बिक्रीकक्षमा कृषि उपज बेच्न पाउँदा उत्पादक कृषक पनि खुशी छन्, सहकारीलाई पनि केही मुनाफा बस्ने भएकोले दुवै पक्षलाई फाइदा छ ।'

त्यसो त परियोजनाले तेल प्रशोधन मेसिन समेत सहकारीलाई सहयोग गरेको छ। बिद्युत प्राधिकरणद्धारा ट्रान्समिटर जडान पश्चात् सहकारीले ज्याला लिएर तेल प्रशोधन सेवा दिने तयारीमा बिद्युत मिटर जडान गरिसकेको अवस्था छ। गाउँपालिकाले तेलमिल सञ्चालनका लागि टहरा निर्माणमा १ लाख रुपैँया अनुदान सहयोग गरेको छ। गाउँमा नै तेल प्रशोधन मेसिन जडान भएको समाचारसँगै कृषकहरुले तोरी उत्पादनमा बृद्धि गरेको पाइएको छ। तोरीको खेतीमा वृद्धिसँगै मौरी संरक्षणमा फाइदा पुग्ने देखिएको छ। पालिकामा परियोजनाबाट व्यावसायिक मौरीपालन मार्फत् युवा रोजगारी सिर्जनामा पनि आधुनिक घार र मौरी गोला सहयोग हुँदै आएको छ।

सहकारीमा प्रवासबाट फर्किएर आएका युवाहरु र तिनका परिवारहरु पनि सदस्य छन्। व्यावसायिक कर्जा उपलब्ध गराइ उद्यम विस्तार र रोजगारी वृद्धिमा सहयोग पुऱ्याउने उद्धेश्यले परियोजनाले सहकारीलाई ‘उद्यमी युवा घुम्तिकोष’ स्थापना र परिचालनमा सहयोग पुऱ्याएको छ। उक्त कोषमा परियोजनाको अनुदान ६ लाख १२ हजार ८ सय रुपैँया रहेको छ भने, थलारा गाउँपालिकाले ५ लाख रुपैँया अनुदान सहयोग गरी जम्मा ११ लाख, १२ हजार ८ सय रुपैँयाको उद्यमी युवा घुम्तिकोष स्थापना भएको छ। कोषबाट १२ जना युवाहरुले व्यावसायिक कर्जा प्राप्त गरी उद्यम विस्तार र रोजगारी सिर्जनामा थप गरेका छन्।

सहकारीका अध्यक्ष हर्क विष्ट भन्छन, ‘परियोजनाले सहकारीलाई बजारीकरणको अभ्यास गराएको छ। सहकारीमा आवद्ध सदस्यहरु र सहकारी मार्फत् कृषक उत्पादकहरु सबैलाई उद्यम, व्यावसाय गर्न परियोजनाले बाटो देखाएको छ। हामीले सहकारी मार्फत् कृषि उपजको बजारीकरणको काम सुरु गरेका छौँ अनि कृषिलाई उद्यमशीलतासँग जोड्न सिकिरहेका छौँ। कृषि सहकारी सञ्चालन गरेर मात्र कृषिमा व्यावसायिकरण हुँदैन रहेछ। सहकारीले कृषिउपजको बजारीकरणमा जोड दिनुपर्ने रहेछ भन्ने कुराको महसुस भएको छ। व्यावस्थापन र सेवामा सुधार ल्याउने हाम्रो निरन्तर प्रयास छ। म सिर्जना परियोजनालाई हृदयदेखि धन्यवाद दिन चाहन्छु। सँगसँगै, स्थानीय सरकारको आर्थिक सहयोग र हौसलाका लागि म थलारा गाउँपालिकालाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु।’

*(सहकारी अध्यक्ष हर्क बहादुर विष्टसंग कोडेड फिल्ड सुपरभाइजर गणेश बहादुर पार्कीले गरेको कुराकानीमा आधारित)*



# बाँकी जीवन गाउँमै उद्यमी बन्दै

बझाङ जिल्ला थलारा गाउँपालिका वडा नं.४ मोयलका भिम बहादुर विष्ट कुखुरापालन उद्यमी हुन् । स्नातक उर्तिण गरेका भिम रोजगारी खोज्दै भारत गएका थिए र त्यहाँ दुईवर्ष चौकीदारी गरे । दैनिक १४ घण्टासम्म अथक रुपमा ड्यूटीमा खटेको कमाइले आफूलाई चाहिने खर्च छुट्याएर बाँकी रकम घरपरिवारमा खर्च पठाउने गर्थे । कोरोनाको भयावह महामारी फैलिएपछि त्यही रोजगारी पनि बन्द भयो । उनी घर फर्किए र जागिरको खोजीमा लागे तर कतै पनि कुनै काम पाएनन् ।

उनको घरपरिवारमा पाँचजनाको जहान छ तर उब्जाउ हुने जमिन चार नाली (करीव एक रोपनी) मात्रै छ । उक्त जमिनबाट उत्पादन भएको अन्नले परिवारलाई मुस्किलले तीन महिना खान पुग्छ । परिवारको आर्थिक गर्जो टार्न अन्य विकल्पको खोजीमा रहेको बेला सिर्जना परियोजनाको सम्पर्कमा उनी पुगे । परियोजनाको सहजीकरणमा गठित समूहमा उनी आवद्ध भए । समूह मार्फत् परियोजनाद्धारा सञ्चालित कामका लागि नगद कार्यक्रममा उनी जोडिए । परियोजनाको नगद ज्याला सहयोगमा उनले करीव तीनसय क्षमताको कुखुराको खोर निर्माण गरे । परियोजनाले सबै वडाहरुमा भिम लगायत ४० जना प्रवासबाट फर्किएका युवाहरुलाई तीन दिने कुखुरापालन सीप तालिम प्रदान गऱ्यो । तालिमपछि व्यावसाय सुरुवातका लागि १२ हप्ता पुगेका लोकल दाना खाने गिरीराज र न्यूहिमसायर जातका चल्ला ५० वटाको दरले सहयोग गऱ्यो ।

भिमले उक्त चल्लाहरु हुर्काएर १५ हजार रुपैँया कमाइ गरे । त्यसपछि उनले आफ्नै लगानीमा कुखुरापालनलाई निरन्तरता दिदैआएका छन् । कुखुरापालनसँगै उनले प्लाष्टिक टनेलमा तरकारी खेती पनि गर्दै आएका छन् । कुखुरापालन र तरकारीखेतीबाट हिजोआज उनी मासिक औसत १५ हजार रुपैँया आम्दानी गर्छन् । सो आम्दानीबाटै खोर निर्माणका लागि लिएको कर्जाको मासिक व्याज तिर्छन्, बालबच्चाको पढाइ खर्च र औषधी उपचारमा खर्च गर्छन् ।

भारतमा रोजगारी गर्दाखेरी नै भिमलाई ढाड दुख्ने समस्या सुरु भएको थियो । उनी भन्छन् - 'ज्यान सकुशल हुँदा भारतलाई पसिना बेचेँ, अवको बाँकी जीवन आफ्नै गाउँमा उद्यमी बन्ने कोशिसमा छु ।' लगनशील र सिर्जनशील भिम गाउँमै पनि थुप्रै अवसरहरु देख्छन् । अण्डा उत्पादनका लागि लोकल कुखुरापालन गर्ने उनको अवको योजना रहेको छ । उनी आफ्नै प्रयास र परियोजनाबाट पाएको सहयोग हौसलाबाट उत्साहित छन्, खुसी छन् ।

*(उद्यमी युवा भिम विष्टसँग परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*



# स्वतन्त्र पेशा नै आर्थिक आधार हो

हर्क बहादुर बि.क. बझाङ जिल्ला थलारा गाउपालिका वडा नं. १ सिमतोलाका नमुना उद्यमी हुन्। उनले १२ कक्षासम्मको शिक्षा पूरा गरेका छन्। अन्य युवाहरु जस्तै पढाइ सकेपछि उनी रोजगारीका लागि भारत गए र दैनिक १४ घण्टा मजदुरी काम गरे। भारतबाट कमाएर पठाएको पैसाले परिवारको घरखर्च दुःखसुख चल्दै थियो। विश्व महामारी कोरोना भयावह बन्दै गएपछि भारतको रोजगारी बन्द भयो। उनी नेपाल फर्कन बाध्य भए। गाउँ आएपछि उनले रोजगारीको खोजीमा खुब दौडिए तर कतै काम पाएनन्। उनको परिवारमा ४ जना सदस्यहरु छन्। परिवारसँग भएको पुग नपुग सात नाली (करीव दुई रोपनी) जमिनमा उब्जाएको अन्नले उनको परिवारलाई वर्षभरी खान धान्दैन। त्यसैले आम्दानीका लागि उनले तरकारी खेती र कुखुरापालन व्यावसाय गर्न थाले।

हर्कको गाउँमा सिर्जना परियोजना सञ्चालनमा आएपछि उनी पनि समूहमा आवद्ध भए। समूह मार्फत् सिर्जना परियोजनाबाट उनले तरकारीको बीउ विजन प्राप्त गरे। व्यावसाय स्तर उन्नतिका लागि वित्तीय साक्षरता अभिमुखीकरण र व्यावसायिक योजना निर्माणमा परियोजनाद्धारा सहजीकरण सहयोग प्राप्त गरे। हर्क गाउँका नमुना कृषक उद्यमी बन्दै गएका छन्। उनलाई बजारको समस्या छैन। उनले गाउँका आधारभूत प्राथमिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रमलाई आवश्यक पर्ने तरकारी आपूर्ति गर्ने ठेक्का सम्झौता हात पारे। हाल उनी तीनवटा विद्यालयमा मासिक जम्मा १२ हजार रुपैँया बराबरको तरकारी बिक्री गर्छन्। अण्डा दिने कुखुरापालन पनि गरेका छन् र दैनिक रुपमा कुखुराको अण्डा बिक्री गरेर आम्दानी गर्छन्। मासिक औसत २० हजार रुपैँयाका हिसावले वार्षिक न्युनतम सालाखाला दुई लाख ४० हजार रुपैँया आम्दानी गर्छन्। आम्दानीबाट उनी आफ्नो जीवन बीमाको शुल्क बुझांउछन् भने, मासिक एक सय रुपैँया बचत पनि गर्छन्।

हर्क आजको माग पहिचान गर्न सक्ने र भोली हुने आर्थिक कमाइ ठम्याउन सक्ने कृषक उद्यमी हुन्। भारतमा काम गर्दैगर्दा घर आउने जाने क्रममा राम्रो जातको आँपको कलमी विरुवाहरु किनेर ल्याउने र रोप्ने गरेका थिए। उनले पाखो कान्ले बारीभरी दुईसय पचास भन्दा बढी विरुवाहरु रोपेर हुर्काएका छन्। परियोजनाबाट उनले सिंचाइ सुविधाका लागि प्लाष्टिक पोखरी निर्माण सहयोग प्राप्त गरेका छन्। आँपका विरुवाले फल दिन सुरु गरेका छन्। यो सुरुको वर्ष उनले २० हजार रुपैँयाको आँप बिक्री गरेका छन्। अबको तीन वर्षमा आँपका सबै बोटहरुले व्यावसायिक फल दिनेमा उनी निश्चिन्त छन्। हर्क भन्छन् - 'उता भारतमा ठूल ठूला आँप बगैँचाले मन निकै लोभ्याउने गर्थ्यो, यता पाखो जमिन बाँझै थियो। जे त होला भनेर मैले विरुवा रोप्न थालेँ। कोरोनाले घर बस्नु पर्ने भएपछि यही विरुवाहरु स्याहार्न थालेँ। यो वर्षदेखि फल लाग्न थालेको छ, म साह्रै खुसी छु।'

*(कृषक उद्यमी हर्कसँग परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*



# भारतको मजदुरी त्यागेर व्यावसायिक बाख्रापालनबाट राम्रो कमाइ

वर्ष ३९ का रमेश बहादुर खाती बझाङ जिल्ला थलारा गाउँपालिका वडा नं. २ कफल काँडाका बाख्रापालन युवा उद्यमी हुन् । साँवा अक्षरसम्म पढ्न जान्ने उनी रोजगारीका लागि भारतको फरिदावाद पुगे र होटल मजदुरी र गाडी धुने काम गरे । दैनिक १० घण्टा काम गर्दा उनको हातगोडामा घाउ खटीरा आएर, पाकेर अत्यन्तै पीडा र सास्ती भोगे । भारतको मजदुरी काम असाध्यै कष्टकर भएपछि उनी नेपाल फर्किए ।

उनको घरपरिवारसँग २० नाली (पुग नपुग ५ रोपनी) जमिन छ तर १३ जनाको ठूलो परिवारलाई त्यसबाट उब्जेको अन्नले सात महिना भन्दा बढी थेग्दैन । उनले आम्दानीको अन्य विकल्पको रुपमा बाख्रापालनलाई रोजे । उनको गाउँमाथि बाख्रापालनका लागि प्रशस्त चरन क्षेत्र छ । जम्मा पाँचवटा बाख्राबाट सुरु गरेका रमेश खातीले अहिले ४२ वटासम्म बाख्रा संख्या पुऱ्याएका छन् । उनी भन्छन् -'यो सफलताको लागि मलाई सिर्जना परियोजनाबाट पनि सहयोग र हौसला प्राप्त भएको छ ।'

सिर्जना परियोजनाको सहजीकरणमा उनको गाउँमा बाख्रापालन समूह गठन भएपछि उनी पनि समूहमा आवद्ध भए । समूह मार्फत् उनले कामका लागि नगद कार्यक्रममा सहभागी हुने मौका पाए । परियोजनाबाट बाख्राको खोर निर्माण गरेवापत उनले नगद ज्याला प्राप्त गरे । सरकारको पशु बीमा अनुदान अन्तर्गत यो वर्ष २२ वटा बाख्रा बीमाका लागि परियोजनाबाट सहजीकरण र सहयोग प्राप्त गरेका छन् । त्यसैगरी परियोजनाले बाख्रा आणुवंशिक अनुसन्धान केन्द्र, बुढीतोला कैलालीसँगको समन्वयमा जमुनापारि खरी जातको बीउ बोका र बाख्रापालन अभिमुखीकरण कार्यक्रम गरेको छ । यस परियोजनाले रमेश लगायत बाख्रापालन गर्ने कृषकहरुलाई बाख्रा फाराम अवलोकन र केन्द्रका विज्ञ कर्मचारीलाई कृषकका घर घरमा स्थलगत प्राविधिक अनुगमन र अभिमुखीकरण गर्न सहयोग गरेको छ ।

रमेशले बाख्रापालनबाट निकै राम्रो कमाइ गर्दै आएका छन् । उनले बाख्रा, बोका तथा खसी बिक्री गरेर वार्षिक चार लाख ८० हजार रुपैंयासम्म आम्दानी गरेका छन् । आम्दानीबाट फेरी उनी थप बाख्राका पाठापाठीहरु खरीद गर्छन् । केही आम्दानी बालबच्चाको पढाइ खर्च र घरखर्च गर्छन् । भारतको मजदुरी कमाइ भन्दा घरपरिवारसँग बसेर बाख्रापालनबाट उनले राम्रो कमाइ गरेका छन् । उनी भन्छन्-'साँवा अक्षरसम्म मात्र पढेकाले पनि बाख्रापालनमा चाहिँ राम्रो गर्न सकिने रहेछ । यो सबै बाटो देखाउने भनेकै सिर्जना परियोजना हो, म हृदयदेखि धन्यवाद दिन चाहन्छु ।'

*(युवा उद्यमी रमेशसँग परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*



# बाँदर नलाग्ने नगदेवाली अदुवा बेसार खेती

बझाङ जिल्ला, थलारा गाउँपालिका वडा नं.१ पिपलकोटका रमेश राज जैशी वर्ष २२ का युवा कृषक उद्यमी हुन् । घरपरिवारको जिम्मेवारीका कारण रमेशले कक्षा १० पछि अध्ययनलाई निरन्तरता दिन सकेनन् । रमेश रोजगारी खोज्दै भारत पुगे र एक होटलमा दैनिक १४ घण्टासम्म निकै कष्टकर मजदुरी काम गरे । त्यही रोजगारी पनि कोरोना महामारीका कारण निरन्तर चल्न पाएन । कोरोनाको महामारी व्यापक रुपमा फैलिएपछि रमेश राज नेपाल फर्किए ।

रमेशको परिवारसँग लगभग चार नाली (करीव एक रोपनी) जग्गा छ । जमिनको उब्जाउले उनको चारजनाको परिवारलाई तीन महिना भन्दा बढी खान पुग्दैन । उनले पाएसम्म मजदुरी काम पनि गरे तर गाउँघरमा नियमित रुपमा मजदुरी काम पाउने कुरा भएन । यसै क्रममा उनको गाउँमा सिर्जना परियोजना सुरु भयो । रमेश परियोजनाको सहजीकरणमा गठन भएको समूहमा आवद्ध भए । समूह मार्फत् रमेश लगायत समूहका जम्मा १३ जनाले अदुवा बेसार व्यावसायिक खेती सुरुवात सहयोग वापत बीउ प्राप्त गरे । रमेश लगायत उनको समूहले परियोजनाबाट ३० के.जी. का दरले अदुवा, बेसारको बीउ र खेती लगाउने स्थलगत सीप तालिम पाए ।

रमेशले अदुवा र बेसार स्थानीय कृषि सहकारीलाई बिक्री गरेर २२ हजार रुपैँया आम्दानी गरेका छन् । रमेश भन्छन् -'हाम्रो समूहले अदुवा, बेसार खेतीलाई निरन्तरता दिएको छ । यो वर्ष हामीले आफ्नै उत्पादनबाट बीउ राख्यौँ । हामीसँग बीउ किनेर अन्य वडाहरुमा पनि व्यावसायिक अदुवा खेती सुरु भएको छ । तसर्थ हामी खुसी छौँ ।' अदुवा बेसार खेतीलाई बाँदरले नोक्सान पुऱ्याउँदैन । त्यसैले मकैसँग मिश्रित बालीको रुपमा रमेश उनका समूहले अदुवा बेसार खेतीबाट थप आम्दानी गरेका छन् । समूहका अन्य सदस्यहरुले स्थानीय बजारमा बिक्री गरेर १२ हजार रुपैँया देखि १८ हजार रुपैँया सम्म आम्दानी गरेका छन् ।

स्थानीय कृषि सहकारीले रमेश र समूहबाट बेसार खरीद गरि दिएको छ । सहकारीले आफ्नै मेसिनमा बेसार प्रशोधन र प्याकेजिङ गरेर शुद्ध अर्गानिक बेसार बिक्रीमा ल्याएको छ । यसलाई स्थानीय स्तरमा बजार श्रृंखलाको एउटा सुन्दर सुरुवात भन्न सकिन्छ ।

*(युवा कृषक उद्यमी रमेशसँग परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*



# चौपाया खरीद बिक्री र मासु व्यापारमा स्थापित

बझाङ जिल्ला थलारा गाउँपालिका वडा नं.८, पण्डित टोलका समशेर नेपाली युवा उद्यमी हुन् । उनी मासु काटेर बिक्री गर्ने फ्रेस हाउस सञ्चालक हुन् । उनी २८ वर्ष भारतमा मजदुरी काम गरेर नेपाल फर्किएका हुन् । उनले यसअघि धेरै किसिमका व्यावसायिक अनुभव हासिल गरेका छन् । उनको कुखुरापालन व्यावसायमा राम्रो अनुभव छ । खासगरी विभिन्न जिल्लाबाट घोडा, खच्चर, भेडा, च्यांग्रा लगायत चौपायाहरु खरीद गर्ने र बिक्री गरि राम्रो कमाइ गरेको उनको पृष्ठभूमि छ । व्यावसायकै क्रममा उनी उधारो कारोवारमा निकै नराम्रो गरी फँसेपछि आर्थिक संकटमा परे ।

कोभिड महामारी भयावह रुपमा फैलिएपछि टाढाका जिल्लाहरु जस्तैः जुम्ला, डोल्पा, दार्चुला, बाजुरातिर उनको घुमफिर र कारोवार ठप्प भयो । कोरोनाले सबैतिरको व्यापार व्यावसाय थला परेपछि उनले उधारो कारोवारमा फँसेको आफ्नो रकम उठाउन सकेनन् । उनि भन्छन्-'करीव १५ लाख रुपैँया उधारो कारोवारमा डुबें ।' खरीद बिक्री कारोवार राम्रो चलेको बेला उनले निकै प्रगति गरेका थिए । आफ्ना छोराछोरी नीजि विद्यालयमा पढाउने, भाइलाई रंगमञ्चको कलाकारितामा प्रवेश गराउने आदि कामहरुमा लगानी गरेको उनी सम्झन्छन् ।

सिर्जना परियोजनाले उनको गाउँमा कार्यक्रम सुरु गरेपछि समशेर पनि समूहमा आवद्ध भए र समूहको सिफारिसमा एक दिने खरीद बिक्री व्यापार अभिमुखीकरणमा सहभागी भए । उनले उक्त कार्यक्रम पछि स्थानीय उत्पादन संकलन तथा बिक्री गर्ने काममध्ये के कुराको बजार माग छ त ? भन्ने कुराको खोजी गर्न थाले । थुप्रै विकल्प मध्ये कुखुरा, खसी, बंगुर, राँगा गाउँघरबाट खोजेर ल्याउने र मासु काटेर बिक्री गर्ने फ्रेस हाउस व्यावसाय सञ्चालन गर्ने सोँचमा पुगे ।

समशेरले परियोजनाको सहजीकरण र सहयोगमा विधिवत् दर्ता गरी फ्रेस हाउस सञ्चालनमा ल्याएका छन् । परियोजनाबाट उनले फ्रिज, डिप फ्रिज, डिजिटल काँटा, ग्याँस, हिटिङ टर्च आदि सहयोग प्राप्त गरेका छन् । त्यसैगरी व्यावसायिक योजना निर्माणमा सहजीकरण सहयोग प्राप्त गरेका छन् । समशेर ताजा मासुको साथ साथै पकाएर बिक्री गर्छन् भने माग अनुसार सुकुटी बनाएर पनि बिक्री गर्छन् । मासु बिक्री कारोबार वार्षिक सालाखाला पाँचलाख ५० हजार रुपैँया हुन्छ । सबै खर्च कटाएर उनी वार्षिक दुईलाख रुपैँया मुनाफा गर्छन् ।

समशेरको यो व्यावसायमा उनका परिवार सदस्यहरु पनि लागेका छन् । छोराछोरीको पढाइ खर्च, बैंक कर्जाको किस्ता, घर खर्च, चाडपर्व खर्च व्यावसायले धानेको छ । उनी भन्छन्-'मेरा ग्राहकहरु पनि खुसी छन्, म पनि खुसी छु । यो व्यावसायको लागि सिर्जना परियोजना बाटो देखाउने नै हो । म हृदयदेखि धन्यवाद दिन चाहन्छु ।'



*(युवा उद्यमी समशेरसँग परियोजना फिल्ड सहजकर्ता नरदे व भण्डारीले गरेको कुराकानीको आधार मा)*

# गाउँठाउँ अनुसारको व्यावसाय रोज्दै, मौरीपालनमा खुशी हुँदै

विकट गाउँको विपन्न परिवारमा जन्मिएका वर्ष ३७ का ध्रुव बोहरा मौरीपालन तर्फ प्रगतिउन्मुख युवा उद्यमी हुन् । उनको गाउँ गोत्राडी बझाङ जिल्ला थलारा गाउँपालिका केन्द्रबाट निकै माथि वनक्षेत्रभित्र पर्दछ । जम्मा चारपाँच नाली (करीव एक रोपनी) जमिनमा १२ जनाको परिवारलाई जीविकोपार्जन गर्न साह्रै गाह्रो थियो । घरको दु:ख समस्या झेल्दै उनले गाउँबाट धाएर १२ कक्षासम्म अध्ययन गरे । गाउँमा रोजगारी पाउने आशा नभएपछि अन्य युवाहरु झैँ कामको अवसर खोज्दै भारततिर लागे । भारतमा उनले एक होटेलमा दैनिक निरन्तर १२ घण्टा भन्दा बढी समय मजदुरी काम गरे । निकै कष्टकर मजदुरी काम छाडेर एक वर्षपछि उनी गाउँ फर्किए ।

घरमा मुढे घारमा परम्परागत तरिकाबाट उनका बुबाले मौरीपानल गर्दै आएका थिए । एकातिर, गाउँमा नै महको बिक्री राम्रो भएको कारण यसलाई विस्तार गर्न पाए हुन्थ्यो भन्ने सोंच पलायो । अर्कोतिर, बाख्रापालनबाट परिवारको गर्जो टर्ने गरेको थियो । त्यसैले यही दुई कामले उनलाई गाउँमा अल्झाएर राखेको थियो । त्यसैबेला ध्रुवको गाउँमा सिर्जना परियोजना लागु भयो र उनी पनि समूहमा आवद्ध भए । परियोजनाको परामर्श र सहजीकरणमा उनले मौरीपालन र बाख्रापालनलाई व्यावसायिक रुपमा अगाडि बढाउन बहुउद्धेश्य कृषि तथा पशुपंक्षी फर्म दर्ता गरे । परियोजनाबाट पाँचवटा आधुनिक मौरीघार र सामाग्रीहरु सहयोग प्राप्त गरे । परियोजना माफर्त कामका लागि नगद कार्यक्रम अन्तरगत बाख्राको खोर सुधार गर्न ज्याला स्वरुप सहयोग पाएका छन् । उनको मौरीपालन र बाख्रापालन दुवैमा प्रगति राम्रो छ ।

परियोजनाले मौरीपालन सम्बन्धी विज्ञ अनुभवी उद्यमी परिचालन गरी मौरीपालन कृषकहरुलाई स्थलगत अभिमुखीकरण गर्ने कार्यमा सहयोग पुऱ्याएको छ । यस क्रममा ध्रुव लगायत उनका परिवारका सदस्यहरु समेतले मौरीको हेरचाह, घारहरुको सरसफाई र सुरक्षाबारे जानकारी प्राप्त गरेका छन् । त्यसैगरी मौरीपालन व्यावसायिक योजना निर्माणमा समेत परियोजनाले सहजीकरण गरेको छ । यस कार्यले उनलाई मौरीपालन उद्यमप्रति अझ थप हौसला प्रदान गरेको छ ।



ध्रुवले यस वर्ष ६५ के.जी.मौरीको मह एक हजार दुई सय रुपैँया प्रति के.जी.का दरले गाउँमा नै विक्री गरेर ७८ हजार रुपैँया कमाइ गरेका छन् । हाल उनीसँग पाँचवटा आधुनिक मौरीघार र ३० वटा मुढेघार गरी जम्मा ३५ वटा मौरी घार रहेका छन । यसलाई बढाउँदै लैजाने उनको योजना छ । बाख्रापालन तर्फ पनि उनको प्रगति छ । हाल उनको खोरमा २२ वटा बाखा छन् । यी दुवै व्यावसायको आम्दानीबाट भाइको भेटेनरी अध्ययनमा र बालबच्चाको विद्यालय पढाइ खर्चमा भरथेग हुने गरेको छ । उनले आफ्नो जीवनबीमाको वार्षिक शुल्क १५ हजार रुपैँया पनि यसै आम्दानीबाट जम्मा गर्दै आएका छन् । उनी भन्छन्-'गाउँठाउँ अनुसारको व्यावसाय रोज्ने मेहनत गर्न सक्दा पैसा गाउँमा नै कमाउन सकिने रहेछ । म आफ्नो कामप्रति खुशी छु ।'

*(युवा उद्यमी धुर्वसँग परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*

# गाउँको आवश्यकता पूरा गर्दै, रोजगार बन्दै

किशोर उमेरमा नै रोजगारीका लागि भारत गएका धनराज नेपालीले मजदुरी कामसँगै अनेक किसिमका दुःख भोगे, संघर्ष गरे । ग्रील उद्योगमा १० वर्षभन्दा लामो मजदुरी गरेका धनराज कोभिड महामारीका कारण उद्योग बन्द भए पश्चात नेपाल फर्किए । गाउँमा प्रवासबाट रोजगारी बन्द भएर घर फर्किएका युवाहरुको ठूलो संख्या थियो । तर उद्योग मजदुरी, रोजगारी केही पाएनन् । उनी खेतीपाती र कृषि मजदुरीमा अभ्यस्त थिएनन् । हातमा जे सीप छ त्यही काम गरेर परिवार पाल्नु पर्ने बाध्यता आयो । उनले सहकारी र लघु वित्तबाट कर्जा लिए र गाउँमा सानो ग्रील उद्योग सुरु गरे । गाउँपालिकाले प्रवासबाट फर्किएर आएका युवाहरुका लागि ग्रील सम्बन्धी सीप तालिम सञ्चालन गर्‍यो । उनले सो तालिमको प्रशिक्षक भएर काम गर्ने अवसर पाए । धनराज भन्छन् -'प्रशिक्षक भएर काम गर्न पाउँदा म जीवनमा पहिलो पटक सबै भन्दा धेरै खुसी भएँ ।'

उनले आफ्नो उद्योगबाट झ्याल ढोकाको फलामे ग्रील, रेलिङ, विद्यालयको फर्निचर, डेस्क-बेञ्च, फलामे खाट आदिको निर्माण सेवा दिन सुरु गरे । गाउँमा घरघरै पुगेर पनि निमार्ण, फिटिङको सेवा दिन उनलाई अर्डर आउन थाल्यो तर त्यसका लागि आवश्याक औजार थिएन । त्यसैबेला उनको गाउँमा सिर्जना परियोजना लागु भएको थियो । धनराज परियोजनाको सहजीकरणमा गठन भएको समूहमा आवद्ध भए । समूह मार्फत् परियोजनाले उनलाई ग्राइण्डर मेसिन, हाते ड्रील मेसिन, वेल्डीङ मेसिन, डिजिटल काँटा आदि औजारहरु सहयोग प्रदान गर्‍यो । धनराज भन्छन् -'मलाई साह्रै खाँचो परेको औजारहरु सहयोग पाएँ, यो हाते ड्रील मेसिन साह्रै हलुका र बोकेर हिड्न सजिलो छ । यसको प्रयोगले मलाई कमाइ गर्न सजिलो भएको छ ।'

धनराज मासिक एक लाख भन्दा बढीको कारोवार गर्छन् । जसबाट उनले मासिक औसत ३० हजार आम्दानी गर्छन् । उनलाई ग्रील उद्योगमा आफ्नो भाइले काम गर्न सहयोग गर्छन् र आवश्यकता अनुसार २ देखि ३ जना अन्य युवाहरुले पनि काम गर्दै आएका छन् । ग्रील उद्योगको कमाइबाटै उनले चारजना छोराछोरीको पढाइ खर्च, उपचार खर्च र घर खर्च टार्दै आएका छन् । त्यसैगरी कर्जाको नियमित किस्ता तिर्छन् भने, समूहमा मासिक एकसय रुपैँया बचत पनि गर्दै आएका छन् । धनराज भन्छन्-'अब घरपरिवारसँगै बसेर आफ्नै गाउँघरको सेवा गर्ने सोंच छ ।' ग्रील उद्योग सञ्चालन गरेर स्थानीय आवश्यकता पूरा गर्दै आएका धनराज एक उदाहरणिय युवा उद्यमी हुन् ।




*(युवा उद्यमी धनराज नेपालीसँग परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*

# प्रवासको दशवर्ष भन्दा आफ्नै उद्यमको एक वर्षे अनुभव मीठो

बर्ष ३४ का बहादुर बानिया थलारा वडा नं.२ काँडा, बझाङका युवा उद्यमी हुन । एस.एल.सी.उर्तिण गरेका बहादुरले भारतमा १० वर्षसम्म मजदुरी गरे । दैनिक १८ घण्टासम्म खटेर घरपरिवारमा उनी खर्च पठाउँथे । कोभिड महामारी फैलिएपछि काम बन्द भयो र अनेकन दुःख सास्ती भोगेर उनी नेपाल फर्किए । गाउँ आइपुग्नै लाग्दा क्वारेन्टाइनमा असहज रातहरु बिताएर बल्लतल्ल घर आइपुगे ।

उनको घरपरिवारमा पाखो दुई नाली (करीव आधा रोपनी) जमिन छ, तर त्यसको उत्पादनले उनको ५ जनाको परिवारलाई पुगनपुग दुई महिना मात्र खान पुग्छ । त्यसैले उनले गाउँमा पाएसम्म दैनिक ज्यालादारी काम गरे तर दैनिक रुपमा काम नपाउँदा बेरोजगार बन्ने गर्थे । कसरी नियमित रोजगार बन्ने भन्ने विकल्पको खोजी गर्ने क्रममा उनी सिर्जना परियोजनाको सम्पर्कमा आए ।

परियोजनाबाट सहजीकरण गरेर गठन भएको समूहमा आवद्ध भएपछि उनले तीन दिने कुखुरापालन सीप तालिम प्राप्त गरे । तालिमपछि व्यावसाय सुरुवात सहयोगका रुपमा १२ हप्ता पुगेका स्थानीय दाना खाने, रोग कम लाग्ने गिरीराज र न्यूहिमसायर जातका ४५ वटा चल्ला सहयोग पाए । उक्त चल्लामध्ये २० वटा माउ पोथीले अण्डा दिन थालेका छन् । उनी गाउँमै २५ रुपैंया प्रतिगोटा अण्डा बिक्री गरेर नियमित आम्दानी गर्छन् । बाँकी भाले र अण्डा बिक्री गरेर उनले जम्मा ४० हजार रुपैंया आम्दानी गरेका छन् ।

कुखुरापालनको आम्दानीबाट बहादुरले एकसय चल्ला थप गरी व्यावसाय बढाउँदै लगेका छन् । त्यसैगरि स्थानीय सहकारीमा आवद्ध भएर मासिक सय रुपैंया बचत गर्दै आएका छन् भने, सहकारीको सेयरमा समेत लगानी गरेका छन् । निरन्तर लगानी थप गर्दै व्यावसायिक कुखुरापालनमा स्थापित उद्यमी बन्ने उनको योजना छ । उनी भन्छन् ' आफ्नै घरपरिवारमा बसेर गाउँमै रोजगार बन्ने मेरो इच्छा छ । भारतमा १० बर्ष विताएको समय भन्दा गाउँमा एक वर्ष आफ्नै उद्यम गरेर बसेकोमा म बढी सन्तुष्ट छु र खुसी पनि छु ।'

*(युवा उद्यमी बहादुर बानियासँग परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*



# उद्यमलाई अझै राम्रो गर्न सक्छु भन्ने आँट पलाएको छ

पुनिदेवी बोहरा थापा (वर्ष २७) बझाङ जिल्ला, थलारा गाउँपालिका वडा नं. १ थापागाउँकी कृषक उद्यमी हुन् । उनका श्रीमान् भारतमा मजदुरी काम गर्थे । श्रीमान्सँगै भारत गएकी पुनिदेवि कोरोना महामारीको समयमा श्रीमान्सँगै नेपाल फर्किन् । उनको परिवारमा चार जनाको जहान छ । उनको परिवारसँग चार नाली (करीव एक रोपनी) पाखोबारी छ । बारीको उत्पादनले उनको परिवारलाई तीन महिना पनि खान पुग्दैन । भारतबाट फर्किएपछि गाउँमा रोजगारी नपाएपछि छरछिमेकमा ऋणकर्जा गरेर परिवारको खाँचो टार्नु पर्‍यो । विहान बेलुकाको छाक टार्ने उपाय नभएको साँझ भोकै पनि रात काट्नु परेको उनको अनुभव छ ।

कोरोनाको असर कम भएसँगै उनका श्रीमान् भारत फर्किए । त्यो समय गाउँमा सिर्जना परियोजना सुरु भएको थियो । पुनिदेवी भने परियोजनाले गठन गरेको समूहमा आवद्ध भइन् । परियोजनाबाट उनले व्यावसायिक कुखुरापालन तालिम र चल्ला सहयोग प्राप्त गरिन् । वित्तीय साक्षरता, व्यावसायिक योजना तयारी सहजीकरण आदि सहयोग पनि पाइन् । उनले गिरीराज र न्यूहिमसायर जातको ५० वटा कुखुरापालन गरेर भालेहरु राम्रो मुल्यमा विक्री गरिन् । पोथीहरुले दिएको अण्डा दिनहुँ विक्री गरेर उनले राम्रो फाइदा लिइन् । उनी भन्छिन्-'मेहनत गरेर उद्यमी बनेपछि मैले धेरै तालिमहरुमा सहभागी हुने अवसर पाएँ । धेरै कुरा सुन्ने, बुझ्ने मौका पाएँ मलाई अझै धेरै काम गर्ने हौसला मिलेको छ ।'

पुनिदेवीले भाले र अण्डा विक्री गरेर ४० हजार पाँचसय रुपैँया आम्दानी गरेकी छिन् । उनको खोरमा २५ वटा कुखुरा बाँकी छन् ।कुखुरा बिक्री गरेको आम्दानीबाट कुखुरा चल्लाथप गरेकी छिन् । उनले कुखुराको खोर पनि विस्तार गरेकी छिन् । कुखुरासँगै बाखापालनमा पनि लगानीथपेकी छिन् र अहिले उनले ४ वटा बाखाथप गरेकी छन् । पुनिदेवीले समूहमा मासिक सय रुपैँया बचत गर्दैआएकी छिन् । उद्यमीबन्ने हौसलाका लागि परियोजनाको आयोजनामा गाउँपालिकाद्धारा उनले प्रमाणपत्र समेत प्राप्त गरेकी छिन् । उनी भन्छिन् 'मागेर समेत छाक टार्नु पर्ने अवस्थाबाट यत्तिसम्म गर्न सकेकी छु । अव अझै गर्न सक्छु भन्ने आँट पलाएको छ ।सिर्जना परियोजनाले धेरै सहयोग गरेको छ । धन्यवाद भन्न चाहन्छु ।'

*(युवा उद्यमी पुनिदेवी बोहरा थापासँग परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*



# अल्लो उद्यमले परिवारको सहायक पेशाको रुप लिदै

वर्ष ४० की जौमती देवी खाती अल्लो प्रशोधन उद्यमी महिला हुन् । उनी अल्लोको लोकता बिक्री गर्छिन्, रेसाबाट धागो बनाउँछिन् र कपडा पनि बुन्छिन् । जौमतीको गाउँ बझाङ जिल्लाको थलारा गाउँपालिका वडा नं.२ को कफलकाँडा क्षेत्रमा प्रशस्त अल्लो पाइन्छ । कफलकाँडा गाउँपालिका केन्द्र भन्दा निकै दुर्गममा पर्दछ । यहाँका बासिन्दाहरुको दैनिक जीविकोपार्जन कठिन छ । हरेक घरपरिवारबाट मजदुरीका लागि भारत जाने संस्कार नै बसेको छ । जौमतीका श्रीमानले पनि भारतमा मजदुरी गरेका हुन् । हाल उनका दुई छोराहरु भारतमा मजदुरी गर्छन् ।

सिर्जना परियोजना जौमतीको गाउँमा लागु भएपछि युवाहरुका लागि स्थानीय रोजगारीको विकल्पहरुबारे छलफल भयो । छलफलबाट अल्लो प्रशोधन उद्यमको संभावना देखिएपछि परियोजनाले समूह गठन गर्न सहजीकरण गऱ्यो । पछि उक्त समूह मालिका भवानी अल्लो उद्यम समूहका नामले दर्ता भयो । जौमती यसै समूहको एक सक्रिय सदस्य हुन् । पहिलो चरणमा परियोजनाले समूहलाई १५ दिने अल्लो धागो बनाउने सीप तालिम प्रदान गऱ्यो । त्यसपछि २२ दिने अल्लोको कपडा बुनाइ सीप तालिम प्रदान गऱ्यो ।

कपडा बुनाइप्रति रुचि र लगाव देखिएका कारण परियोजना माफर्त् जौमतीले कपडा बुनाइ अभ्यासका लागि दाङ जिल्लाको घोराहीमा तीन महिने ओ.जे.टी. अवसर प्राप्त गरिन् । त्यसपछिदेखि लगातार उनी कपडा बुन्ने काममा लागेकी छिन् । जौमतीले परियोजना र वडा नं.२ को सहकार्यमा एक थान हाते तान, र वार्पिङ मेसिन सहयोग पाएकी छिन् । त्यसैगरी परियोजना र घरेलु तथा साना उद्योग कार्यालय, बझाङको सहकार्यमा ७५ दिने कपडा बुनाइका लागि खाजा खाना सहयोग पाएकी छिन् ।

जौमतीले कपडा बुन्ने कामबाट जम्मा २७ हजार रुपैंया आर्जन गरेकी छिन् । अल्लोको लोकता र धागो बिक्रीबाट १४ हजार रुपैंया आम्दानी गरेकी छिन् । यस काममा उनको श्रीमानले सहयोग गर्दै आएका छिन् । परियोजनाले जौमती लगायत उनका गाउँका १२ जना युवा युवतीहरुलाई अल्लाको रेशा प्रशोधनको तालिम प्रदान गरेको छ ।

जौमतीको समूहमा अल्लोको झोला सिलाइ सम्बन्धी तालिम प्राप्त नौजना किशोरीहरुको उप-समूह पनि छ । उक्त समूहले परियोजनाको सहकार्यमा गाउँपालिका उद्योग शाखा, वडा समिति कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय बझाङले ७५ दिने झोला सिलाइ तालिम प्राप्त गरेका छिन् । सहकार्यबाटै सहयोग प्राप्त भएर हाल उनको समूहसँग दुई थान कपडा बुन्ने हाते तान, वार्पिङ मेसिन, किल्ली, र झोला सिलाइ मेसिन नौ थान र दुई थान इन्टरलक मेसिन उपलब्ध छ । जौमतीको कपडा बुन्ने उप-समूहले उत्पादन गरेको कपडा झोला सिलाइ उप-समूहको कच्चा पदार्थको रुपमा बिक्री हुने गरेको छ ।

कपडा विक्रीको कमाइले जौमतीलाई घरको खाँचो टार्न सघाउ पुग्ने गरेको छ । जौमती भन्छिन् 'यो कामबाट सधैं यसरी नै कमाइ हुने भए त सबै काम छाडेर यसै काममा लागिरहने बिचार छ ।' जौमतीले झोला सिलाइ उप-समूहमा आफ्नी बुहारी समेतलाई सहभागी गराएकी छिन् । अल्लो उद्यम उनको पारिवारिक सहकार्य पेशाको रुपमा स्थापित हुँदैगएको छ ।

*(उद्यमी जौमतीसँग परियोजना फिल्ड सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*



# मैले पैसा कमाएँ, र विश्वास पनि कमाएँ


थलारा गाउँपालिका वडा नं. १ बझाङका दिपेश ओली (वर्ष २३) प्रवासबाट फर्किएका युवा हुन् । कोभिड १९ महामारीको समयमा उनी दक्षिण भारतको एक व्यस्त होटेलमा रोजगारी गर्दै थिए । दिपेशको दैनिकी निकै कठिन थियो, आराम गर्ने समय पाउँदैनथे । कामको चाप यत्ति धेरै हुन्थ्यो कि उनले थकाइ लाग्यो, ज्यान विसन्चो भयो भन्ने फुर्सद पाउँदैनथे । कहिले त मेसिन जतिकै १८ घण्टा पनि खट्नु पर्दथ्यो । त्यति गरेर पनि घर परिवारमा दुई छाक दाल रोटीको लागि पैसा पठाउन पाउँदा उनी खुसी नै थिए ।

दुर्भाग्यवस् कोभिड १९ को महामारीका कारण बजार, होटेल सबै बन्द भयो । घर फर्किदाको कष्टकर दिनहरु सुनाउँदै उनी भन्छन् 'घर फर्किनु बाहेक कुनै उपाय रहेन । धेरैवटा बसहरु फेर्दै साह्रै कष्टकर यात्रा गरेर बल्ल बोर्डरसम्म आइपुगैं । आफूसँग भएको पैसा पनि सबै बस यात्रामा नै सिध्याएँ ।' उनी थप्छन् 'घर फर्किनेहरुको पट्यार लाग्दो लामो लाइनमा उभिदाँ भोक र तिर्खासँग निकै सहनु पर्‍यो । सिमा चेकजाँच पोष्टमा सुरक्षा प्रहरीको दुर्व्यवहार पनि भोगें । त्यसपछि फेरी घर पुग्ने बेलामा ३० दिन लामो त्रासपूर्ण क्वारेन्टाइनको बसाई अनुभव पनि गरें ।'

निकै संघर्ष भोगेर रित्तै गोजी उनी घर आइपुगे । परिवारमा हातमुख जोड्ने समस्याले दिनहरु कष्टकर बन्दै गए । पुगनपुग ४ नाली (एक रोपनी भन्दा कम) जति खेतबारीमा फलेको अन्नले उनको परिवारलाई ३ महिना पनि खान पुग्दैनथ्यो । दूध चुस्ने बालक समेत गरेर चारजनाको परिवार छ उनको घरमा । बाँच्नकै समस्याले गाउँघर, बजारमा कामको खोजी पनि गरे तर त्यसबेला दैनिक ज्यालादारी काम समेत उनले पाएनन् ।

संयोगवस, उनी एक महिने हाउस वाइरिङ व्यावसायिक सीप विकास तालिमका लागि छनौटमा परे । उनी भन्छन् 'मैले ईश्वरलाई धन्यवाद दिए, र सिर्जना परियोजनालाई पनि ।' तालिम अवधिभर एकदमै गहन रुचीकासाथ उनले सीप सिके र व्यवहारिक अभ्यासहरु धेरै राम्रो गरे । तालिमले उनमा आशा जगायो र यस क्षेत्रमा धेरै राम्रो गर्न सक्छु भन्ने आत्मविश्वास बढायो । तालिम सम्पन्न गरेको प्रमाणपत्र प्राप्त गरे लगत्तै उनले आफ्ना छिमेक र गाउँबाट हाउस वाइरिङको कामको लागि आएको अर्डरलाई स्विकार गरे । उनले आफ्ना छिमेकी ग्राहकहरुलाई हाउस वाइरिङको राम्रो सेवा दिएर चित्त बुझाए ।

उनको लगनशीलता र राम्रो काम देखेर छिमेकी वडाका गाउँहरुबाट पनि निरन्तर अर्डरहरु प्राप्त गर्न थाले । दिपेश र उनका समूहको तालिम सम्पन्न हुनासाथ गाउँपालिकामा राष्ट्रिय प्रसारण लाइनको विद्युतिकरण सुरु भयो । उनी हाउस वाइरिङको कामबाट कमाइ गरेको हिसाव लगाउँछन् 'आजको दिनसम्ममा मैले ९० वटा भन्दा धेरै घरधुरीमा हाउस वाइरिङको काम भ्याइसकेको छु । जसबाट मैले १ लाख रुपैँया भन्दा धेरै कमाइ गरिसकें । अरु पनि थुप्रै घरधुरीबाट काम आउने गरेको छ । मैले नजिकका अन्य छिमेकी गाउँपालिकाहरुबाट पनि हाउस वाइरिङ सेवाको अर्डरहरु प्राप्त गरिरहेको छु । मैले पैसा पनि कमाएँ, र साथसाथै मेरो आफ्नो गाउँ समुदायमा विश्वास पनि कमाएँ । म व्यस्त छु, र मेरो आफ्नो कामको क्षेत्रमा खुसी पनि छु ।'



दिपेश आफ्ना गाउँ समुदायको लागि एक दक्ष र काम लाग्ने जनशक्ति भएका छन् । उनी खुसी हुँदै भन्छन् 'म गर्व गर्छु कि म आफ्ना लागि रोजगारी सिर्जना गर्न सक्षम भएँ । म हरेक युवाहरुलाई सीप सिकौं र सीपयुक्त रोजगार गरौं भन्छु । सीपले बाँच्न पाउनु भनेको सिमा पारिको मजदुरी जीवन भन्दा धेरै उत्तम हुँदोरहेछ ।'

*(युवा उद्यमी दिपेशसँग परियोजना समुदाय सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*

# कपडा बुन्ने काममा निरन्तर लागिरहने सपना

वर्ष ४० की अन्जु देवी खाती थलारा गाउँपालिका बझाङकी कपडा बुन्ने सफल महिला उद्यमी बनेकी छिन् । परिश्रमी र लगनशील उनी परम्परागत तानमा कपडा बुन्ने, अल्लो धागो प्रशोधन गर्ने र विक्री गर्ने उद्यममा व्यस्त छिन् । यो उद्यमलाई निरन्तर विस्तार गर्दै लैजाने उनको सपना छ । अघिल्ला वर्षहरु उनको परिवारका लागि केही दुःख र कष्टकर थिए । कोभिड १९ महामारीमा उनका श्रीमानले भारतमा गरिरहेको मजदुरी रोजगारी गुमाए । महामारी सामान्य भएपछि मजदुरी गर्न उनका श्रीमान् पुनः भारत गए । दुईवर्ष अघिमात्र पहिरोले खेतीयोग्य जमिन लग्यो र उनको परिवारसँग नाम मात्रको जमिन बाँकी रह्यो । बाँकी रहेको जमिनमा उब्जनी हुदैन । उनको श्रीमानले मजदुरी गरेर भारतबाट पठाएको कमाइले सातजनाको जहान परिवारलाई खान पुग्दैन ।

परिवार धान्नै दुःख भएपछि अन्जु आम्दानीको विकल्पको खोजीमा थिइन् । त्यसैबेला कीआ, कोर्डेड र यू.एम.एन.को सहकार्य एवं थलारा गाउँपालिकासँगको समन्वयमा स्थानीय साझेदार संस्था प्रगतिशील युवा समाज, बझाङद्धारा सञ्चालित सिर्जना परियोजना उनको गाउँमा लागु भयो । वडा स्तरीय भेलाबाट त्यस क्षेत्रमा प्रशस्त अल्लोको कच्चा पदार्थ पाइने कुराको उजागर भयो । परियोजनाले अल्लो प्रशोधन उद्यम समूहको गठन गर्न सहजीकरण गर्‍यो र त्यसमा अन्जु पनि आवद्ध भइन् । परियोजनाले अन्जु लगायत १४ सदस्यीय उक्त समूहलाई सुरुमा १५ दिनको अल्लो प्रसोधन सम्बन्धी तालिम र त्यसपछि २२ दिनको कपडा बुनाइ सीप तालिम प्रदान गर्‍यो ।



परियोजना मार्फत् नै दाङ जिल्लाको घोराहीमा स्थापित एक अल्लो रेशा उद्योगमा अन्जुले ३ महिना ओ.जे.टी. गर्दै कपडा बुन्ने सीपमा दक्षता हासिल गर्ने अवसर प्राप्त गरिन् । गाउँ फर्किएपछि अन्जुले लगातार परम्परागत हाते तानमा कपडा बुन्दै आइरहेकी छिन् । अञ्जुले जम्मा ८९ मिटर कपडा बुनिसकेकी छिन् । जसमध्ये ४९ मिटर कपडा विक्री गरिसकेकी छिन् भने, बाँकी कपडा विक्रीमा राखेकी छिन् । कपडा बुन्ने र अल्लोको लोकता विक्री कामबाट अञ्जुले जम्मा १ लाख रुपैँया आर्जन गरेकी छिन् ।

अञ्जुकी छोरी एस.इ.ई अध्ययन सम्पन्न गरी घरमा बसेकी छिन् । पछिल्लो समय उनले छोरीलाई आफूले बुनेको कपडाबाट खादा उत्पादन गर्न उत्प्रेरित गर्दै आएकी छिन् । खादाको नमुना विभिन्न स्थानीय कार्यालयहरुमा पठाउने र माग आएको खण्डमा छोरीलाई खादा उत्पादन र बिक्री उद्यममा लगाउने उनको योजना छ । सिजन भरी अल्लोको लोकता (रेशा) संकलन गर्ने, र बाँकी समय रेशालाई प्रशोधन गरी भुवा बनाउने, धागो कात्ने, र कपडा बुन्ने उद्यममा नै लाग्ने उनको इच्छा छ । उनी भन्छिन् -'म त अब यसै पेशामा निरन्तर लागिरहने हो, तर म नपढेको मान्छे हुँ, संस्थाले अलि समय बाटो देखाउन नछाडे हुन्थ्यो जस्तो लाग्छ ।'

हाल अन्जु आवद्ध अल्लो प्रसोधन उद्यम समूहभित्र दुईवटा उप-समूह छन् -एउटा कपडा बुन्ने र अर्को झोला सिलाउने उप-समूह । अन्जु आफूले बुनेको कपडा झोला सिलाउने उप-समूहलाई पनि कच्चा पदार्थको रुपमा विक्री गर्ने गर्छिन् । उक्त अल्लो प्रशोधन समूह विधिवत् रुपमा 'मालिका भवानी अल्लो उद्यम समूह' का नाममा दर्ता भएको छ । यो उद्यम समूहसँग हाल आफ्नै दुई थान परम्परागत हाते तान सेट र नौ थान झोला सिलाइ मेसिनहरु र दुई थान इन्टरलक मेसिन उपलब्ध छन् ।

कपडा विक्रीको कमाइबाट परिवारमा खाने चामल, छोराछोरीको पढाइ खर्च, लत्ताकपडा र चाडपर्वको खर्चमा अन्जुलाई सहयोग पुग्ने गरेको छ । अन्जुले कपडा बुनाइ कामबाट आम्दानी हुँदै गएपछि भारतमा मजदुरी गर्दै गरेका उनका श्रीमान्लाई पनि घर बोलाएकी छिन् । श्रीमान्ले पनि उनको उद्यममा साथ र सहयोग दिने गरेका छन् । उनी भन्छिन् 'यो कपडा बुन्ने काममा लागि हालियो अब यसैबाट घर चल्ने गरी कमाइ गर्ने र दुबैजना सँगै मिलेर काम गर्ने योजना छ । यतिसम्म आइपुग्नका लागि सिर्जना परियोजनालाई गरेको सहयोगका लागि धन्यवाद दिन चाहन्छु ।'

# मेहनत र संघर्ष नै सफलताको मूल ढोका

मिना कुमारी चन्द (वर्ष २६) थलारा गाउँपालिका वडा नं. ८ की एक सफल सिलाइ उद्यमी हुन्। उनको घरमा १२ जनाको जहान परिवार छ। घरबारीको थोरै उत्पादनले उनको परिवारलाई वर्षभरि खान पुग्दैन। मिना श्रीमान्सँग सिमापारि भारतमा ज्याला मजदुरी गर्न गइन्। मजदुरीको सिमित कमाइबाट उनको परिवारको गुजारा मुस्किलले चलेको थियो। तर कोभिड १९ को महामारीले गर्दा उक्त मजदुरी पनि बन्द भयो, त्यसपपछि उनी नेपाल फर्किए।

मिना नेपाल त फर्किन् तर गाउँघरमा तत्काल अरु कुनै रोजगारीको उपाय थिएन। परिवारको जिविका चलाउन थप कठिन भयो। मिनाले आयआर्जनको उपायहरु खोजिरहिन्। उनले किशोरी छदैं सिलाइको तालिम सिकेकी थिइन्, तर मेसिन किन्ने पैसा नभएकाले सिकेको सीपलाई व्यावसायको रुप दिन सकेकी थिइनन्। उनी भन्छिन् -"भारतमा मजदुरी गरेको पैसा बचाउने र सिलाइ मेसिन किनेर गाउँमा सिलाइ पसल चलाउने मेरो योजना थियो तर कोभिड १९ महामारीका कारण रोजगारी गुमाएर नेपाल फर्कनु परेको कारण त्यो हुन सकेन।"

जहाँ इच्छा त्यहाँ उपाय भने झैं मिनाले गाउँमा सञ्चालित बचत समूहबाट ऋण लिइन्। एउटा मेसिन खरीद गरिन् र सिलाइ व्यावसाय सुरु गरिन्। सिलाइ उद्यमीको रुपमा स्थापित हुन, ग्राहकलाई सेवा र सन्तुष्टि दिन उनले निकै मेहनत र संघर्ष गरिन्। उनी भन्छिन् -"सुरुमा सिलाइ पसल खोलेर काम गर्दा थुप्रै संघर्ष गर्नुपर्‍यो तर हरेस खाइनँ। धैर्यताका साथ मेहनत गर्दै गएँ र विस्तारै सबैको विश्वास जित्न सफल भएँ।" मिनाको व्यावसाय राम्रो चलेको देखेर गाउँका किशोरीहरु उनीसँग सिलाइ सिक्न इच्छुक देखिन थाले। उनलाई पनि तालिम दिन पाए तालिम शुल्कबाट पनि थप कमाइ हुन्थ्यो भन्ने मनमा लागिरह्यो, तर आफूसँग एउटा मात्र मेसिन भएकोले त्यो काम सम्भव थिएन।

त्यसै समय थलारा गाउँपालिकामा प्रवासबाट फर्किएका र युवाहरुलाई स्थानीय रोजगारी सृजना गर्न सहयोग पुर्‍याउने उद्धेश्यले सिर्जना परियोजना सञ्चालनमा आयो। मिना पनि परियोजनाको सामुदायिक परिचालन प्रक्रियामा सहभागी भइन्। उनले परियोजनाको सहयोगमा एक एक थान सिलाइ मेसिन, इन्टरलक मेसिन, आइरन प्राप्त गरिन्। इन्टरलक मेसिन र कोइलाबाट चल्ने आइरनले ग्राहकलाई थप सन्तुष्टि दिन थालेपछि उनको कमाइ पनि बढ्न थाल्यो। सिलाइ मेसिन प्राप्त गरेपछि उनले तालिम दिने काम पनि सुरु गरिन्। मिना भन्छिन् "मेसिन सहयोग पाएपछि सिलाइ तालिम पनि सुरु गरें। अहिले म तालिम दिन सक्ने प्रशिक्षक पनि भएकी छु। तालिम शुल्कबाट थप आयआर्जन समेत भएको छ र चाहिएको बेला काम लाग्ने कामदार जनशक्ति पनि तयार भएको छ।"

परियोजनाले स्थानीय एफ.एम.मार्फत् उनको सिलाइ उद्यमको गुणस्तरीय सेवा सुविधाको प्रचारप्रसार गर्न सहयोग पुर्‍यायो। वित्तीय साक्षरता कक्षामा उनलाई सहभागी गरायो र व्यावसायिक कर्जा प्रक्रियामा सहजीकरण गर्‍यो। मिना भन्छिन् -"मैले लघुवित्त संस्थासँग व्यावसायिक कर्जा लिएँ र लगानी गरें। यो लगानीले मेरो उद्यमको स्तर उन्नति गर्न र थप कमाइ गर्न मदत पुगेको छ।"

मिनाले सात जना किशोरीहरुलाई मासिक शुल्क लिएर सिलाइ तालिम सिकाइरहेकी छन्। तालिम शुल्क र सिलाइ व्यावसायबाट गरी उनले न्युनतम मासिक २१ हजार आम्दानी गर्दै आएकी छिन्। गाउँघरमा नै बसेर यति कमाइ गर्न सकेकोमा उनी र उनको परिवार खुसी छिन्। सिलाइ व्यावसायको आम्दानीबाटै उनले छोरालाई गाउँकै नीजि विद्यालयमा पढाउन सकेकी छिन्, कर्जाको मासिक किस्ता चुक्ता गर्दैआएकी छन्, र समूहमा मासिक पाँचसय रुपैंया समेत बचत गर्छिन्। उनले उद्यमको कमाइबाटै जीवन विमा समेत गरेकी छिन्। मिना परिवारमा कमाइ गर्ने घरकी मुख्य व्यक्ति भएकी छन्। उनले घरपरिवारको निर्णयहरुमा पनि नेतृत्व लिन थालेकी छिन्। उनका श्रीमान्ले उनलाई व्यावसाय सञ्चालन र घरायसी कामकाजमा सहयोग गर्ने गरेका छन्। मिनाको सफलता देखेर उनका छरछिमेकीहरु भन्छन् "महिलाहरुले अवसर पाए उद्यमी बनेर परिवार धान्न सक्ने रहेछन्, र परिवारमा उन्नती गर्न सक्ने रहेछन्।"

आफ्नो गाउँछिमेकमा अझै धेरै महिलाहरुलाई सीप सिकाउने र स्वरोजगार बनाउने उनको योजना छ। उनी भन्छिन् - ""महिलाहरुले आफै कमाइ गर्ने भएपछि घरपरिवारबाट माया पाइन्छ र गाउँले छिमेकीबाट इज्जत पाइन्छ।" सीप परीक्षणको प्रमाणपत्र हासिल गर्ने, सिलाइका थप नयाँ डिजाइनहरु आफू पनि सिक्ने र अरुलाई पनि सिकाउने उनको आगामी योजना छ। मिना आफूलाई चाहिएको समयमा परियोजनाले सहयोग गरेकोमा औंधी खुसी छिन्।

*(महिला उद्यमी मीनासँग परियोजना समुदाय सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*



# सिलाइ व्यावसाय सुरु गरेपछि आत्मनिर्भर बन्दै

बझाङ जिल्ला थलारा गाउँपालिका वडा न ७ बस्ने बर्ष २४ की कलावती भुल सिलाइ उद्यमी हुन् । कक्षा १२ उर्तिण गरेकी कलावतीका ससुरा भारतको नयाँ दिल्लीमा चौकीदारी काम गर्थे । तर कोभिड १९ महामारीका कारण उनका ससुरा गाउँ फर्किएपछि परिवारको जिवीका साह्रै गाह्रो भएको थियो । उनको परिवारसँग भएको जम्मा दुई नाली (पुगनपुग आधा रोपनी) जमिनमा उत्पादन भएको अन्नले छ जनाको परिवारलाई तीन महिना पनि धान्दैनथ्यो । उनका श्रीमान् भरखरै नेपाल प्रहरी सेवामा प्रवेश गरेका थिए तर तालिम अवधिमा भएकाले श्रीमानले घरपरिवारमा पैसा पठाउन सक्दैनथे । कलावतीसँग सिलाइ सम्बन्धी सीप भएपनि केही गर्न सकेकी थिइनन् । उनी भन्छिन् -'घरमा साँझ विहान छाक टार्ने समस्या थियो । त्यसैले मैले व्यावसाय सुरु गर्ने आँट गर्न सकिरहेकी थिइनं ।'

सिर्जना परियोजनाले स्थानीय सरकारसँग बजेट सहकार्य गरेर युवा रोजगारी सिर्जना गर्ने क्रममा वडा नं.७ को बजेट लगानीमा विपन्न महिलाहरुलाई दुई महिने सिलाइ कटाइ तालिम सञ्चालन गर्‍यो । यस तालिमका लागि वडा कार्यालयले कलावतीलाई प्रशिक्षकको रुपमा काम गर्ने अवसर प्रदान गर्‍यो । यही अवसरले उनको उद्यमी यात्राको ढोका खुल्यो । हाल उनी सिलाइ उद्यमीका रुपमा स्थापित भएकी छिन् । उनी भन्छिन्-'मैले प्रशिक्षक भएर दुई महिना काम गरेको पारिश्रमिकले जस्तापाताको टहरो निर्माण गरेँ र सिलाइ व्यावसाय सुरु गरेँ । परियोजनाबाट एक थान इन्टरलक मेसिन पनि सहयोग पाएँ । वडा कार्यालय र परियोजनाको यही सहयोगले म उद्यमीका रुपमा उभिन सकेकी हुँ ।'

हिजोआज कलावतीले कपडा सिलाइ व्यावसायबाट औसत मासिक आठ हजार देखि १२ हजार रुपैंयासम्म कमाइ गरिरहेकी छिन् । सिलाइबाट भएको आम्दानीले घरपरिवारको दैनिकी खर्च, बच्चाको पोषण र औषधी उपचार खर्च गर्न उनलाई सजिलो भएको छ । आफ्ना लागि चाहिने खर्च आफैं कमाउन थालेपछि कलावतीमा आत्मविश्वास पलाएको छ । उनी भन्छिन् -'अब आफूलाई चाहिने सानातिना खर्चका लागि घरपरिवारसँग हात थापिराख्नु पर्दैन । म आफूले आफ्ना लागि यतिसम्म गर्न सक्नु पनि परिवारका लागि सहयोग नै हो भन्ने लागेको छ ।' कलावतीले व्यावसाय सुरु गरेपछि समुदायलाई पनि सिलाइ सेवा सुविधा पुगेको छ । सिलाइ व्यावसायलाई थप व्यवस्थित गर्दै लैजाने उनको योजना रहेको छ ।

*(उद्यमी कलावतीसँग परियोजना अधिकृत बल बहादुर ओडले गरेको कुराकानीमा आधारित)*



# गाउँमै रोजगार बन्न सक्नु नै परिवार सुख

बझाङ जिल्ला थलारा गाउँपालिका वडा नं. ४ गढीगाउँ निवासी वर्ष ३८ का पदम बहादुर बोहरा तरकारी कृषक उद्यमी हुन् । कक्षा ८ सम्म अध्ययन गरेका पदम भारतको नयाँ दिल्लीमा होटल मजदुरी काम गर्ने गर्थे । होटेलमा उनी ढिला रातीसम्म दैनिक १२ घण्टा काम गर्थे र थप दुई घण्टा गाडी धुने काम गर्थे । कामले थाकेर उनी कहिले कहीँ भोकै पनि सुत्ने गर्थे । काम गर्ने सीप नपुग्दा र गाली खानु पर्दा उनलाई साह्रै पीडा महसुस हुने गर्थ्यो । त्यही काम पनि कोरोनाको महामारी फैलिएपछि छाडेर उनी घर फर्किए ।

उनको घरपरिवारसँग जम्मा आठ नाली (करीव दुई रोपनी) जमिन छ । उक्त जमिनमा पनि एकातिर सिचाइ असुबिधा र अर्कोतिर बाँदर, दुम्सी लगायत जंगली जनावरका कारण अन्न उत्पादन गर्न कठिन् थियो । खेतवारीको उत्पादनले उनको परिवारका नौजनाको जहानलाई तीन महिना धान्न पनि मुस्किल हुन्थ्यो । उनी पाएसम्म गाउँमा ज्यालादारी काम पनि गर्थे तर पनि परिवारको दैनिक गुजारा हुन गाह्रो थियो । पाखोबारीमा लगाएको तरकारी बालीमा रोगकीरा लागेर निराश भएको बेला उनको सम्पर्क सिर्जना परियोजनाका सामुदायिक सहजकर्तासँग भयो । परियोजनाको सल्लाह बमोजिम उनी समूहमा आवद्ध भए । परियोजनाका जे.टी.ए.ले उनको समूहलाई दुई दिने रोगकीरा नियन्त्रण सम्बन्धी तालिम दिए । तालिमपछि उनले तरकारीका बीउबिजन सहयोग पनि प्राप्त गरे ।

पदमले काउली, बन्दा, मुला, रायो, प्याज जस्ता तरकारीहरु उत्पादन गरेर स्थानीय झोता बजारमा बिक्री गर्न सुरु गरे । उनी मासिक औसत १०/१५ हजार रुपैंयाको तरकारी बिक्रीबाट आम्दानी गर्ने गर्छन् । लगनशील र मेहेनेती पदमले परम्परागत मुढेघारमा मौरीपालन पनि गर्दै आएका थिए । मौरीपालनमा उनको चाख, रुचि साथै परिवार धान्न थप आयस्रोतको आवश्यकता देखेर परियोजनाले उनलाई गोला सहितको पाँचवटा आधुनिक मौरीघार सहयोग गरेको छ । यो सिजनमा उनले मौरीको मह बिक्री गरेर ३० हजार रुपैंया आम्दानी गरेका छन् । पदम भन्छन् 'परिवारको गुजारा चलाउन तरकारी खेती, बाखापालन, मौरीपालन र आयआर्जन हुने सबैखाले काम गर्नुपर्ने बाध्यता छ । परिवारसँगै गाउँमै बसेर गुजारा गर्नसक्नु पनि सुख हो भन्ने मलाई लाग्छ ।'

*(उद्यमी पदमसँग परियोजना सामुदायिक सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*



# अनुभव भारतमा बाख्रापालन गाउँमा

वर्ष २३ का पुष्पराज जोशी बझाङ, थलारा गाउँपालिका वडा नं.१ वस्तीका बाख्रापालन युवा उद्यमी हुन् । उनले एस.एल.सी.उर्तिण गरेका छन् । बुवाको निधनपछि घरको आर्थिक बोझ उनको काँधमा आयो । रोजगारीका लागि भारत गए । उनले त्यहाँ दैनिक १३ घण्टा होटल मजदुरी चार वर्षसम्म गरे । कोरोनाको महामारीका कारण होटल बन्द भयो र उनी घर फर्किए । अनेक दुःख झेलेर नेपालको बोर्डरसम्म आइपुगे तर फेरी क्वारेन्टाइनमा थप सास्ती काटेर उनी बल्ल घर आइपुगे ।

नेपाल फर्किएपछि जागिर खोजे तर कतै पाएनन् । उनको परिवारमा पुगनपुग २० नाली (करीव ५ रोपनी) जमिन छ तर उत्पादन प्रशस्त हुदैन । पाँचजनाको परिवारलाई मुस्किलले छ महिनासम्म खेतवारीको अन्नले धान्छ । अन्य विकल्पको रुपमा उनले व्यावसायिक बाख्रापालन गर्ने योजना बनाए । उनी भन्छन् -'भारतमा होटलको काम बन्द भएपछि एउटा ठूलो बाख्रा फाराममा काम गरें । त्यहाँ देखेर आएकोले गाउँ आएर व्यवस्थित बाख्रा खोर बनाउन सुरु गरें । खोर त निकै ठूलो हुन गयो । भारतबाट कमाएर ल्याएको पैसा सबै त्यहीँ फँस्यो र पनि पुगेन । ऋण सापटी गरेँ तर पनि फल्याक छाप्ने काम चाहिँ अधुरै थियो ।'

फराकिलो बाख्रा खोर त बनाए पुष्पले तर खोरमा राख्ने बाख्रा किन्ने पूँजी भएन । कोरोना महामारी जस्तो रोजगारी खुम्चिएको समयमा खोरमा उनले करीव ११ लाख रुपैंया लगानी फसाए तर खोरले पैसा फलाएन । आम्दानीको बाटो नभएर घर खर्च धान्न मुस्किल परेको बेला गाउँमा सिर्जना परियोजना लागु भयो । परियोजनाको सहजीकरणमा उनले आफ्नै अगुवाइमा बाख्रापालन कृषक समूह गठन गरे । परियोजनाले पुष्पलाई 'कामका लागि नगद' कार्यक्रममा सहभागी हुने अवसर प्रदान गर्‍यो । जसबाट उनले बाख्राखोरमा तख्ता विछ्याउन २० दिनको ज्याला वापत १४ हजार रुपैंया नगद कमाइ गरे । त्यसैगरी युवाहरुको सपना आदान प्रदान कार्यक्रममा उनी सहभागी भए । उनको कथा, अवस्था र योजना सुनेपछि वडा कार्यालयबाट उनले एकलाख रुपैंया बाख्रा खरीदका लागि अनुदान र गाउँपालिका पशुशाखाबाट बीउ बोका सहयोग प्राप्त गरेका छन् ।

परियोजनाले उनलाई व्यावसायिक बाख्रापालन तालिम, व्यावसायिक योजना निर्माण, वित्तीय साक्षरता सम्बन्धी अभिमुखीकरणमा सहभागी गराएको छ । त्यसैगरी पशु बीमा अनुदान सुविधा अन्तरगत १९ वटा बाख्राको बीमा गराउन सहजीकरण गरेको छ । पुष्पले बाख्रा खरीद विक्री कारोवार पनि सुरु गरेका छन् । जसबाट औसत चारलाख रुपैंया वार्षिक आम्दानी गर्छन् । बालबच्चाको पढाइ खर्च, ऋणको व्याज, घर खर्च आदि उनको व्यावसायले नै चलेको छ । उनी वार्षिक २० हजार रुपैंया आफ्नो जीवन बीमा शुल्क तिर्छन् र मासिक दुईसय रुपैंया समूहमा नियमित बचत पनि गर्छन् । हाल उनीसँग जम्मा ४३ वटा बाख्राहरु छन् भने दुईसय वटा बाख्रापालनका लागि फराकिलो काठको टाँड छापेको व्यवस्थित खोर छ । उनी भन्छन् -'यो पेशामा म खुशी छु । बैंकबाट व्यावसायिक कर्जाको प्रक्रियामा छु । खसी बोका काटेर मासु बेच्ने व्यावसाय पनि सुरु गर्ने सोंचमा छु ।'



*(युवा उद्यमी पुष्पराजसँग परियोजना सामुदायिक सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*

# मैले मौरीलाई बास दिएँ, मौरीले मेरा लागि गास दिएको छ

बझाङ जिल्ला थलारा गाउँपालिका वडा नम्बर १ चौभाडी निवासी बर्ष ४० का राजमल बि.क. मौरीपालन उद्यमी हुन् । पहिला उनी भारतमा चौकीदारी काम गर्थे । कोरोनाले उनको रोजगारी खोसेपछि उनी घर फर्किए । उनी हिजोआज गाउँमै मजदुरी काम र मौरीपालन व्यावसाय गर्दै आएका छन् । उनको परिवारसँग जम्मा आठ नाली (करीव दुई रोपनी) जमिन मात्र छ । जमिनको उब्जाउले छ जनाको परिवारलाई तीन महिना पनि खान पुग्दैन ।

गाउँ फर्किएपछि परिवार पाल्ने अन्य केही उपाय भएन । उनी ज्यालादारी, मजदुरी जे काम पाइन्छ त्यही गर्छन् । परिवारको छाक टार्न राजमलले आयआर्जनका अनेक विकल्पहरु गर्दै आएका छन् । उनले २२ वटा परम्परागत मुढेघारमा मौरीपालन गर्दै आएका थिए । एकातिर उनको मौरीपालन गर्ने सीप, अर्कोतिर परिवारको आयआर्जनमा सहयोग पुग्ने देखिएका कारण उनको माग अनुरोध प्रति सिर्जना परियोजना सकारात्मक बन्यो । राजमलले कृषक समूहको निणर्य र वडा कार्यालयको सिफारिस प्रक्रियापछि परियोजनाबाट आधुनिक मौरीपालनमा सहयोग प्राप्त गरे ।

राजमललाई परियोजनाले गोला सहितको पाँचवटा आधुनिक मौरी घार सहयोग गऱ्यो । त्यसैगरी मौरीपालनमा स्थापित विज्ञ उद्यमीको भ्रमण र प्राविधिक अनुगमनपछि आवश्यक सरसल्लाह पनि परियोजनाबाट प्राप्त गरेका छन् । उनले यस वर्षको सिजनमा ५० हजार रुपैँयाको मह बिक्री गरेका छन् । मौरीको मह गाउँघरमै विक्री हुने गरेको छ । अझ उनले सबैको माग पुऱ्याउनै सकिरहेका छैनन् । मह बिक्रीको आम्दानीले उनलाई छोराछोरी पढाउन, परिवारको गर्जो टार्न मदत पुगेको छ । उनी भन्छन् -'म दिनभरी आफ्नो काम गरिहिड्छु, मौरीले मेरा लागि मह जम्मा गरिरहन्छ । मैले उसलाई बास दिएको छु, उसले मेरा परिवारका लागि गास जुटाइ दिन्छ । म मेरा मौरीहरुलाई धन्यवाद दिन्छु ।'

राजमलका जहान परिवार पनि मौरीको रेखदेखबारे जानकार छन् । मौरीको दुश्मन चिन्दछन्, रानो मौरी चिन्दछन्, घार सफा गर्न जान्दछन् र मौरीलाई मन पर्ने फलफूलका रुखविरुवा बचाउनु पर्छ भन्नेबारे सचेत छन् । वरिपरि फलफूलका बोटविरुवा लगाएको सानो घर छ राजमलको, तर घरको पेटी र वरिपरि मौरीका घारैघारले घेरिएको छ उनको घर । मुढेघार र आधुनिक घार गरेर हाल राजमलसँग जम्मा २९ वटा घार छन् । मौरी नभाग्ने, सबै घारमा टन्न मौरी राख्ने थप उपायहरु उनले अझै सिक्नुछ । हेर्दा यस्तो लाग्छ मौरी र मान्छे ठोक्किदै हिंड्छन्, मौरीहरु राजमलकै परिवारका सदस्यहरु हुन् । आगामी दिनमा मौरीपालन व्यावसायलाई अझै विस्तार गर्ने उनको योजना रहेको छ ।



*(उद्यमी राजमलसँग परियोजना सामुदायिक सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*

# गाउँमै निन्तर रोजगारी

बझाङ जिल्ला थलरा गाउँपालिका वडा नं. ५ बस्ने बर्ष २९ का विकास सबखोली भारतमा चौकिदार काम गर्थे । उनले घरपरिवारमा ७ जनाको जहान परिवारको गुजारा चलाउन भारतबाट पैसा पठाउने गर्थे । तर कोरोना महामारीको कारण उनी चौकीदारीको रोजगारी छाडेर घर फर्किए । गाउँ फर्किएपछि ऋण कर्जा गरेर पनि उनको घरपरिवारको दैनिकी चल्न गाह्रो भयो । उनको परिवारसँग सात नाली (पुग नपुग दुई रोपनी) जमिन छ । जमिनबाट हुने उब्जाउले छ महिना टार्न मुस्किल हुन्थ्यो ।

विकाससँग काठको काम गर्ने मिस्त्रीको सामान्य सीप थियो । जसका आधारमा उनले गाउँ गाउँमा झ्याल ढोका बनाउने, घर बनाउने आदि काम गर्न थालेका थिए । उनलाई मनमा अलि राम्रो सीप सिक्न पाए हुन्थ्यो भन्ने लागिरहन्थ्यो । कतै केही अवसर पाइन्छ कि भन्ने आशाले उनी यताउता धाउने पनि गर्थे तर निराशा मात्र हात लाग्थ्यो । विस्तारै कोरोना महामारीको प्रभाव कम हुँदै गयो । उनी भारततिरै काममा फर्किनु पर्ला कि ? भन्ने सोंच बनाउँदै थिए । त्यसैबेला आफ्नो गाउँमा सिर्जना परियोजना सञ्चालनमा आएको थाहा पाए । परियोजनाको सल्लाह अनुसार उनी समूहमा आवद्ध भए । समूहको बैठक निर्णय र वडा कार्यालयको सिफारिसमा परियोजनाले उनलाई काठको फर्निचर सम्बन्धी कार्पेन्ट्री व्यावसायिक तालिममा सहभागी गरायो ।

विकास ललितपुर स्थित नेपाल युथ फाउण्डेशनद्धारा सञ्चालित ओल्गापुरी व्यावसायिक शिक्षालयबाट ३ महिने कार्पेन्ट्री व्यावसायिक तालिम प्राप्त गरेपछि गाउँमै रोजगार बनेका छन् । उनी भन्छन् -'मैले तालिममा पहिलो पल्ट आधुनिक औजार उपकरणहरु प्रयोग गरेर छिटो र राम्रो काम गर्न सिकें ।' तालिमबाट गाउँ फर्किएपछि तालिममा सिके जस्तै सुन्दर फिनिसिङ सेवा दिने रहर लागिरहन्थ्यो तर मेसिन किन्न उनीसँग पैसा थिएन । गाउँमा विद्युत जडान नभएका कारण व्यावसाय दर्ता प्रक्रियामा पनि उनलाई समय लाग्यो ।



अन्ततः उनी व्यावसाय दर्ता गर्न सफल भए र परियोजनाको सहयोगमा उनले मोडुलर मेसिन प्राप्त गरे । उनी भन्छन् 'ग्राहकहरु मसँग बजारमा पाइने जस्तै सुन्दर फिनिसिङ कामको आशा गर्दथे । बल्ल यो मेसिन पाएपछि मलाई अर्डर अनुसारको काम गर्न सजिलो भएको छ ।' मोडुलर मेसिन सहयोग प्राप्त गरेपछि उनले घरैमा काठको काम, फर्निचरको काम गरेर औसत मासिक ३० हजार रुपैंया आम्दानी गर्दै आएका छन् । आम्दानीबाट उनलाई घर खर्च चलाउन, ऋणको व्याज तिर्न, छोरा र भाइलाई स्कूल पढाउन सहज भएको छ । राम्रो काम सिकेका विकासलाई शिक्षालयले नै रोजगारीको प्रस्ताव गरेको थियो तर गाउँमै बसेर आफ्नो व्यावसायलाई निरन्तरता दिने उनको योजना छ ।

*(युवा उद्यमी विकाशसँग परियोजना समुदाय सहजकर्ता तारा प्रसाद ओझाले गरेको कुराकानीमा आधारित)*

# बुवाको पेशामा स्थापित हुँदै

बझाङ जिल्ला थलारा गाउँपालिका वडा नं. ७ ओखेडा बाडा टोलका २२ वर्षिय जीवनज्योती कटवाल १२ कक्षा उर्तिणपछि भारतको नयाँ दिल्लीमा चौकीदारी काम गर्थे । कोरोनाको महामारीको कारण भारतको रोजगारी गुमाएपछि उनी गाउँ फर्किए । उनको परिवारमा १० जनाको जहानलाई खान लाउन पुग्ने खेतीपाती छैन । उनका बुवा घरगाउँमा काठको फर्निचरको काम गर्दथे । उनले बुवाको काममा सघाउन थाले ।

महामारी सामान्य हुन थालेपछि गाउँबाट युवाहरु रोजगारीमा भारततिर फर्कन थालेका थिए । जीवनले पनि भारत फर्किने सोँच बनाइरहेका थिए । त्यसै समय उनले सिर्जना परियोजनाबाट काठको काम सम्बन्धी कार्पेन्ट्री व्यावसायिक सीप सिक्न जाने अवसरबारे जानकारी प्राप्त गरे । काठको कामबाट गाउँघरमै पनि राम्रै कमाइ हुने कुरा उनले आफ्नै बुवा भिम ओखेडाको व्यावसायबाट देखेका थिए । त्यसैले उनलाई उक्त तालिमको अवसरले आकर्षित गऱ्यो ।

परियोजनाको सहयोगमा जीवनले तीन महिने व्यावसायिक कार्पेन्ट्री तालिम प्राप्त गरे । ललितपुर स्थित ओल्गापुरी व्यावसायिक शिक्षालयमा उनले आधुनिक औजार उपकरण प्रयोग गर्न र बजार माग अनुसार फिनिसिङ फर्निचर सामाग्री उत्पादन गर्ने सीप सिके । तालिमपछि उनलाई सुन्दर र फिनिसिङ सेवा दिएर ग्राहकलाई खुसी दिने इच्छा जाग्यो तर औजार उपकरण जुटाउन उनीसँग पैसा थिएन । परियोजनाले व्यावसायिक सीप तालिम प्राप्त युवाहरुको योजना र सपना आदान प्रदान गर्न बहु-सरोकारवालाहरुको बैठक आयोजना गऱ्यो । सो कार्यक्रममा जीवनले मोडुलर मेसिन सहयोग पाए फर्निचर रोजगारीमा नै स्थापित हुन सक्ने इच्छा व्यक्त गरे ।

फलस्वरुप गाउँपालिकाको बजेटबाट परियोजना मार्फत् उनले विद्युतबाट चल्ने मोडुलर मेसिन लगायत हाते ग्राइण्डर, कटर, रन्दा, रामा जस्ता आवश्यक औजार उपकरण सहयोग प्राप्त गरे । तालिमपछि उनले गाउँघरको अर्डर र माग अनुसार काठको काम र फर्निचर सम्बन्धी सेवा दिदैं आएका छन् । संघसंस्थाको कार्यालय भवन निर्माण स्थलमा झ्याल ढोका निर्माण ठेक्का लिएर समेत कमाइ गर्दै आएका छन् । उनी औसत मासिक ४० हजार रुपैँया कमाइ गर्छन् भने गाउँका अन्य युवाहरुलाई समेत ज्यालादारीमा रोजगारी दिदै आएका छन् । आम्दानीबाट परिवारको घर खर्च र दुईजना भाइको पढाइ खर्चमा सहयोग गर्दै आएका छन् । बुवाले चलाउँदै आएको पारिवारिक पेशालाई कानूनी रुप दिइ स्थापित हुन सफल जीवन भन्छन्-'मैले तालिम पछि काष्ठ उद्योग दर्ता गरें, उद्योग सञ्चालन गर्न टहरो निर्माण गरें । बुवाको पेशालाई व्यावसायिक रुप दिन सकेकोमा म खुसी छु र बुवा लगायत मेरा घरपरिवार पनि खुसी छन् ।'

*(युवा उद्यमी जीवनज्योती कटवालसँग परियोजना कार्यक्रम अधिकृत बल बहादुर ओडले गरेको कुराकानीमा आधारित)*



# हिजोका ज्यालादारी आजका उद्योग मालिक

बर्ष ३८ का नरेन्द्र देव गिरी बझाङ जिल्ला वडा नं. ६ सेराला गाउँमा स्थापित फर्निचर युवा उद्यमी हुन् । उनले १२ कक्षासम्मको शिक्षा हासिल गरेका छन् । पढाइपछि गाउँमा कुनै रोजगारीको अवसर नपाएपछि नरेन्द्रराज भारतको नयाँ दिल्लीमा होटेलको काम गरेका थिए । कोभिड महामारी फैलिएपछि रोजगारी गुम्यो र उनी घर फर्किए ।

घरगाउँमा रोजगारी केही पाउने अवस्था थिएन । परिवारसँग भएको दुई नाली (करीव आधा रोपनी) जमिनको उत्पादनले चारजनाको परिवारलाई पुग नपुग तीन महिना मात्र खान पुग्थ्यो । त्यसैले गाउँमा जे काम पाइन्छ त्यही गर्नुपर्ने बाध्यता आयो । उनले दैनिक ज्यालादारीमा काठको काम गर्न सुरु गरे । कामकै सिलसिलामा उनले काठ चिर्ने र सामान्य फर्निचर सम्बन्धी काम सिके । त्यसै क्रममा सिर्जना परियोजनाले तीन महिने व्यावसायिक कार्पेन्ट्री तालिम दिलाउँदैछ भन्ने सूचना उनले थाहा पाए । परियोजनाको सल्लाह अनुसार उनी समूहमा आवद्ध भए । समूहको बैठक निर्णय र वडा कार्यालयको सिफारिसका आधारमा परियोजनाले उनलाई ललितपुर स्थित ओल्गापुरी व्यावसायिक शिक्षालयमा भर्ना गरायो ।

निकै लगनशील भएर उनले तालिम सम्पन्न गरे र गाउँ फर्किए । गाउँ फर्किएपछि उनले आफ्नै लगानीमा काष्ठ उद्योग स्थापना गरे । हाल उद्योगमा उनी आफू पूर्णरुपमा व्यस्त छन् भने एकजना युवालाई मिस्त्रीका रुपमा मासिक तलवमा रोजगारी दिएका छन् । उद्योगबाट उनले मासिक रुपमा औसत २० हजार रुपैँया खूद कमाइ गर्दै आएका छन् । दिन प्रति दिन उनीकहाँ कामको अर्डर वृद्धि भइरहेको अवस्था छ । नरेन्द्र भन्छन् -'काठको काममा रोजगारी राम्रै छ । कामको माग अर्डर पनि राम्रो छ र अझै राम्रो गर्न सक्छु भन्ने आत्मविश्वास छ ।'

हिजोका दिनमा ज्यालादारी काठको काम गरेका नरेन्द्र आज आफैं उद्योगको मालिक भएका छन् । काष्ठ उद्योगको सम्भावना गाउँमा पनि राम्रो देखेका र यो सीप सिकेको खण्डमा अन्यत्र पनि प्रशस्त रोजगारीको अवसर देखेर उनी यो पेशालाई निरन्तर वृद्धि र विस्तार गर्दै लैजाने योजना रहेको बताउँछन् ।

*(युवा उद्यमी नरेन्द्रसँग परियोजना सामुदायिक सहजकर्ता नरेश भण्डारीले गरेको कुराकानीको आधारमा)*



# एउटा व्यावसाय टिकाउन अर्को व्यावसाय

बझाङ जिल्ला थलारा गाउँपालिका वडा नं. ५ हाटटोल बस्ने बर्ष ३६ का राजेश बहादुर सबखोली भारतमा चौकीदारी काम गर्थे । कोभिड १९ को महामारीका कारण भारतको रोजगारी छोडेर घर फर्किए । उनको परिवारसँग भएको सात नाली (करीब दुई रोपनी) जमिनमा उब्जिएको अन्नले छ जनाको परिवारलाई मुस्किले चार महिना मात्र खान पुग्थ्यो ।

घरपरिवारको दैनिकी चलाउन उनले ऋण लिएर बंगुरपालन व्यावसाय सुरु गरे । बंगुरको दानाका लागि उनले स्थानीय खोली बजारका खाजा नास्ता पसलहरुबाट खेर गएका खाना, सागसब्जी, जुठो संकलन गरेर जोहो गर्दै आएका थिए । बंगुरको संख्या बढ्दै जाँदा सानो बजारबाट संकलन गरेको जुठोले दाना पुग्दो भएन । दानाको अभावले उनको व्यावसाय धरापमा पर्ने अवस्था आयो । दानाको व्यावस्थापन गर्न उनले कुटानी पिसानी मील सञ्चालन गर्ने सोंच बनाए र मेसिन अनुदानको खोजीमा यताउता भौंतारिए । यसै क्रममा उनी थलारा गाउँपालिकामा सञ्चालित सिर्जना परियोजनाको सहजीकरणमा गठन भएको समूहमा आवद्ध भए । समूह मार्फत् उनले कुटानी पिसानी मील सञ्चालन गर्न मेसिनको माग गरे ।

गाउँपालिकाको बजेट योगदानबाट परियोजना मार्फत् राजेशले एक थान मेसिन सहयोग प्राप्त गरे । मील सञ्चालनमा आएपछि बंगुरका लागि दानाको जोहो गर्न उनलाई सहज भएको छ । उनी ज्याला वापत प्रति के.जी. तीन रुपैंयाका दरले मात्र ज्याला लिन्छन् र भुस भने सबै जम्मा गरेर राख्छन् । उनी भन्छन् - 'मील सञ्चालनबाट एक वर्ष छ महिना पुग्ने दानाको लागि प्रशस्त धानको भुस्सा संकलन भएको छ । अहिले म दानाका लागि अरुलाई समेत भुस विक्री गर्न सक्षम छु ।' परियोजनाले मील सञ्चालन बारे स्थानीय एफ.एम. रेडियोबाट समेत प्रचार प्रसारमा सहयोग गरेको छ । मील सञ्चालनको तीन महिना अवधिमा गाउँ समाजलाई कुटानी पिसानी सेवा दिएर उनले २५ हजार रुपैंया आम्दानी गरेका छन । त्यसैगरी बंगुर बिक्रीबाट ३५ हजार रुपैंया आर्जन गरेका छन् ।

राजेशलाई मील सञ्चालनबाट प्राप्त कमाइले घरपरिवार चलाउन, ऋणको ब्याज बुझाउन, बालबच्चा पढाउन सहज भएको छ । हाल उनको खोरमा छ वटा बंगुर छन् जसबाट बार्षिक आठ लाख रुपैंया आम्दानी गर्ने लक्ष्य राखेका छन् । राजेश र उनकी श्रीमतीले मील सञ्चालन र बंगुरपालन दुबै काम भ्याउँदै आएका छन् । व्यावसाय विस्तार गरेर अरुलाई पनि रोजगारी दिने उनको सोंच रहेको छ । उनी भन्छन् - 'एउटा व्यावसाय टिकाउन अर्को व्यावसायले टेवा पुऱ्याउनु पर्दोरहेछ भन्ने सिकाइ भएको छ । म आफ्नो सिकाइबाट खुसी छु ।'



*(उद्यमी राजेशसँग परियोजना सामुदायिक सहजकर्ता नरेश भण्डारीले गरेको कुराकानीमा आधारित)*

## पारदर्शिता, जवाफदेहिता र सहकार्य सिकाइ अनुभव



कार्यक्रम, क्रियाकलापहरुका लागि छुट्याइएको बजेटमध्ये यथार्थ रुपमा कति खर्च भयो ? भनेर क्रियाकलाप समापनको समयमा सुनाउने अभ्यास सिर्जना परियोजनाले गर्दै आएको छ । यसलाई क्रियाकलापको खर्च सुनुवाई (इभेन्ट हल अडिट) भन्ने गरिएको छ । त्यसो त यू.एम.एन.र प्रगतिशील युवा समाज, बझाङको अन्य परियोजनाहरुमा पनि यो अभ्यास कायम रहेको छ । क्रियाकलाप खर्चको सार्वजनिक दुई तरिकाबाट गरिदै आएको छ । १) न्युजप्रिन्ट वा ब्राउन पेपरमा लेखेर भित्तामा टाँस गरी पढेर सुनाउने । २) बैठक रजिष्टरमा क्रियाकलाप अनुसारको खर्चको अभिलेख गरि पढेर सुनाउने ।

सामान्यतया क्षमता अभिवृद्धि सम्बन्धी क्रियाकलापहरु (तालिम, अभिमुखीकरण, गोष्ठी कार्यक्रम आदि) मा भित्तामा टाँस गरी खर्च सार्वजनिक गर्न संभव भएको छ । यद्यपी समूहमा स्थलगत रुपमा कुनै सामाग्री, औजार, उपकरण, बीउ, बिजन, प्रविधि आदि समूहलाई स्थलगत रुपमा नै हस्तान्तरण गर्नुपर्ने अवस्थामा भने, क्रियाकलाप अर्न्तगत भएको खर्च भने बैठक रजिष्टरमा अभिलेख गरी भेलामा सहभागीहरुलाई पढेर सुनाउने पनि गरिएको छ । यी दुवै खाले क्रियाकलापको विस्तृत खर्च र त्यसले ल्याएको परिवर्तन वा नतिजालाई भने, गाउँपालिका स्तरीय वार्षिक सार्वजनिक सुनुवाईमा सार्वजनिक गर्ने अभ्यास गरिदै आएको छ । प्राय:जसो क्रियाकलापको खर्च सुनुवाई कार्यक्रममा स्थानीय सरकारका प्रतिनिधिको उपस्थिति, सहभागिता रहने गरेको छ ।

विशेष: उल्लेखनीय उपकरण प्रविधि नमुना प्रर्दशनी वा हस्तान्तरण, विशेष: महत्व राख्ने प्राविधिक सीप तालिम आदि क्रियाकलापहरुको सञ्चालनका क्रममा स्थानीय वा राष्ट्रिय स्तरका संचारकर्मी वा प्रतिनिधिलाई कार्यक्रममा सहभागी गराएर समाचार सम्प्रेसण गरिदै आएको छ । परियोजनाको सामाजिक सञ्जाल समूहभित्र क्रियाकलापहरु प्रशस्त पोष्ट गरिदै आएको छ भने, संस्था (प्रगतिशील युवा समाज, बझाङ) को सामाजिक सञ्जाल र वेभसाइट पेजमा समेत परियोजना बजेट खर्च सार्वजनिक गरिएको छ ।

संस्था (प्रगतिशील युवा समाज, बझाङ) ले पालिका स्तरमा सार्वजनिक सुनुवाई गर्दा संस्थाद्धारा कार्यान्वयन गरिएका सबै परियोजनाहरुको छुट्टाछुट्टै वार्षिक खर्च तथा लक्षित समूहमा आएको परिर्वतनलाई संयुक्त कार्यक्रम आयोजना गरि गरिदैं आएको छ । सार्वजनिक सुनुवाई सम्बन्धी कार्यक्रम हुने मिति र स्थानबारे स्थानीय एफ.एम.रेडीयो मार्फत् सम्पूर्ण लाभान्वित समूह एवं सरोकारवालाहरुलाई जानकारी गराउने गरिएको छ । स्थानीय सरकार र सम्बन्धित संघसंस्था, सरोकारवाला निकायहरुलाई पत्राचार गर्ने अथवा पालिका (आई.टी. अफिसर) मार्फत् सहभागिताको लागि आमन्त्रण गर्ने गरिएको छ ।

पालिका स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रममा समेत परियोजनाको वार्षिक बजेट, क्रियाकलाप र खर्चको विवरण ठूल-ठूला अक्षरमा ब्राउन पेपरमा नेपाली अक्षरमा लेखेर भित्तामा टाँस गरी सहभागीहरुलाई पढ्ने, विश्लेषण गर्ने, प्रश्न गर्ने र प्रष्ट पार्ने अवसर प्रदान गरिदैं आएको छ । साथै, प्रिन्ट प्रतिलिपी उपस्थित सबै सहभागीहरुका हात हातमा उपलब्ध गराएर खुला स्थान (फराकिलो हल) मा सवाल जवाफ गर्ने, प्रष्ट पार्ने प्रक्रिया अपनाइदै आएको छ । कार्यक्रममा स्थानीय सरकार तथा सरोकारवालाहरुलाई भनाई राख्ने, सुझाव सल्लाहका लागि समय दिने, आएका सुझाव सल्लाहहरुलाई टिपोट गर्ने र सुधारका लागि कार्य योजना बनाएर कार्यान्वयन गर्ने समेत अभ्यास रहेको छ । परियोजनाका क्रियाकलाप र उपलब्धिहरुको स्थलगत अनुगमनमा पालिकास्तरीय योजना सल्लाहकार समिति, संचारकर्मी एवं सरोकारवालाहरुको पटक पटक अनुगमन भ्रमण हुँदै आएकोले सार्वजनिक सुनुवाई कार्यक्रममा तातो पिरो बहस, सवाल जवाफ भने हुने गरेको छैन ।

यसरी सामाजिक भेलामा वा सार्वजनिक सुनुवाई कार्यक्रममा बोल्न, भन्न असहज लागेका गुनासाहरु केही भए गुनासो पेटीकामा लेखेर खसाल्न समेत अनुरोध गरिदै आएको छ । त्यसैगरी यू.एम.एन.र साझेदार संस्थाले गरेका परियोजना सम्बन्धित क्रियाकलापहरुका गुनासोहरु टोल फ्रि नम्बर १६६००१२८११८ मा समेत सूचित गर्न सकिने जानकारी समाजिक सुनुवाईमा गराउने चलन रहेको छ । सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको बजेट, क्रियाकलाप, परिवर्तन प्रगतिहरु वा सवाल जवाफमा उठेका मुख्य मुद्धालाई सहभागी संचारकर्मीले समाचारमा प्रकाशन गर्ने चलन छ । त्यसो त संस्थाले जिल्ला स्तरमा पालिका तथा जिल्ला स्तरका सरोकारवालाहरु एवं लक्षित समूहका प्रतिनिधि सहभागीहरुको सहभागीतामा वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम हरेक वर्ष गर्दै आएको छ । एवं प्रक्रियाले यू.एम.एन.को साझेदारी सञ्चालित परियोजनागत बजेट, खर्च, परिर्वतनमा आएको प्रगतिहरु यू.एम.एन.द्वारा वार्षिक रुपमा गरिदै आएको जिल्ला स्तरीय सार्वजनिक सुनुवाईमा समेत प्रस्तुत गर्ने अभ्यास रहेको छ ।

यो समग्र प्रक्रियामा वडा समिति, गाउँपालिका र यस अन्तर्गत शाखाहरुसँगको समन्वय र बजेट सहकार्यमा गरिएका क्रियाकलापहरु साथै घरेलु तथा साना उद्योग कार्यालय, बझाङसँगको सहकार्यमा गरिएका खर्च र उपलब्धीहरुको समेत सार्वजनिक सुनुवाई गर्ने गरिएको छ । यसरी यू.एम.एन.एवं स्थानीय सरकारसँगको साझेदारीमा कार्यान्वयन गरिएका प्रत्येक परियोजनामा पारदर्शिता र जिम्मेवारी बहनलाई कायम गरिएको छ । संस्था र परियोजनाका यी अभ्यास, प्रक्रियाद्धारा सम्बन्धित लक्षित समूह लगायत सम्पूर्ण सरोकारवालाहरुको सु-सूचित हुन पाउने अधिकारलाई समेत सम्मान गर्ने प्रयासहरु गरिदै आएको छ ।

परियोजनाहरु कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता सिकाइ योग्य भएकै फल स्वरुप संस्थाले सिर्जना परियोजनाको बजेट अतिरिक्त थलारा गाउँपालिका र घरेलु तथा साना उद्योग कार्यालय, बझाङबाट आ.व.२०७८/०७९ मा पाँचलाख रुपैंया र आ.व.२०७९/०८० जम्मा २१ लाख नौहजार रुपैंया गरी जम्मा २६ लाख नौहजार रुपैंया बराबरको युवा रोजगारी सिर्जनाका क्रियाकलापहरु गर्न सफल भएको छ । जसमध्ये पालिकाको पाँच लाख रुपैंया कोटभैरव कृषि सहकारी अन्तर्गत् युवा रोजगारी 'घुम्ती कोष' मा आर्थिक अनुदान रहेको छ । परियोजनाले सुरु गरेका युवा रोजगारी सिर्जना र दिगो सामाजिक उद्यमशीलताका लागि स्थानीय सरकार र सम्बन्धित निकायसँगको प्रभावकारी सहकार्य महत्वपूर्ण हुँदो रहेछ भन्ने सिकाइ अनुभव भएको छ । पारदर्शिता, जवाफदेहिता र सहकार्यका लागि हामीले आधार तयार गरेका छौं । आउने दिनमा निश्चित रुपमा हामी दिगो युवा रोजगारी सिर्जनामा अझ प्रगति गरेर जान सक्नेछौं भन्ने कुरामा आत्मविश्वास पलाएको छ ।



बल बहादुर ओड
*सिर्जना परियोजना अधिकृत*
*प्रगतिशील युवा समाज, बझाङ*

# दिगो युवा रोजगारी सिर्जना र आगामी मार्गचित्र



कोभिड १९ को महामारीका कारण बझाङ जिल्लाका थुप्रै पालिकाबाट कामको खोजीमा प्रवासिएका हजारौं युवाहरु गाउँघर फर्किए। जसमध्ये थलारा गाउँपालिका प्रवासबाट गाउँ फर्किने युवाहरुको उच्च जनसङ्ख्या भएको पालिका हो। यहाँको स्थानीय अर्थतन्त्रमा खासगरी सिमाना पारि भारतमा रोजगारी गर्न जाने युवाहरुको कमाइले मुख्य भूमिका खेलेको छ। युवाहरुका लागि रोजगारीको सिर्जना गर्नु राजनैतिक दलहरुको चुनावी एजेण्डा पनि हो। स्थानीय सरकारले नीति तथा कार्यक्रममा समेत कृषि तथा पशुपंक्षी क्षेत्रमा बजेट विनियोजनलाई प्राथमिकता दिदैं ल्याएको पनि छ। भैंसीपालन, बाख्रापालन, मौरीपालन, कुखुरापालन, तरकारी खेती, फलफूल खेती आदिमा स्थानीय सरकारको लगानी हुँदै आएको छ।

कोभिड महामारीमा प्रवासमा रोजगारी गुमाएर फर्किएका बेरोजगार युवाहरुलाई रोजगारमूलक काममा आवद्ध गराउन र स्थानीय विकासमा युवाहरुलाई सहभागी गराउन तत्काल जरुरी देखियो। यसै कुरालाई मध्यनजर गर्दै यू.एम.एन.सँगको साझेदारीमा प्रगतिशील युवा समाज, बझाङले थलारा गाउँपालिकामा सिर्जना परियोजना कार्यान्वयन सुरु गऱ्यो। सुरुमा जम्मा ७९० घरधुरीका युवाहरु प्रवासबाट फर्किएको तथ्याङ्क सङ्कलन भए तापनि सो तथ्याङ्क अध्यावधिक भइ नौवटै वडाहरुमा गरी १२ सय भन्दाबढी घरधुरीका १६५६ सय जनामा परियोजनाको सेवा पुगेको छ। परियोजनाको तीन वर्षको अवधिमा करीव ४६ प्रतिशत महिला र करीव २९ प्रतिशत दलित समुदायका युवा, करीव एक एक प्रतिशत एकल महिला र अपाङ्गता भएका परिवार सदस्यहरुलाई रोजगारी सिर्जना क्रियाकलापमा समेट्न सफल भएको छ।

परियोजना सञ्चालन गर्ने क्रममा स्थानीय सरकार, सम्बन्धित निकाय एवं सरोकारवालाहरु, नागरिक समाज, संचार क्षेत्र, नीजि क्षेत्र र समुदाय स्तरका समूहहरुसँग प्रत्यक्ष समन्वय र सहकार्य गर्ने परिपाटी रहेको छ। परियोजनाको सुरुवाती चरणदेखि, सूचाङ्कमा आधारित संयुक्त अनुगमन मुल्याङ्कन क्रियाकलाप हुँदै वार्षिक समिक्षा कार्यक्रमहरुमा स्थानीय सरकार, लक्षित समुदाय एवं सरोकारवाला निकायहरुको प्रत्यक्ष सहभागिता रहने गरेको छ। प्रायःजसो परियोजना क्रियाकलापहरुमा वडा समितिको बजेट सहकार्य अथवा पालिका अन्तर्गत उद्योग शाखा, घरेलु तथा साना उद्योग कार्यालयसँग समेत बजेट सहकार्य गरेर उद्यम सिर्जनाको काम हुँदै आएको छ।

सहकार्यका राम्रा उदाहरणहरु मध्ये (१) थलारा गाउँपालिकामा पहिलो पटक तेल प्रशोधन मिल, बेसार र सिस्नु पाउडर मेसिन स्थापना भएको छ। यस कार्यको लागि गाउँपालिकाले टहरो निर्माणमा बजेट सहयोग गऱ्यो। परियोजनाले तेल प्रशोधन मेसिन सहयोग गऱ्यो भने, स्थानीय कोटभैरव साना किसान सहकारीले विद्युत मिटरबक्स जडान गरी तेल मिललाई सञ्चालनमा ल्याएको छ। तेल मिल नियमित सुचारु गर्न हाल सहकारी एवं गाउँपालिकाले निरन्तर ट्रान्समिटर जडान गर्न प्राधिकरणमा पहल गरिरहेको अवस्था छ। (२) थलारा गाउँपालिकामा पहिलो पटक अल्लोको धागोबाट कपडा बुन्ने र झोला सिलाइ सम्बन्धी सीप तालिम सञ्चालनमा वडा नं.२, गाउँपालिका उद्योग शाखा र घरेलु तथा साना उद्योग कार्यालय, बझाङसँगको बजेट सहकार्य रह्यो। (३) वडा र गाउँपालिकाबाट परियोजनाको तीन वर्षको अवधिमा २६ लाख नौ हजार रुपैंया (परियोजना बजेट बाहेक) निकासा भई माछापालन, राइस मिल, सिलाइ तालिम, आरन (आफर) व्यावसाय, काठ काट्ने साइजर मेसिन सहयोग, सामुदायिक होमस्टे सुरुवात्, युवा उद्यमी 'घुम्ती कोष' आदि सहयोगबाट युवा रोजगारी सिर्जनामा थप टेवा पुगेको छ।

गाउँपालिकाद्धारा आवश्यकता पहिचान गरी परियोजनासँग सहकार्य गरेर युवा रोजगारी सिर्जनामा गर्नुपर्ने अन्य थुप्रै कामहरु छन् जस्तैः (१) साप्ताहिक हाट बजार स्थापना, (२) पञ्च वर्षीय युवा रोजगारी योजना निर्माण, (३) कृषि एम्बुलेन्स र सङ्कलन केन्द्र सञ्चालन, (४) बजार मागमा आधारित नगदे कृषिबाली प्रर्वधन (५) व्यावसायिक सीप सिकेका युवाहरुलाई रोजगारीमा आवद्धता गर्न आर्थिक अनुदान (subsidy) कार्यक्रम, (६) बाख्रापालन सहकारी स्थापना (७) मौरीपालन सहकारी स्थापना, (८) अल्लो तथा प्राकृतिक रेशा प्रशोधन सम्बन्धी उद्यम, (९) वर्षे आलु खेती प्रर्वधन, (१०) पर्यटन प्रवर्द्धन एवं सामुदायिक होमस्टे व्यावस्थापन, (११) बिक्री कक्ष (कोशेली घर) व्यावस्थापन, (१२) उद्यमी युवाहरुलाई सहुलियत व्याजदरमा व्यावसायिक बैंक कर्जा दिलाउने, र (१३) युवा रोजगारी सम्बन्धी गाउँपालिकामा तथ्याङ्क सूचना बैंक (सफ्टवेयर) व्यावस्थापन आदि ।

उल्लेखित मुख्य कामहरुमा सहकार्य प्रभावकारी भएको खण्डमा रोजगारीको अवसर खोज्दै गाउँबाट युवाहरु विदेशीने सङ्ख्यामा कमी ल्याउन सकिन्छ भने, प्रवासिएका युवाहरु समेत गाउँघर फर्किएर स्थानीय रोजगारी सिर्जनामा लाग्न उत्प्रेरित हुनेछन् भन्नेमा कुनै दुई मत छैन ।

लवराज जोशी

कार्यकारी निर्देशक

प्रगतिशील युवा समाज, बझाङ

# प्रगतिशील युवा समाज

**प्रगतिशील युवा समाजको छोटो परिचयः**

प्रगतिशील युवा समाज एक गैर सरकारी, गैर मुनाफामुलक र गैर धार्मिक संस्था हो । सामाजिक विकासको भावना जागृत भई युवाहरुको समूहले तत्कालीन रिठापाटा गा.विसको वारील भन्ने ठाउमा माइक्रो हाइड्रो स्थापनाका लागि यूवा समूहले एक सुशासित संस्थाको आवश्यकता महसुस गरेको थियो । २०५९ सालमा युवा समूह गठन गरि संगठित भई कार्यगर्दै आईरहेकोमा वि.सं. २०६० (2004 A D) मा प्रगतिशील यूवा समाज (पी.वाइ.एस.) नामले बझाङ जिल्ला प्रशासन कार्यालयमा दर्ता भई नेपाल सरकारवाट स्वीकृति प्राप्त गरेको एक गैर सरकारी सामाजिक संस्थाको रुपमा स्थापित भएको छ । संस्थाले प्रारम्भमा २०६० सालमा जिल्ला स्वास्थ्य कार्यालयसंगको सहकार्यमा जिल्लामा संचालन हुने विशेषज्ञ शिविर संचालनमा स्वयम्सेवकको रुपमा साधारण सदस्यलाई परिचालन गरि जिल्ला स्वास्थ्य कार्यालयको जग्गा भाडामा लगेर तरकारी खेति कार्य संचालन गरिएको थियो ।

संस्थाले समतामूलक आत्मनिर्भर तथ सभ्य समाज सिर्जना गर्नको लागि स्थानीय समुदाय परिचालन सशक्तिकरण सरोकारावालासंगको समन्वय र सहकार्यका माध्यमवाट लक्षित समुदायमा स्वःरोजगार अभिबृद्धिका साथै अधिकारहरु सुनिश्चत गर्ने बझाङ जिल्लामा स्वास्थ्य, सरसफाई, बालवालिकाको समृद्धि, अपाङ्गता भएकाहरुका लागि सहयोग, महिला तथा बालबालिका, लैङ्गिक तथा आर्थिक उपार्जन, मानसिक स्वास्थ्य आदि क्षेत्रमा काम गर्दै आइरहेको छ । त्यसैगरी क्रियाकलापमा आधारित सिकाइ, विपद् जोखिम व्यवस्थापन र मौसमी बसाइसराइ एवं युवा रोजगारी सिर्जना, आदि क्षेत्रमा समेत काम गर्दै आएको छ । विभिन्न गैरसरकारी, अन्तराष्ट्रिय गैरसरकारी एवं सरकारी संघसंस्थासँग सहकार्य र साझेदारी गर्दै जिल्लाका विभिन्न स्थानीय तहका लक्षित समुदायहरुमा काम गर्दै आइरहेको छ । प्रगतिशील युवा समाज बझाङ जिल्लाको एक नगरपालिका र छ वटा गाउँपालिकामा कार्यरत रहेको छ । निकट भविष्यमा छिमेकी जिल्लालाई समेत आफ्नो कार्यक्षेत्र बनाउने योजनामा संस्था रहेको छ ।

**परिकल्पना** (Vision)

"समतामुलक आत्मनिर्भर तथा सभ्य समाजको सिर्जना"

**ध्येय** (Mission)

"स्थानीय समुदाय परिचालन सशक्तिकरण सरोकारावालासंगको समन्वय र सहकार्यका माध्यमवाट लक्षित समुदायमा स्वःरोजगार अभिबृद्धिका साथै अधिकारहरु सुनिश्चित गर्ने " ।

**लक्ष्य** (Goal)

१. "स्थानीय श्रोतसाधनको पहिचान, उचित व्यवस्थापन र प्रयोग गरी लक्षित समुदायको आर्थिक सामाजिक र शैक्षिक स्तर अभिबृद्धि गर्ने"।

२. समुदायको शशक्तिकरणका माध्यमबाट महिला, वालवालिका तथा मानवअधिकार सुनिश्चित गर्न पहल गर्ने ।

## प्रगतिशील युवा समाजद्धारा कार्यान्वयन गरेका परियोजनाहरु (वि.स.२०७१ देखि वि.सं.२०८०)

| क.स | परियोजना नाम | विषय क्षेत्र | परियोजना अवधी | परियोजना कार्य क्षेत्र | जम्मा बजेट (रु.) | साझेदारी र सहकार्य संस्था/निकाय |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक स्वास्थ्य परि योजना | स्वास्थ्य | वि.सं.२०७१ - वि.सं.२०७६ | थलारा गाउँपालिका | 1,85,82,582 | यू.एम.एन. |
| २ | अपाङ्गता भएका बालबालिकाहरुको एकिकृत व्यवस्थापन कार्यक्रम | अपाङ्गता | वि.सं.२०७१- वि.सं. २०७९ | खप्तडछान्ना र छविसपाथिभेरा गाउँपालिका | 19,81,187 | यू.एम.एन. |
| ३ | मातृशिशु स्वास्थ्य कार्यक्रम | स्वास्थ्य | वि.सं.२०७४ - वि.सं.२०७७ | सुर्मा र मष्टा गाउँपालिका | 1,14,00,345 | यू.एम.एन. |
| ४ | मानसिक स्वास्थ्य परि योजना | स्वास्थ्य | वि.सं.२०७३ - वि.सं.२०७७ | थलारा, खप्तडछान्ना, छविसपाथिभेरा गाउँपालिका र बुगल नगरपालिका | 66,79,668 | यू.एम.एन. |
| ५ | किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य कार्यक्रम | स्वास्थ्य | वि.सं.२०७१ - वि.सं.२०७५ | छविसपाथिभेरा, केदारस्युँ, थलारा,र मष्टा गाउँपालिका | 77,54,677 | यू.एम.एन. |
| ६ | समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम | अपाङ्गता | वि.सं.२०७१ - वि.सं.२०७६ | उपचार कार्यक्रम जिल्लाभरी र परियोजना क्रियाकलाप थलारा गाउँपालिका | 2,09,78,144 | यू.एम.एन. |
| ७ | पोषण तथा उत्थानसिल जिबिकोपार्जन परियोजना | जीविकोपार्जन | वि.सं.२०७७- वि.सं.२०८० | केदारस्यू गाउँपालिका | 3,18,16,407 | वर्ल्डभिजन इन्टरनेशनल नेपाल |
| ८ | समावेशी तथा गुणस्तरीय शिक्षा परियोजना | शिक्षा | वि.सं.२०७७ - वि.सं. २०८० | जयपृथ्वी नगरपालिका, केदारस्यू गाउँपालिका | 7,63,67,536 | वर्ल्डभिजन इन्टरनेशनल नेपाल |
| ९ | बाल प्रायोजन तथा वाल संरक्षण परियोजना | बाल संरक्षण | वि.सं.२०७७ - वि.सं. २०८० | जयपृथ्वी नगर पालिका, केदारस्यू गाउँपालिका | 14,74,65,663 | वर्ल्डभिजन इन्टरनेशनल नेपाल |
| १० | क्रियाकलापमा आधारित सिकाइ परियोना | शिक्षा | वि.सं.२०७७ - वि.सं.२०८० | थलारा गाउँपालिका | 3,27,07,376 | थलारा गाउँपालिकाको रु.१२,८०,०००। समेत |
| ११ | सिर्जना परियोजना | जीविकोपार्जन | वि.सं.२०७७- वि.सं.२०८० | थलारा गाउँपालिका | 2,65,50,757 | थलारा गाउँपालिका २६,० ९,०००, घरेलु तथा साना उद्योग रु. २,७०,००० समेत |
| १२ | विपद् जोखिम व्यवस्थापन परियोजना | विपद् जोखिम न्युनिकरण | वि.स.२०७९- २०८० | थलारा गाउँपालिका | 1,15,31,919 | थलारा गाउँपालिका रु ६,३९,०००। समेत । |
| | **जम्मा रु** | | | | **44,38,16,261** | |

## सिर्जना परियोजना क्रियाकलाप र उपलब्धी :

कोभिड १९ महामारी प्रकोपका कारण प्रवासबाट फर्किएका, बेरोजगार युवा तथा तिनका परिवार सदस्यहरुलाई स्थानीय स्तरमा नै रोजगारी सिर्जना गरी जीविकोपार्जन र खाद्य सुरक्षामा सहयोग पुऱ्याउने उदेश्यले 'सिर्जना परियोजना' थलारा गाउँपालिकामा सञ्चालित छ । दातृ संस्थाहरु KiA, कोर्डेड र यूनाईटेड मिसन टु नेपालको सहकार्य र प्रगतिशील युवा समाज, बझाङको साझेदारी एवं थलारा गाउँपालिकासँगको समन्वय एवं सहकार्य रहेको छ । कोभिड १९ महामारीको कारण प्रवासमा रोजगारी गुमाएर गाउँ फर्किएका युवाहरुलाई स्थानीय रोजगारी सिर्जनामा सहयोग र सहजीकरण गर्नु परियोजनाको मुख्य उद्धेश्य रहेको छ ।

परियोजनाले उच्च मूल्य र छिटो प्रतिफल दिने कृषिमा आधारित व्यावसाय, प्रकोप सामना एवं जलवायु अनुकूलनमा आधारित कृषि एवं गैरकृषिमा आधारित सामाजिक उद्यमशीलता विकासमा मदत गर्दैआएको छ। जसका लागि युवाहरुलाई व्यावसायिक सीप प्रदान गरी स्थानीय रोजगारी सिर्जनामा योगदान गर्दै आएको छ ।

## सिर्जना परियोजना कार्यक्रम र उपलब्धी विवरण (२०२०-२०२३)

| परियोजना | क्रियाकलाप | बजेट खर्च (रु.) | नतिजा /उपलब्धी |
|---|---|---|---|
| **उद्धेश्य १ छिटो प्रतिफल र उच्च मूल्यदिने कृषिमा आधारित रोजगारीको अवसर तथा जीविकोपार्जनको उपायहरुमा सहयोग गर्ने ।** | | | |
| कृषिमा आधारित छिटो प्रतिफल र उच्च मूल्य दिने उद्यमी व्यावसायीहरुलाई कृषी सामग्री, उपकरण, प्रविधी सहयोग । | ❖ कुखुरापालन<br>❖ मौरीपालन<br>❖ आलु खेती<br>❖ तरकारी खेती<br>❖ अदुवाखेती<br>❖ बेशार खेती<br>❖ बाख्रापालन | ४५,७९,७५४.०० | ❖ ४० जनाले कुखुरापालनबाट एक वर्षमा कुल २५ लाख रुपैंया आम्दानी गरेका छन् ।<br>❖ १ जना युवा उद्यमी चल्ला तथा दाना स्थानीय सप्लार्यस स्थापित भएका छन् ।<br>❖ ८ जनाले मौरीपालनबाट बार्षिक १५ हजार देखि ४८ हजारसम्म आम्दानी गरेका छन् ।<br>❖ ८४ जनाले वर्षे आलुखेतीबाट कुल ४ लाख ३८ हजार ८५० रुपैंया आम्दानी गरेका छन् ।<br>❖ १८ जनाले प्लाष्टिक टनेलमा काँका, गोलभेडा आदि उत्पादन गरी बार्षिक १५ हजारदेखि ७५ हजार रुपैंयासम्म आम्दानी गरेका छन् ।<br>❖ ७७ जनाले सिजन अनुसारका तरकारी उत्पादन गरी विक्री गरेर १२ हजारदेखि ६५ हजार रुपैंयासम्म आमदानी गरेका छन् ।<br>❖ २२ जनाले अदुवा, वेसारखेतीबाट बार्षिक १० हजारदेखि २२ हजार रुपैंया आम्दानी गरेका छन् ।<br>❖ १५ जनाले कागती खेती गरेका छन् ।<br>❖ २० जनाले बाख्रापालन व्यावसाय गरेका छन् । जसमध्ये १० जनाले बाख्रा विक्री गरेर १६ लाख, ३४ हजार रुपैंया आम्दानी गरेका छन् ।<br>जम्मा २८५ जना कृषक उद्यमीलाई कृषी सामाग्री, औजार, उपकरण, प्रविधी सहयोग भएको छ । |

| उद्धेश्य २. स्थानीय बजार मागका आधारमा युवाहरुको व्यावसायिक शिप विकासमा सुधार ल्याई रोजगारी अवसरको सृजना गर्ने । | | | |
|---|---|---|---|
| २.१. छोटो समयको प्राविधिक सीप तालिम | ❖ आधुनिक घारमा मौरीपालन तालिम<br>❖ माछापालन तालिम<br>❖ दूध संकलन र डेरी सञ्चालन तालिम<br>❖ व्यावसायिक केराखेती तालिम<br>❖ व्यावसायिक कुखुरापालन तालिम<br>❖ अलैचीखेती तालिम ।<br>❖ बाख्रापालन तालिम<br>❖ कागती र सुन्तला खेती तालिम ।<br>❖ आलुखेती तालिम<br>❖ च्याउखेती तालिम<br>❖ सामुदायिक होमस्टे व्यावस्थापन तालिम । | ५०,६४,७१७.०० | ❖ ८ जना युवाहरुले जम्मा ३० वटा आधुनिक घारमा र ९० वटा भन्दा बढी मुढेघारमा मौरीपालन गर्दैआएका छन् ।<br>❖ १० जनाले माछापलान तालिम प्राप्त गरेका छन् । (गाउँपालिकाको बजेट मार्फत् १३ युवाहरुले स-साना पोखरीमा माछापालन सुरु गरेका छन् ।)<br>❖ ३९ जनालाई दूध संकलन तथा डेरी सञ्चालन सम्बन्धी तालिम प्रदान गरिएको छ । १ जनाले (सहकारी मार्फत्) दूध संकलन र विक्री सुरुवात भएको छ ।<br>❖ २० जनाले केराखेती सम्बन्धी व्यवसायिक तालिमपछि २ हजार केराका विरुवा रोपेका छन् ।<br>❖ १६ जनाले अलैंची खेती व्यावसायिक तालिमपछि १७०० विरुवा रोपेका छन् ।<br>❖ २० जनाले व्यावसायिक बाख्रापालन तालिम प्राप्त गरेका छन् ।<br>❖ १५ जनाले व्यावसायिक कागती र सुन्तला खेती तालिम पाएका छन् । जम्मा २१ जनाले २६०० विरुवा रोपेका छन् ।<br>❖ ८४ जनाले वर्षे आलुखेतीको व्यावसायिक उत्पादन सुरुवात गरेका छन् ।<br>❖ १५ जनाले कन्ने च्याउखेती तालिम लिएका छन् । जसमध्ये ३ जनाले च्याउ उत्पादन र विक्री समेत गरेका छन् ।<br>❖ ९ जना स-साना चियापसल व्यावसायीहरुले होमस्टे व्यवस्थापन सिकाइ भ्रमण र तालिम प्राप्त गरेका छन् । जसमध्ये २ जनाले खाना र वासको व्यावस्था सुरु गरेका छन् ।<br>❖ विज्ञटोलीद्धारा स्थानीय पर्यटन गन्तव्यहरुको स्थलगत संक्षिप्त अध्ययन गराई गाउँपालिकालाई एकप्रति प्रतिवेदन पेश गरिएको छ ।<br>जम्मा २७६ जना (३ देखि ५ दिने छोटो अवधीको) सीप विकास तालिम प्राप्त गरेका छन् । |

| | | | |
|---|---|---|---|
| २.२. व्यावसायिक शिप तालिम (१ महिनादेखि ६ महिना अवधिको) | ❖ कार्पेन्ट्री (फर्निचर मेकर) तालिम<br>❖ वेल्डीङ तालिम<br>❖ हाउसवाइरीङ तथा प्लम्बिङ तालिम<br>❖ हाउसवाइरीङ तालिम<br>❖ Industrial Tailoring (गार्मेन्ट सिलाइ)<br>❖ हेभी इक्वीप्मेन्ट अपरेटर तालिम<br>❖ हलुका सवारी चालक तालिम<br>❖ आधारभुत कुक तालिम<br>❖ अल्लो कपडा बुनाइ<br>❖ अल्लोको कपडाबाट झोला सिलाइ तालिम | | ❖ ८ जना युवाले कार्पेन्ट्री तालिम प्राप्त गरी ३ जना युवाले कार्पेन्टर व्यावसायबाट मासिक २५ हजार देखि ४५ हजार रुपैंया आम्दानी गर्दै आएका छन् ।<br>❖ १० जना युवाले वेल्डीङ व्यावसायिक सीप तालिम प्राप्त गरेका छन् ।<br>❖ १२ जना युवतीहरु (दलित ८ जना) ले हाउस वाइरीङ प्लम्बिङ तालिम प्राप्त गरेका छन् जसमध्ये ४ जना (युवती) ले मासिक १२ हजार देखि १६ हजार रुपैंयाको रोजगारी प्राप्त गरेका छन् ।<br>❖ १३ जनाले हाउस वाइरिङ तालिम र १२ जनाले हाउस वाइरिङ तथा प्लम्बिङ तालिम प्राप्त गरेका छन् । जसमध्ये ५ जना युवाले बार्षिक ४५ हजार देखि १ लाख २० हजार रुपैंया आम्दानी गरेका छन ।<br>❖ ४ जाना महिलाले औद्योगिक सिलाइ तालिम लिएका छन् । २ जना बादी समुदायका महिलाहरुले सिलाइ कटाई तालिमपछि व्यावसाय सञ्चालनमा ल्याएका छन् ।<br>❖ १० जना युवाहरुले हेभिइक्वीप्मेन्ट तालिम प्राप्त गरेका छन् । जसमध्ये २ जनाले मासिक १६ हजार रुपैंया कमाइ गरेका छन् ।<br>❖ ११ जनाले हल्का सवारी चालक तालिम प्राप्त गरेका छन् ।<br>❖ २ जनाले आधारभुत कुक तालिम प्राप्त गरेकाछन् ।<br>❖ २ जना महिलाले अल्लोको धागोबाट कपडा बुन्ने व्यावसायिक तालिम प्राप्त गरी कपडा बुन्ने कामबाट ४५ हजार देखि ८७ हजार रुपैंयासम्म कमाइ गरेका छन् ।<br>❖ ९ जना महिलाले झोला सिलाइ व्यावसायिक आधार भुत तालिम प्राप्त गरेका छन् ।<br>जम्मा ९६ युवाहरुले व्यावसायिक सीप (१ महिनादेखि ६ महिना अवधीको लामो) तालिम प्राप्त गरेका छन् ।<br>कुल ३६९ जनाले व्यावसायिक सीप तालिम (छोटो तथा लामो अवधीको) प्राप्त गरेका छन् । |

| | | | |
|---|---|---|---|
| २.३.व्यावसाय सुधार तथा सञ्चालन सहयोग । | | | ❖ ६ युवाले फ्रेसहाउस सञ्चालन गरी मासिक औसत २१ हजार-३५ हजार रुपैंया आम्दानी गरिरहेका छन् ।<br>❖ २ युवाले ठेला पसल सञ्चालन गरी औसत मासिक १५ हजारदेखि २४ हजार रुपैंया कमाइ गरेका छन् ।<br>❖ १ चाउमिन उद्यमी युवाले औसतमा मासिक १५ हजारदेखि ३० हजार रुपैंया कमाइ गर्दै आएका छन् ।<br>❖ ४ जनाले सिलाइ कटाई व्यावसायबाट मासिक ८ हजारदेखि १५ हजार रुपैंया कमाइ गर्दै आएका छन् ।<br>❖ १ जनाले ग्रील उद्योग व्यावसायबाट मासिक १८ हजारदेखि २५ हजार रुपैंया कमाइ गर्दै आएका छन् ।<br>❖ २ जनाले फर्निचर तथा काठ चिरान उद्यमबाट मासिक १५ हजारदेखि २० हजार रुपैंया कमाइ गर्दै आएका छन् ।<br>❖ १ जना कुखुरा चल्ला सप्लार्यसले चल्ला तथा दाना सप्लाई व्यावसायबाट औसत मासिक २५ हजारदेखि ३० हजार रुपैंया आम्दानी गरेका छन् ।<br>❖ ७ जनाले आफर (आरन) सञ्चालन औजार उपकरण सहयोग पाएका छन् । जसमध्ये ३ जनाले मासिक औसत १५ हजारदेखि ३० हजार रुपैंया कमाइ गर्दै आएका छन् ।<br>❖ २ जनाले अल्लो कपडा बुनाइमा सहयोग पाएका छन्<br>जम्मा २७ युवा उद्यमीहरुले व्यावसाय सुधार तथा सञ्चालनमा सहयोग प्राप्त गरेर व्यावसायलाई निरन्तरता दिदै आएका छन् । |
| २.४. वित्तीय सेवामा पहुँच | ❖ वित्तीय सेवा साक्षरता ।<br>❖ घुम्तीकोष स्थापना तथा परिचालन ।<br>❖ व्यावसायिक योजना निर्माण सहजीकरण ।<br>❖ बजारीकरण सहयोग । | | ❖ ३३७ जनाले वित्तीय साक्षरता तालिम प्राप्त गरेका छन् ।<br>❖ कुल ११ लाख १२ हजार ८ सय रुपैंया (रु.५ लाख गाउँपालिका नगद योजदान) को घुम्तीकोष स्थानीय कृषी सहकारीमार्फत् स्थापना र कोष परि चालन भएको छ । जसबाट १२ जना लक्षित युवा उद्यमीले व्यावसायिक कर्जा प्राप्त गरी सिलाइ कटाई, चाउमिन, बंगुरपालन, कुखुरापालन व्यावसाय सञ्चालन गरिरहेका छन् ।<br>❖ ४२ जना उद्यमीको व्यावसायिक योजना (बैंक तथा वित्तीय संस्थाबाट व्यावसायिक कर्जा योग्य) तयारी भएको छ ।<br>(जनसेवा फाउण्डेशन समेतको सहजीकरण सहयोग)<br>❖ ३० वटा उद्यमहरुको व्यावसायिक दर्ता भएका छन् ।<br>❖ १ वटा कृषी उपज विक्री केन्द्र स्थानीय कृषी सहकारी द्धारा स्थापना र सञ्चालन हुदैआएको छ । जसबाट सहकारीका ५०१ जना कृषक सदस्यहरु लाभान्वित भएका छन् ।<br>❖ २९ वटा उद्यमीहरुको विज्ञापन स्थानीय रेडियो एफ.एम.मार्फत् प्रसारण भई प्रचार प्रसारमा सहयोग पुगेको छ । |

| ३. स्थानीय/प्रदेश सरकार, निजी तथा नागरीक समाजसँग युवा उद्यमीहरुलाई समन्वयका लागि सहयोग तथा बिहु सरोकारवालाहरुसँगको सहकार्य र युवा रोजगारीको अवसर सृजनामा सहकार्य | | | |
|---|---|---|---|
| ३.१ उद्यमशीलता, बजार र वित्तीय सेवामा पहुँच वृद्धि एवं स्थानीय विकासमा युवाहरुको संलग्नता बढाउन । | ❖ गाउँपालिका<br>❖ वडा कार्यालय<br>❖ वीमा कम्पनी<br>❖ गाउँपालिका (मेडपा शाखा )<br>❖ घरेलु कार्यालय<br>❖ सहकारी<br>❖ बैकं<br>❖ कोर्डेड प्रत्यक्ष बजेट सहयोगबाट उद्यमी सिर्जनामा भएका सहयोग । | ४१,९०,५७३.०० | ❖ गाउँपालिकाबाट २ जना युवाले ३ लाख २५ हजार रुपैंय बाखा खरिदमा अनुदान पाएका छन् ।<br>❖ वडा नं २ बाट १ जना युवाले बाखा खरीदमा १ लाख अनुदान पाएको छ ।<br>❖ वडा नं. २ बाट बाखा खरीद अनुदानमा १ लाख ५० हजार रुपैंया अल्लोको कपडा बुन्ने हाते तान सेट र झोला सिलाइ मेसिन खरीद वापत अनुदान प्राप्त गरेका छन् ।<br>❖ थलारा गाउँपालिका (मेडपा शाखा ) ९ जना युवतीले रु १ लाख ४५ हजार बराबरको अल्लोको कपडाबाट झोला सिलाइ तालिममा प्रशिक्षक सहयोग पाएका छन् ।<br>❖ घरेलु तथा साना उद्योग विकाश कार्यालयबाट ९ जना युवतीलाई १ लाख ९४ हजार रुपैंया बराबरको अल्लोको कपडाबाट झोला सिलाइ तालिममा नगद योगदान गरिएको छ ।<br>❖ सहकारी घुम्तीकोषबाट १२ जनाले रु १२ लाख रुपैंया व्यावसायिक ऋण सुविधा प्राप्त गरेका छन् ।<br>❖ बैंकबाट ५ लाख व्यावसायिक ऋण सुविधा पाएका छन् ।<br>❖ लघुवित्तबाट १० जनाले औसत ३ लाखका दरले व्यावसायिक कर्जा प्राप्त गरेका छन् ।<br>❖ वीमा कम्पनीबाट सरकारको पशु विमा अनुदान अन्तरगत २४ बाखापालक कृषकका ३५१ वटा बाखाको वीमा भएको छ ।<br>❖ कोर्डेड प्रत्यक्ष आर्थिक सहयोगबाट ६१ जनाले कामका लागि नगद अर्न्तगत् उद्यम व्यावसायको लागि पूर्वाधार तयार गरेका छन् । ५ जना युवा उद्यमीहरुले व्यावसाय सुरुवात सामाग्री, उपकरण सहयोग पाएका छन् । |
| ३.२ कृषि प्रविधि तथा सामाग्री, बजार व्यावस्थापन सहयोग | ❖ तेल मिल<br>❖ एग्रोभेट<br>❖ विक्री कक्ष,<br>❖ संकलन केन्द्र<br>❖ दूध डेरी<br>❖ सिस्नु/बेसार पाउडर मेसिन<br>❖ विज्ञापन | | ❖ थलारा गाउँपालिका र कृषी सहकारीसँगको सहकार्यमा तेलजन्य वस्तु प्रशोधन मिल सञ्चालनमा आएको छ<br>❖ स्थानिय सहकारीद्धारा कृषी उपज बिक्रीकक्ष स्थापना गरी बजारीकरणमा सहयोग मिलेकोछ ।<br>❖ गाउँपालिकाको आर्थिक सहयोगमा स्थानीय सहकारी मार्फत दुग्ध संकलन तथा मिनिडेरी सञ्चालनमा आई दुध्य तथा दुग्ध जन्य वस्तु आपुर्तिमा सहयोग मिलेको छ ।<br>जम्मा ६०० जना सहभागी । (सम्झौता लक्ष्य २५० जना) |

| ४. प्रवासबाट फर्किएका युवा र तिनका परिवारहरुलाई मनोसामाजिक परामर्श सेवा | | | |
|---|---|---|---|
| ४.१ सामाजिक मनोपरामर्श | | ३७,९४,२१३.०० | ❖ ८६१ जनाले मनोपरामर्शकर्ताद्धारा मनोपरामर्श सेवा प्राप्त गरेका छन् । (सम्झौता लक्ष्य ५०० जना) |
| ४.२ व्यावसायिक प्राविधिक परामर्श (कृषि) | ❖ तरकारी खेती (आलु, टमाटर, काँकाखेती कृषक उद्यमी प्राविधिक परामर्श)<br>❖ मौरीपालन र<br>❖ बाखापालन कृषक उद्यमी प्राविधिक परामर्श) | | ❖ २३ जनाको तरकारी खेती र ५ वटा आलुखेती समूहमा कृषि प्राविधिकको स्थलगत अनुगमन तथा प्राविधिक परामर्श प्रदान गरिएको छ ।<br>❖ ६ जना मौरीपालन कृषक उद्यमीको मौरीपालन अनुभवी उद्यमीद्धारा मौरीपालन उद्यमको स्थलगत अनुगमन र प्राविधिक परामर्श प्रदान गरिएको छ ।<br>❖ ९ वटा बाखापालन समूहमा बाखा आनुवंशिक श्रोतकेन्द्र, बुडोरका प्राविधिकद्धारा स्थलगत अनुगमन र प्राविधिक परामर्श सेवा प्रदान गरिएको छ । |
| ४.३ व्यावसायिक प्राविधिक परामर्श (गैरकृषि) | ❖ अल्लो उद्योग ।<br>❖ सिलाइ कटाई ।<br>❖ फर्निचर उद्योग<br>❖ ग्रील उद्योग<br>❖ चाउमिन उद्योग | | ❖ १ वटा अल्लो कपडा तथा झोला सिलाइ उद्यममा, ३ वटा सिलाइ, २ वटा फर्निचर, १ वटा ग्रील उद्योग र १ वटा चाउमिन उद्योगमा घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख तथा बरिष्ठ उद्यम विकास सहजकर्ताद्धारा स्थलगत अनुगमन गराई व्यावसायिक परामर्श सेवा प्रदान गरिएको छ । |
| ४.४ सफल उद्यमी वृत्तचित्र | भिडीयोग्राफी | | ❖ बाखापालनमा युवा रोजगारी सम्बन्धी वृत्तचित्र, वर्षे आलुखेतीबाट युवाहरुको आम्दानी सम्बन्धी र तेल प्रशोधन मील सम्बन्धी छोटो वृत्तचित्र तयार गरि एको छ । जसमध्ये तेलमीलको वृत्तचित्र कान्तिपुर टेलीभिजनको प्रदेश समाचारमा प्रशारण भएको छ । |
| ४.५ सफल उद्यमी कथा पुस्तक प्रकाशन | पुस्तक प्रकाशन | | ❖ ३८ जनाको युवा उद्यमीहरुको कथा छनौट गरी युवा रोजगारी सृजनाका प्रयासहरु नामक सफलताका कथा संगालो प्रकाशनको चरणमा रहेको छ । |
| जम्मा बजेट (रु.)<br>प्रसासनिक खर्च समेत ।<br>(CFP 2020-2023) | | २,६५,५०,७५७.०० | ❖ जम्मा लाभान्वित संख्या १६५६ जना ।<br>❖ ३६६ जनाले घरेलु व्यावसाय गरेर रोजगारी सिर्जना गरेका छन् ।<br>❖ ४६ प्रतिशत महिला ।<br>❖ २९ प्रतिशत दलित समुदायको सहभागिता रहेको छ ।<br>❖ १.५ प्रतिशत एकल महिलाको सहभागिता ।<br>❖ ०.१ प्रतिशत अपांगता भएको परिवारको सहभागिता रहेको छ । |

# परम्परागत पेशा जोगाउने आधार बन्दै निगालो खेती

थलारा गाउँपालिका-५, ठाडाढुङ्गाका पिरु पार्की उमेरले ७२ वर्षका भए। ढल्किदों उमेरमा पनि उनी सीप चलाएर खाइरहेका छन। निगालोका सामान बुन्नु उनको पुर्ख्यौली सीप मात्रै नभएर उनी जस्तै यो गाउँका स्थानीयको आम्दानीको गतिलो स्रोत पनि हो। पिरु मात्रै होइन, निगालोकै सामान बनाएर जीविकोपार्जन गरिरहेका यस गाउँका ३० परिवार पार्की र ८ परिवार सार्कीले यही पेशाको भरमा जीवन चलाउँदै आएका छन्। पुस्तौंदेखि निगालोकै सामानको भरमा जिन्दगी चलाइ रहेका यहाँका दलित परिवारको गरिखाने अर्को बाटो छैन। खेतीपाती गर्न जग्गा छैन। रोजगारी गर्न अरु सीप छैन। खप्तड राष्ट्रिय निकुञ्जले निगालो काट्न प्रतिवन्ध लगाएपछि निकुञ्ज फेदीमा पर्ने यो गाउँका मानिसहरुको जीविकामा समस्या आएको छ।

यहाँका ३८ परिवार दलितहरुको जीवन निगालोकै सामान बनाएर राम्रैसँग चलेको थियो। कतिपयले यही सीप बेचेर छोराछोरीलाई धनगढी र काठमाडौंमा क्याम्पस पढाउने खर्च समेत जोडेका थिए। ५/६ वर्ष पहिला निकुञ्जले निगालो काट्न कडाइ गरेपछि सबैको समस्या भएको हो। पर्याप्त निगालो पाउन छाडेपछि यहाँका स्थानीयहरु भारतमा मजदुरी गर्न थालेका छन। "निगालो हुँदासम्म यहाँका मान्छेले इन्डिया देखेका थिएनन्। घरमै बसेर एकजनाले दिन कै हजार दुईहजार कमाइ गर्थे।" स्थानीय राम पार्की भन्छन-"अचेल निकुञ्जले निगालो काट्न दिँदैन। यता रोजगारी छैन। युवा जति सबै इन्डिया कै मजदुरी गर्न गएका छन्।" निगालोको अभाव भएपछि कतिपय स्कूल र क्याम्पस पढ्ने विद्यार्थीहरु बिचैमा पढाइ छोडेर भारत गएको उनले सुनाए।

निगालोका डोको, सुप्पा (नाङ्लो), रोटी राख्ने छाप्रा (टोकरी), भकारी, पाथीजस्ता सामानहरु बुन्ने र त्यही बेचेर जीवन निर्वाह गर्ने यो समुदायको परम्परागत पेशा निगालोकै अभावमा करीव लोप हुने अवस्थामा पुगेको थियो। गाउँमा लागु भएको सिर्जना परियोजनाले निगालो रोप्न सहयोग गरेपछि भने केही आशा जगाएको छ। जसरी आफूले रोपेका निगाला टुसाउँदैछन्, झाँगिदैछन् उसैगरी आफ्नो परम्परागत पेशा लोप हुने हो की ? भन्ने चिन्तामा रहेका पार्की समुदायका युवाहरुमा आशा पलाउन थालेको छ।

यहाँका ९/१० वर्षका बालकदेखि युवा, वृद्धहरु सबैमा चोया काढ्ने र निगालोका सामान बुन्ने सीपको राम्रो अभ्यास छ। त्यसैले कच्चा पदार्थ (निगालो) को अभाव मेटाउन स्थानीयहरु निगालो खेतीमा जुटेका हुन्। खप्तड राष्ट्रिय निकुञ्जले बर्षमा एक पटक (मंसिर १० देखि १९ गतेसम्म) मात्रै निगालो काट्ने अनुमति दिने गरेको छ। एकातिर करीव तीन दिन लगाएर राष्ट्रिय निकुञ्ज वन क्षेत्रबाट निगालो काटेर, बोकेर ल्याउँदा ज्वरो आएर ज्यान थलिनु पर्ने अवस्था छ। वन्यजन्तुको आक्रमणको जोखिम र डर पनि उत्तिकै हुन्छ। अर्कोतिर, एक पटक काटेको निगालोले करीव एकडेढ महिनामात्र बुन्ने काम हुन्छ। बाँकी महिना हात खाली बस्नु पर्ने हुँदा युवाहरु भारततिर मजदुरी गर्न जानुपर्ने बाध्यता छ।

"एक पटक काटेको निगालो १५/२० दिनसम्म राम्रोसँग चल्छ। त्यो भन्दाबढी राख्यो भने चोया निकाल्नै नमिल्ने गरी निगालो सुक्छ। हामी वर्षभरी नै खाली हात बस्नु पर्छ।" स्थानीय प्रभते पार्की भन्छन्। उनी थप्छन्-"हामीले सामुदायिक वनमा पनि निगालो रोपेका छौं। हाम्रो करेसामा पनि रोपेका छौ। रोपेको निगालो राम्रै भएको छ। अबको केही वर्षमा निगालो नपाएकै कारण खाली हात बस्नुपर्ने वा भारततिर काम खोज्न जानुपर्ने समस्या हुँदैन भन्ने लागेको छ।"

यहाँ बुनेका निगालोका सामानहरु गाउँघरमै खपत हुने गरेको र माग पनि पर्याप्त रहेको छ। एउटा डोको चारसय, नाङ्लो छसय, अन्न राख्ने भकारी साइज हेरेर एकहजार देखि पाँचहजार रुपैंयामा गाउँघरमा नै बिक्री हुने गरेको स्थानीय बताउँछन्। यहाँ बुनिएका भकारीहरु प्रायः जसो हरेक घरले अन्न भण्डारणमा प्रयोग गरेका छन्। निकै खप्ने र सुन्दर देखिने निगालाका भकारीहरु कसैका त भान्सा घरभित्र धुँवाले खाएका बाउकै पालादेखि मजाले टिकेका पनि भेटिन्छन्।



सामुदायिक वनमा र स्थानीयको करेसामा गरी करीब एक सय २० झ्याँङ (करीव एक हजार बोट) निगालो रोपिएकोमा कुनै टुसाउँदैछन् त कुनै फस्टाएर झाँगिएका छन्। घोडेमेला सामुदायिक वन उपभोक्ता समितिका सदस्य गणेश पार्की बताउँछन्-"निकुञ्जलाई चाहिएको बेला निगालो काट्न दिनु पर्‍यो भनेर अनुरोध गर्दा गर्दा हामी थाकी सकेका थियौं। केही सीप नलागेर पेशा नै सङ्कटमा थियो। अबको दुई वर्षमा हामी आफैले रोपेको निगालो काट्न मिल्छ। बाँचेका झ्याङहरुबाट विरुवाहरु सारेर सामुदायिक वनका खाली क्षेत्रहरुमा हामी निगालो खेतीलाई क्रमशः फैलाउँदै लानेछौं।"

आहा, कति राम्रो ! निकुञ्जमाथिको परनिर्भता पनि घट्दै जाने र जस्तापाता वा प्लाष्टिकका भकारीहरुको बढ्दो प्रचलन पनि गाउँमा भित्रायाउन नपर्ने यो निगालो खेती र निगालो सीप हरेक दृष्टिकोणबाट उत्तम छ। हातमा सीप भएका युवाहरुको नियमित आयस्रोतमा वृद्धि हुने, युवाहरुले रोजगारी खोज्दै सिमाना पार गर्नुपर्ने समस्यामा कमी ल्याउने हुँदा निगालो खेती राम्रो कामको सुरुवात हो भन्न सकिन्छ। सामुदायिक वनका खाली जमिनमा हरियाली वातावरण कायम हुने र भूक्षय रोक्ने, बाख्राबस्तुका लागि घाँसको रुपमा पनि प्रयोग हुने आदि हरेक दृष्टिकाणबाट निगालो खेती र परम्परागत सीपलाई प्रवर्द्धन गर्नु जरुरी छ। स्थानीय सरकारको समेत यसतर्फ विशेषः ध्यान जानु आवश्यक देखिन्छ।

थप समाचार यस लिंकमा पढ्न सक्नु हुनेछ

https://ekantipur.com/pradesh-7/2021/06/27/162476494571214464

बसन्तप्रताप सिंह

(लेखक कान्तिपुर दैनिकका सम्वाददाता हुनुहुन्छ।)

# युवा बेरोजगारी र विछोडको आँशु



'जनभुल्या जन्मभूमि झल्क झल्क झल्क हिमाल,
आइगया फर्केर कठै, कर्मभूमि जहाँ भए नि
जन्मभूमि हो मेरो पश्चिम नेपाल,
वन न्याउली तम्रै लागि झल्क झल्क झल्क हिमाल
रुनाछन् पर्खेर कठै, कर्मभूमि जहाँ भए नि
जन्मभूमि हो मेरो पश्चिम नेपाल...'

सुदूरपश्चिम नेपालमा बज्ने देउडा लोक भाकाहरुमा यस्ता अनेकौं कारुणीक शब्दभावहरु प्रतिविम्बित भएको पाइन्छ । परापूर्वक( ालदेखि यस क्षेत्रका युवाहरु किशोर अवस्थादेखि नै सिमाना पारी भारतमा मजदुरी, रोजगारी गर्न जाने परम्परा बसेको देखिन्छ । छोरा इण्डिया कमाउन गएको छ भनेपछि छरछिमेकीको हेर्ने दृष्टिकोण पनि सकारात्मक बन्ने गरेको पाइन्छ । धेरैजसोका बुबा, हजुरबुबा जवानी छउन्जेल उतै कमाउन गएका थिए । त्यही भएर काका, मामा पनि उतै गएका छन् । तिनकै साथ लागेर विद्यालयको पढाइ सक्दा नसक्दा काँधे झोला भिरेर युवाहरु रात्री बस चढ्न भ्याइसक्छन् ।

यसरी घर छाडेर परदेश जानेलाई सडकसम्म बस चढाउन आउँदा बिछोडको रुवाइ असाध्यै विरक्त लाग्दो हुँदोरहेछ । विदाइको रुवाइले (खासगरी महिलाहरु) ले बसका यात्रुहरु सबैको मन अमिलो बनाउने रहेछन् । कसैका भरखर बिहे गरेकी श्रीमती, कसैका दिदीबहिनी, कसैका आमाहरु डाँको छोडेर रोएको देख्दा पहिलो पटक देख्ने सुन्ने जो कसैलाई त्यो परिस्थितिले गहिरो गरी सोंच्न बाध्य बनाउँदो रहेछ । अनि धनगढी पुग्दासम्म बस यात्राभरी देउडा लोकभाका घन्किरहन्छ ...

'सात समुद्रपारी आया, भुल्यो जनसोँची
आया बेला सम्झायाको पिरती बुझी
कर्मैले परदेशी भया के गरौँ इसैछ
वरिपरि समुद्र छ मुखीलाई देशै छ
हे...मैना तेरी सम्राइ लागन्छे ।'

कसै कसैले श्रीमतीलाई साथै लिएर जाने गर्दा रहेछन् । कतिका श्रीमान् कामकै शिलशिलामा उतै मृत्यु हुँदा कोही रित्तो ज्यान, रित्तो मन लिएर गाउँघर फर्किदा रहेछन् । बालबच्चा हुनेहरुलाई श्रीमान्को मृत्युपछि ब्रम्हाण्डै खसे जत्रो जिम्मेवारीको भारले किच्दो रहेछ । एकल महिला भएर गाउँघर र परिवारमा अटाएर बाँच्नु त्यो भन्दा ठूलो जिन्दगीको महान विजय केही हुँदैन भन्ने देखिन्छ । यसर्थ युवाहरुलाई घरगाउँमा नै उद्यमी, रोजगारी बनाउने, आफ्नै प्रेमिकाको काखैमा रमाएर हाँसीखुसी बाँच्ने, बुढा भएका बा-आमा र परिवारसँगै बस्ने अवसर कसरी सिर्जना गर्ने ? यसप्रति सबैको चासो हुनुपर्ने जरुरी छ ।

प्रकृतिका हिसाबले थलारामा साह्रै अनुकूल हावापानी छ । पानीको प्रशस्त श्रोत, ठूला ठूला जीउलाहरु, खप्तडको चिसो सिमानादेखि सेतीको किनारमा फिँजारिएका गर्मीलो फाँटसम्मको विशेषता पनि यही थलारामा छ । यहाँ के उत्पादन हुँदैन र ? एक माना चामल पकाउँदा घरै हरर बास्ना आउने हंसराज बासमती धान, औषधीय गुणले भरिपूर्ण कागुनो, मास, गहत आदि झुप्पै फल्छ । भटमास गाउँमा एक गेडा बाँकी नरहने गरी धनगढीबाट सङ्कलनकर्ता व्यापारीहरु आएर घरैबाट किनेर लैजान्छन् । तिर्कुलो, भाङो, टिमुरको अचार सुदूरपश्चिमेली स्वाद नै हो । यसको खपत र बिक्री राम्रो छ । मौरीको मह एक हजार दुईसय रुपैँयाँ प्रतिकिलो स्थानीय बजारमा नै खपत र बिक्री भइरहेको छ । वर्षे आलुको उत्पादन र बिक्री दुवै राम्रो छ ।

खसी बाखाको भाउ वर्षेनी बढिरहेको छ तथापी माग उत्तिकै उच्च छ । ब्वाइलर कुखुराको मासु देशभरीकै उच्चमूल्य यही हो कि झैं लाग्छ । यसरी हेर्दा बजारको पनि खासै समस्या छैन । घरगाउँमा नै बसेर कृषि, पशुपंक्षी, मौरीपालन, नगदेबाली, जडीबुटीजन्य उत्पादन गरेर राम्रो कमाइ गर्न सकिने अवसरहरु प्रशस्त छ । बरु मौसमी बसाइसराइका कारण घरगाउँमा टिकेर

व्यावसायिक उत्पादनमा निरन्तरता दिने धैर्यता (खासगरी युवा पुस्ताको) देखिदैन । चाडपर्वहरुमा घरगाउँ आउने र केही समय घरपरिवार, साथीभाइसँग रमाइलो गर्ने चलन छ । त्यो मौकामा खेतीपातीको काम भए सघाउने, त्यसपछि खल्ती पनि रित्तिन्छ र फेरि भारत फर्किहाल्ने प्रवृत्ति छँदैछ । फेरि पनि सडकसम्म बस चढाउन आउनेको रोदन सुरु हुन्छ । बसका यात्रुहरुको आँखाहरु रसाउँछन् । बस गुडिरन्छ, देउडा लोक भाका घन्किरहन्छ-

'पटुकी रुभ्राइ जा मूलपानी, बडकन्या धारा
हे...रुन्या मन बुझाइ जा, पुछी जा बगन्या आँसू...।'

मौसमी बसाइसराइ प्रवृत्तिले तत्कालका लागि परिवारको जीविकोपार्जन चले तापनि कालान्तरमा स्थानीय दिगो रोजगारी सिर्जना, उत्पादकत्व, आर्थिक आत्मनिर्भता र अर्थतन्त्रमा यसले नकारात्मक प्रभाव पार्दछ । महिला, बालकालिका, र बृद्धवृद्धाहरु बढी जोखिममा पर्दछन् । महिलाहरुमाथि सारा कामको बोझ थुपरिन्छ । बालबच्चा, रोगी, बिरामी, पाहुनापात, खेतीपाती, बस्तुभाउ, संस्कार, संस्कृति, समूह, सहकारी कति भ्याउने कति नभ्याउने (?) ज्यानले नधानेर थला पर्ने अवस्था हुन्छ । विकासको मूलधारमा महिलाहरुको सहभागिता हुन नसक्नु वा नाम मात्रको सहभागिता हुनुको मुख्य कारण पनि महिलाहरुको समय अभाव नै हो । त्यसैकारण घरपरिवारको साथ र सहयोग पाउने महिलाहरुले मात्रै सीप तालिम, उद्यमशीलता अवसरहरुलाई सदुपयोग गरी उद्यमी, रोजगारी बन्न सकेको अवस्था छ ।

यिनै परिवेशहरुलाई मध्यनजर गरेर स्थानीय युवा रोजगारी सिर्जना र दीगोपनको लागि सिर्जना परियोजनाद्वारा हरसम्भव प्रयास भएको छ । स्थानीय सरकार र यस अन्तर्गतका कृषि शाखा, पशुशाखा, उद्योग शाखा र रोजगार शाखा एवं वडा तहसम्मको बजेट सहकार्य र उद्यम अनुगमन कार्यमा जोड दिइएको छ । सम्बन्धित र सरोकारवाला निकायहरु घरेलु तथा साना उद्योग कार्यालय, कृषि ज्ञान केन्द्र, उद्योग बाणिज्य संघ, जिल्ला पत्रकार महासंघ आदिसँग समन्वय कायम गरिएको छ ।

लैंगिक सहभागिता तथा सामाजिक समावेशीकरणमा परियोजनाले संवेदनशील भएर काम गर्दै आएको छ । यू.एम.एन. र साझेदार संस्था प्रगतिशील युवा समाज, बझाङको लक्षित समूह भनेकै विपन्न, महिला, वालबालिका, बहिष्करणमा पारिएका, सिमान्तकृत भनिएका वर्ग, समुदाय हो । यो तीन वर्षको अवधिमा कुल १६५६ जना लक्षित युवा र तिनका परिवार सदस्यहरुमा उद्यमशीलतासम्बन्धी सीप, तालिम, उत्प्रेरणा, सुरुवाती सहयोग आदि मार्फत् स्थानीय रोजगारी सिर्जना र जीविकोपार्जनमा सहयोग पुगेको छ । यसमध्ये ४६ प्रतिशत महिला, २९ प्रतिशत दलित एवं वादी समुदाय, ०.८१ प्रतिशत अपाङ्गता भएका परिवार र १.६९ प्रतिशत एकल महिलाको सहभागिता रहेको छ ।

आर्थिक आत्मनिर्भरताको लागि, दीगो स्थानीय रोजगारी सिर्जनाको लागि युवाहरु तथा तिनका परिवारहरु उद्यमी र व्यावसायिक बन्नु जरुरी छ । स्थानीय सरकार, सम्बन्धित निकाय, नीजि क्षेत्र, नागरिक समाज र सम्पूर्ण सरोकारवालाहरुले युवा रोजगारी सिर्जनामा लगानी बढाउनु पर्ने सख्त जरुरी छ । स्थानीय उद्यम, व्यावसाय सुरु गरेका युवा र तिनका परिवारहरुमा पनि निरन्तरता एवं धैर्यता अपरिहार्य छ । यसो भएको खण्डमा हरेक दिन परदेशीने युवाहरुको बस चढ्ने लर्कोमा कमी आउँदै जानेछ र क्रमशः बिछोडका रुवाइहरु हाँसोखुशीमा परिणत हुनेछन् । आखिर घरपरिवारसँग विछोडिएर वर्षौं परदेशीने कसलाई पो मन हुन्छ र ?

'ऋणले परदेशी भया, सुदुरपश्चिम स्वर्गसरी
छाडी जन्मभूमि कठै, नछुटाउ पिरतीको डोरी
लैझाउ जनमभरी ।
आउँदैछु विसुकी घर, सुदुरपश्चिम स्वर्गसरी
विराना देश छाडी कठै, नछुटाउ पिरतीको डोरी
लैझाउ जनमभरी ।'

इन्दिरा राई
परियोजना व्यावस्थापक
यू.एम.एन., बझाङ क्लष्टर




प्रगतिशील युवा समाज
चैनपुर बझाङ
फोन नं. ९७७ ९२ ४२१३५७
pysbajhang9@gmail.lcom
www.pysbajhang.org.np